हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।



राष्ट्रिय संस्करण | विचार | आर्थिक विकासका लागि व्यापार | फुटबलका हस्ती कार्लोस नेपालमा १६

वर्ष १२४ | अङ्क ३४५ | २०८२ साल वैशाख १० गते बुधबार | वैशाख कृष्ण दशमी | नेपाल संवत् ११४५ चौलागा १० | 2025 April 23 Wednesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

विजय यात्रामा एमाले : ओली



तस्बिर : सागर बस्नेत

प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलगायत शीर्ष नेता नेपाल कम्युनिस्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागी हुनुहुँदै ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आफूसँग असहमति नभई स्वास्थ्यका कारण राजीनामा दिएको स्पष्ट पार्नुभएको छ ।

नेपाल कम्युनिस्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले मन्त्री भट्टराईको राजीनामालाई प्रधानमन्त्रीको असहयोग र उपेक्षाका कारण भनेर बाहिर गरिएको चर्चा सत्य नभएको र उहाँको स्वास्थ्यका कारण राजीनामा दिनुभएको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले आफूले भट्टराईलाई मन्त्री बनाएको, काम सिकाइराखेको र जिम्मेवारी प्रदान गरिरहेको उल्लेख गर्नुभयो । उहाँले ठुलो मन्त्रालय भएको र अहिले स्वास्थ्य ठिक नभएर राजीनामा दिनुभएको र त्यसमा अन्य प्रचारबाजी गर्नुको कुनै अर्थ नभएको स्पष्ट पार्नुभयो । उहाँले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्वास्थ्य परीक्षणका लागि बेङ्कक गएको सन्दर्भलाई पनि सरकार ढल्छ

> एमाले अस्तित्वका निम्ति लडाइँमा नभई विजय यात्रामा रहेको छ र मिसन २०८४ बाट निर्णायक राष्ट्रिय शक्तिमा रूपान्तरण भएर आउने छ ।

भन्नेखालका हल्लासँग जोड्न खोजिएको टिप्पणी गर्दै एमाले र कांग्रेससँगको सहमतिबमोजिम १५ महिनापछि आफूले सभापति देउवालाई प्रधानमन्त्री हस्तान्तरण गर्ने दोहोऱ्याउनुभयो ।

प्रधानमन्त्री ओलीले हालै आफ्नो थाइल्यान्ड भ्रमणक्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग लामो र 'बहुत राम्रो कुराकानी भएको' अवगत गराउँदै नेपालको कुनै पनि मुलुकसँग शत्रुता नरहेको र सबैसँग मित्रता रहेको स्पष्ट गर्नुभयो । उहाँले आफ्नो उमेर र स्वास्थ्यबारे कसैले चिन्ता लिनु नपर्ने बताउनुभयो । उहाँले आफू अहिले बूढो नभएको र अस्वस्थ नरहेको पनि उल्लेख गर्नुभयो ।

"कतिपयलाई मेरो उमेर र स्वास्थ्यको चिन्ता छ । अहिले म बिरामी छैन । अबको २०/२५ वर्षपछि बूढो हुन्छु । मलाई मेरो उमेर र स्वास्थ्यका कुरा गर्नु पर्दैन । केपी ओलीबिनाको एमाले कसैले कल्पना गरेको छ भने त्यो पूरा हुँदैन," उहाँले भन्नुभयो ।

एमाले अस्तित्वका निम्ति लडाइँमा नभई विजय यात्रामा रहेको जनाउँदै मिसन २०८४ बाट निर्णायक राष्ट्रिय शक्तिमा रूपान्तरण भएर आउने उहाँले घोषणा गर्नुभयो । गणतन्त्रलाई नमुनाका रूपमा स्थापित गर्दै विकास र सुशासन तथा 'समृद्ध नेपाल सुखी नेपाली' को महान् उद्देश्यप्रति नेतृत्वको दृढता र सक्रियताले पार्टी र आन्दोलनलाई कमजोर हुन नदिने पुष्टि भइसकेको उहाँले बताउनुभयो ।

राणा शासन, पञ्चायत र निरङ्कुश राजतन्त्रसँग जुध्नुका साथै सबै प्रकारका हमला हुँदा प्रमुख शक्तिका रूपमा स्थापित भएको पार्टी एमाले भएकाले कुनै पनि प्रकारको द्विविधा मनमा नलिन र आत्मविश्वास लिन पार्टीपङ्क्तिलाई प्रधानमन्त्री ओलीले अनुरोध गर्नुभयो । उहाँले समाज बिगार्ने, राष्ट्रलाई नोक्सान गर्ने शक्तिले कम्युनिस्ट आन्दोलन ध्वस्त बनाउन षड्यन्त्रकारीबाट परिचालित भएर दुईतिहाइको अवस्थामा पुगेको पार्टीलाई विभाजन गराए पनि आफूहरूले आन्दोलनलाई पुनर्गठित बनाउँदै जनताको सबैभन्दा लोकप्रिय पार्टीमा स्थापित गराएको बताउनुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो, "२०७५ मा आइपुग्दासम्म हामीले कम्युनिस्ट पार्टीलाई झन्डै दुईतिहाइको शक्तिका रूपमा उभ्याएका थियौं । नेपालको इतिहासमा यति मजबुत शक्ति यसरी जनताबाट अनुमोदित भएर देखिएको थिएन तर केही ईर्ष्यालु व्यक्ति, केही परिचालित कठपुतली, असहिष्णु र डाहा गर्नेले कम्युनिस्ट पार्टीलाई एकताबद्ध हुन दिएनन् । उनीहरूले अर्को प्रकारको नीति अख्तियार गरेर अन्ततः पार्टी फुटाए ।"

उहाँले सरकार विकास र सुशासनको बाटोमा अगाडि बढेको बताउँदै बिग्रिएको स्थितिलाई सपार्न सजिलो नभएको र तर सुधार्ने प्रयास गरिरहेको बताउनुभयो । जनतालाई बलियो बनाउन सरकारलाई बलियो बनाउन चाहेको बताउँदै उहाँले आगामी नयाँ बजेट, नीति कार्यक्रम त्यस रूपमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । जनताले लडेर ल्याएको लोकतान्त्रिक गणतन्त्र र संविधान नमान्नेलाई एक्काइसौँ शताब्दीमा श्रीपेच लगाउने र जनतालाई हुकुमी शासन दिने राजा चाहिएको उहाँको भनाइ थियो । "जनताले ल्याएको लोकतन्त्र नमान्ने, संविधान नमान्ने, संवैधानिक राजतन्त्र खोज्ने ?" राजतन्त्रको भुलभुलैमा नभुल्न अनुरोध गर्दै उहाँले भन्नुभयो, "नयाँ शक्ति भन्नेको तमासा पनि देखिइसकियो ।"

» बाँकी पृष्ठ २ मा

नेपाल–भारत अन्तरदेशीय प्रसारण लाइन बन्ने



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत् र आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा सम्झौतापत्र आदान-प्रदान गरिँदै ।

गोपालचन्द्र सुवेदी
काठमाडौँ, वैशाख ९ गते

नेपाल र भारतबिच विद्युत् आदानप्रदानका लागि अत्यावश्यक रहँदै आएका दुई प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनाका लागि मङ्गलबार हस्ताक्षर भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत् र आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कम्पनी लिमिटेडबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

ऊर्जामन्त्री खड्काको निमन्त्रणामा दुईदिने भ्रमणका लागि खट्टरसहितको प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउनुभएको छ । सम्झौतापत्रमा नेपाल विद्युत् प्राधिकरणका निर्देशक कमल आचार्य र पावर ग्रिड लिमिटेड भारतका निर्देशक डा. यतिन्द्र द्विवेदीले संयुक्त हस्ताक्षर गर्नुभयो ।

गत माघ ३० गते भारतको नयाँदिल्लीमा सम्पन्न नेपाल–भारत सचिवस्तरीय संयुक्त निर्देशक समितिको १२ औँ बैठकमा ४०० केभीको इनरुवा–न्यु पूर्णिया र दोदोधरा–बरेली प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनासम्बन्धी काम गर्ने सहमति भएको थियो । सोही सहमति अनुसार दुई प्रसारण लाइन निर्माण गर्न नेपालतर्फ स्थापना हुने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ स्थापना हुने कम्पनीमा भारतको ५१ प्रतिशत सेयर स्वामित्व रहने व्यवस्था गरिएको छ । बाँकी ४९ प्रतिशत अर्को देशको रहने छ ।

इनरुवा–न्यु पूर्णियाको लम्बाइ नेपालतर्फ करिब २५ किलोमिटर र भारततर्फ १०० किलोमिटर छ भने दोदोधरा–बरेली प्रसारण लाइनको नेपालतर्फ करिब ३५ किलोमिटर र भारततर्फ १५० किलोमिटर रहेको छ । कार्यक्रममा ऊर्जामन्त्री खड्काले दुई देशको ऊर्जा विकासमा यो सम्झौता महत्त्वपूर्ण भएको बताउनुभयो । उहाँले यी दुई प्रसारण लाइन केवल संरचना नभई आपसी विश्वास र दिगो विकासतर्फको साझा यात्रा भएको टिप्पणी गर्नुभयो ।

मन्त्री खड्काले अरुण–३, लोअर अरुण, अरुण–४, फुकट कर्णाली, अपर कर्णाली, एसआर–६ र पश्चिम सेतीजस्ता ठुला जलविद्युत् परियोजनामा भारतको निरन्तर सहयोगप्रति आभार प्रकट गर्नुभयो । कार्यक्रममा भारतका विद्युत्मन्त्री खट्टरले दुई देशबिच ऊर्जा क्षेत्रमा भएको प्रगति भारत र नेपालको गहिरिँदो सम्बन्धको द्योतक भएको उल्लेख गर्नुभयो । उहाँले सन् २०२२ मा नेपाल–भारतबिच जारी गरिएको संयुक्त दृष्टिकोणपत्रको स्मरण गर्दै तीन प्रमुख आधार संयुक्त उत्पादन, सीमापार पूर्वाधार र विद्युत् व्यापारमा उल्लेखनीय प्रगति भएको बताउनुभयो ।

विद्युतमन्त्री खट्टरले गोरखपुर–बुटवल प्रसारण लाइन निर्माण सुरु भएसँगै नयाँ परियोजनाले द्विपक्षीय ऊर्जा सुरक्षालाई थप बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो । नेपाली विद्युत् भारतीय प्रसारण लाइन हुँदै बङ्गलादेश निर्यात हुनु ऐतिहासिक उपलब्धि भएको उहाँको भनाइ थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले नेपालमा जलविद्युत् क्षेत्रको प्रचुर सम्भावना भएको बताउनुभयो ।

यसअघि मङ्गलबार दिउँसो ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरले अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकन गर्नुभएको हाम्रा समाचारदाता सुजन बज्राचार्यले जानकारी दिनुभएको छ ।

कक्षा १२ को परीक्षा वैशाख २१ गतेसम्म स्थगित

परीक्षा स्थगित भएसँगै परीक्षार्थी तथा अभिभावकमा मानसिक तनाव थपिएको छ भने उच्च शिक्षाको वार्षिक तालिका पनि प्रभावित हुने देखिएको छ ।

सूर्यप्रसाद पाण्डे
काठमाडौँ, वैशाख ९ गते

राष्ट्रिय परीक्षा बोर्डले वैशाख ११ गतेदेखि सञ्चालन गर्ने भनेको कक्षा १२ को वार्षिक परीक्षा स्थगित गरेको छ । विद्यालयका शिक्षक कर्मचारीको असहयोगका कारण बोर्डले परीक्षा स्थगित गर्ने निर्णय गरेको हो ।

राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माका अनुसार अब परीक्षा वैशाख २१ गते आइतबारदेखि सञ्चालन हुने छ । शिक्षा ऐन माग गर्दै आन्दोलनमा रहेका सामुदायिक विद्यालयका शिक्षकले परीक्षालाई असहयोग गर्ने बताएपछि बोर्डले मङ्गलबार बिहान बैठक बसेर कर्मचारी परिचालन गरेर भए पनि परीक्षा तोकिएकै मितिमा सञ्चालन गर्ने निर्णय गरेको थियो तर बोर्डका अध्यक्षलगायतका पदाधिकारीले परीक्षा सञ्चालनसम्बन्धमा मङ्गलबार साँझै प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफल गरेको थियो । छलफलक्रममा प्रधानमन्त्री ओलीले अवस्था प्रतिकूल रहेकाले केही दिनका लागि परीक्षा स्थगित गर्न निर्देशन दिनुभएको थियो । सोही निर्देशनपछि बोर्डले औपचारिक रूपमा परीक्षा सार्ने निर्णय गरेको हो ।

परीक्षा स्थगित भएसँगै परीक्षार्थी तथा अभिभावकमा मानसिक तनाव थपिएको छ भने उच्च शिक्षाको वार्षिक तालिका पनि प्रभावित हुने देखिएको छ । बोर्डका परीक्षा नियन्त्रक शर्माका अनुसार परीक्षामा मुलुकभरबाट साढे पाँच लाख परीक्षार्थी सहभागी हुँदै छन् । परीक्षाका लागि स्वदेशमा एक हजार ५९० वटा तथा जापानमा एउटा केन्द्र तोकिएको छ । एउटा केन्द्रमा केन्द्राध्यक्षसहित कम्तीमा दस जना कर्मचारी आवश्यक पर्छ । सुरक्षाकर्मीसहित ५१ हजार कर्मचारी परिचालन गर्नुपर्ने हुन्छ तर विद्यालयका शिक्षक तथा कर्मचारीको असहयोग रहने भएका कारण सरकार परीक्षा सञ्चालनबाट पछि हटेको हो ।

कक्षा १२ मा १४२ वटा विषयको परीक्षा हुन्छ । प्रश्नपत्र हरेक दिन परीक्षा सुरु हुनुअघि केन्द्रमा ओटिपीसहित इमेलबाट पठाउने बोर्डले तयारी गरेको थियो । उक्त इमेल पाँच मिनेटमा डाउनलोड गरेर सुरक्षाकर्मीको रोहबरमा छाप्नुपर्ने छ ।

परीक्षा स्थगित हुँदा दूरगामी असर पर्ने देखिएको छ । समयमै परीक्षा नभएपछि नतिजा प्रकाशनमा ढिलाइ हुने छ । नतिजा प्रकाशन विलम्ब हुँदा विदेशी विश्वविद्यालयले स्नातक तहमा अध्ययनका लागि नेपाली विद्यार्थीलाई प्रदान गर्दै आएको छात्रवृत्ति कोटामा भर्ना हुन समस्या पर्ने छ ।

परीक्षा नियन्त्रक शर्माले भन्नुभयो, "स्वदेशी विश्वविद्यालयलाई स्नातकको भर्ना केही दिन वा महिनै ढिलो खुलाउन अनुरोध गर्न सकिएला तर विदेशी विश्वविद्यालयले हाम्रा लागि मात्रै भनेर विद्यार्थी भर्ना स्थगित गर्दैनन् । यसको गम्भीर असर नेपाली विद्यार्थीमा पर्ने छ ।" वर्षभरि पढाएको विद्यार्थीको मूल्याङ्कन पनि आफैँ गरिदिन परीक्षा नियन्त्रक शर्माले आन्दोलनरत शिक्षकलाई अनुरोध गर्नुभयो । शिक्षक आन्दोलनअघि नै परीक्षाको तालिका सार्वजनिक गरिएको हुनाले पनि शिक्षकले कक्षा १२ को परीक्षालाई सघाउनुपर्ने परीक्षा नियन्त्रक शर्माको भनाइ छ । विद्यालय शिक्षा ऐन ल्याउनुपर्ने तथा त्यसमा आफूहरूको पेसागत अधिकार सुनिश्चित हुनुपर्ने माग गर्दै विद्यालय शिक्षक तथा कर्मचारी चैत २० गतेदेखि काठमाडौँकेन्द्रित आन्दोलनमा छन् ।

साइकल लेनसहित सौराहा सडक

शालिग्राम नेपाल
चितवन, वैशाख ९ गते

चितवनको पर्यटकीय नगरी सौराहा क्षेत्रको सौन्दर्यीकरणका लागि आकर्षक सडक निर्माण गरिएको छ । रत्ननगरको टाँडीबाट दक्षिण लागेपछि चित्रसारी पुलदेखि सौराहाको मुख्य क्षेत्र जोड्ने सडक र राप्ती नदीकिनारबाट पूर्वतर्फ बछ्यौली जाने दुई सडकलाई सौन्दर्यीकरण गरिएको हो ।

सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरमातहतमा दुई खण्डमा अलग अलग निर्माण कम्पनीले सडक निर्माण गरेका छन् । साइकल लेन, फरकिलो फुटपाथ, कालोपत्रेसहितको सडक निर्माण भएको सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरका प्रमुख झपटबहादुर थापाले जानकारी दिनुभयो । करिब तीन किलोमिटर लम्बाइको सडक निर्माणपछि सौराहाको मुहारै फेरिएको पर्यटन व्यवसायीले बताएका छन् । क्षेत्रीय होटल सङ्घ सौराहाका महासचिव महेश खनालले भन्नुभयो, "अहिले निर्माण भएको सडकले यहाँ आउने पर्यटकलाई मात्र नभएर सौराहाको मुहारमा नयाँ रौनक थपेको छ । चित्रसारी पुलको दायाँबायाँ रेलिङ निर्माण, वन्यजन्तुको आकृतिसँगै आकर्षक सडकबत्ती, प्रवेशद्वार, साइकल लेनसहितको सडक र फुटपाथले यहाँको सौन्दर्य वृद्धि भएको छ ।"

चित्रसारी पुलदेखि सौराहाको प्रवेश बिन्दुसम्म एक किलोमिटरका लागि तीन करोड १७ लाख ५४ हजार ७२४ रुपियाँ बजेट खर्च भएको सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरका इन्जिनियर सुदन खतिवडाले जानकारी दिनुभयो । यहाँ दुङ्गा बिछ्याएर फुटपाथ निर्माण गरिएको छ । योसँगै साइकल चलाउनका लागि अलग्गै लेन निर्माण भइसकेको छ । दुवैतर्फ सडकमा आकर्षक पुटपाथ निर्माण गरिएको उहाँले बताउनुभयो । यसका लागि भरतपुरको शिवम् निर्माण कम्पनीले ठेक्का पाएको थियो ।

त्यस्तै गरी सौराहाको अन्तिम बिन्दु राप्ती नदीकिनारदेखि पश्चिम प्रकृति संरक्षण कोष हुँदै बछ्यौलीसम्मको करिब दुई किलोमिटर सडक पनि निर्माण भइसकेको छ । यो सडक पर्यटकमैत्री खुला फुटपाथ, साइकल लेन र फराकिलो सडकलाई रङ्गरोगन गरिएको छ । लोहनी एन्ड सन्स भरतपुरले निर्माण गरेको यो सडकको लागत १६ करोड ४८ लाख ४८ हजार ८२८ रुपियाँ रहेको इन्जिनियर खतिवडाले जानकारी दिनुभयो ।

सडक निर्माणले यहाँको सौन्दर्यमा मात्रै होइन, साइकल चढेर सौराहा क्षेत्र घुम्नका लागि पर्यटकलाई धेरै सजिलो भएको क्षेत्रीय होटल सङ्घ सौराहाका पूर्वअध्यक्ष दीपक भट्टराईले बताउनुभयो । भट्टराईले भन्नुभयो, "सौराहा हाम्रो मात्र होइन, यो स्वदेशी र विदेशी पर्यटकको केन्द्र पनि हो । यहाँ आउने पर्यटकलाई आनन्द हुने गतिविधि र उहाँहरूले चाहेको सुविधा पाउने अवस्था निर्माण हुनु आवश्यक छ, ।" विगतमा भन्दा अहिले सौराहाको रौनकै फेरिएको छ । यहाँ आउने जोकोहीले नयाँ अनुभव प्राप्त गर्न सक्ने स्थानीयको भनाइ छ ।

राप्ती नदीकिनारमा निर्माण गरिएको डिजिटल बोर्डले यहाँको सूचना दिने गर्छ । कुन स्थानमा के छ भनेर राप्तीकिनारको डिजिटल बोर्डमार्फत जानकारी पाउन सकिने भट्टराईले भन्नुभयो । राप्तीकिनारमा बाँध निर्माण गरेर त्यहींबाट सूर्यास्त, नदीमा खेल्दै गरेका घडियाल गोही, चरा, पुरानो पदमपुरको फाँटलगायत हेर्न सकिने सहज व्यवस्था मिलाइएको छ । सौराहाका आकर्षक सडकको विक्रम संवत् २०७९ माघ २८ गते निर्माण सम्झौता भएको थियो । निर्माण कम्पनीले २०८१ भित्रै निर्माण सम्पन्न गरेको हो ।



तस्बिर : शालिग्राम नेपाल

सौराहामा निर्माण पूरा भएको साइकल लेनसहितको आकर्षक सडक ।

सडकले यहाँ आउने पर्यटकलाई मात्र नभएर सौराहाको मुहारमा नयाँ रौनक थपेको छ । चित्रसारी पुलको दायाँबायाँ रेलिङ निर्माण, वन्यजन्तुको आकृतिसँगै आकर्षक सडकबत्ती, प्रवेशद्वार, साइकल लेनसहितको सडक र फुटपाथले यहाँको सौन्दर्य वृद्धि भएको छ ।

बढ्यो गर्मी

घाममा नहिँड्न सुझाव

चाँदनी हमाल
काठमाडौँ, वैशाख ९ गते

दुई दिन अघिसम्म हल्का वर्षाले चिसिएका नेपालका भूभाग यतिबेला ह्वात्तै बढेको तातोका कारण हपहपिएका छन्। कैलालीकी सविना चौधरी भन्नुहुन्छ, "गर्मीले दिउँसो बाहिर हिँड्न नसकिने भएको छ, बच्चालाई स्कुल पठाउन पनि गाह्रो भएको छ।" कैलालीमा स्थानीय अधिकतम तापक्रम ४० डिग्री सेन्टिग्रेड पुगिसकेको छ।

नेपालगन्जको अवस्था उस्तै तातो छ। कालोपत्रे सडकमा हिँड्न नसकिने गरी तातो हावा चलिरहेको छ। अधिकतम तापक्रमले ४० डिग्री सेन्टिग्रेडमाथिको उकालो काट्दै छ। भैरहवा, चितवन, पर्सातिर पनि अधिकतम तापक्रम ४० डिग्री सेन्टिग्रेडतिर लम्कँदै गरेको जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको तापक्रम नक्साङ्कनले औँल्याएको छ।

मधेश प्रदेशका जनकपुर, सिराहा, सप्तरीतिर पनि ४० डिग्री सेन्टिग्रेड आसपास तापक्रम पुग्दै छ। वीरेन्द्रनगर र दिपायलतिर ३९ डिग्री सेन्टिग्रेड अधिकतम तापक्रम पुगिसकेको छ। पूर्वको विराटनगर, धरान, धनकुटा, ताप्लेजुङ क्षेत्रमा हल्का बदलीसँगै फाट्टफुट्ट वर्षाले मौसम चिस्याइले रहेको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् बिनु महर्जनले जानकारी दिनुभयो। ती भूभागमा ३० डिग्री सेन्टिग्रेड आसपासको तापक्रम छ। उहाँले भन्नुभयो, "केही दिन अघिसम्म वर्षाले थोरै भए पनि तातोमा शितलो राहत दिएको थियो, अबका केही दिन यस्तै तम्तमाइलो तातो बढ्ने देखिएको छ।" उहाँका अनुसार काठमाडौँमै पनि तापक्रम उच्च बन्दै गएको छ। यहाँ मङ्गलबार दिउँसो ३२ डिग्री सेन्टिग्रेड आसपास तापक्रम रेकर्ड भएको छ। उहाँका अनुसार यतिबेला मध्य र पश्चिम तराईका भूभागमा तापक्रम अत्यधिक बढ्दो क्रममा छ।

यसै हिसाबले तापक्रम बढ्ने हो भने केही दिनभित्रै तराई र तराई छोएका भूभागमा तातो हावाको लहर (लु) चल्ने सम्भावना रहेको महर्जनले बताउनुभयो। जब तापक्रमले ४० डिग्री सेन्टिग्रेडमाथिको उकालो चढ्छ, तब तातो हावा चल्छ। त्यस्तो मौसमी अवस्थालाई लु चलेको भनिन्छ।

यस साताभर वर्षा हुने सम्भावना नदेखिएकाले तापक्रम थप बढ्ने सम्भावना औँल्याउँदै आमनागरिकले सतर्कता अपनाउनुपर्ने सुझाव महाशाखाले दिएको छ। कतिपय तराईका भूभागमा लुको झल्को दिने गरी तातो हावा चल्न थालिसकेको स्थानीयवासीले बताएका छन्। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सम्भावित तातो हावाको लहर अर्थात् लुको प्रकोपबाट आमनागरिकको जिउधनको सुरक्षाको पहल थालेको जनाएको छ। आमनागरिकलाई लुबारे सचेत गराउँदै यसबाट बच्ने उपायबारे सचेतना सामग्री सामाजिक सञ्जालमार्फत प्रचार प्रसार गरिएको छ।

जस अनुसार अत्यधिक गर्मी बढेका बेला दिउँसो घरबाट बाहिरका काममा सरिक नहुन सुझाइएको छ। खेतबारीमा बर्खेबाली लगाउने याम भएकाले अधिकांश किसान दिउँसो खेतबारीमा जानुपर्ने भए पनि त्यसो नगरी बिहान वा बेलुकाको शीतलमा काम गर्न प्राधिकरणले भनेको छ। प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले तराईका जिल्लाका नागरिक अधिक सचेत हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "घरभित्रै बस्नू, बाहिर रुखको छहारीमा बस्नू र समस्या देखिएमा अस्पतालमा जानुको विकल्प लु लागेका बेला छैन।"

स्थानीय पालिकाले स्थानीय विपत् संयन्त्रलाई सक्रिय बनाउँदै आधारभूत अस्पताल तथा जिल्ला अस्पतालसँग समन्वय गर्न उहाँले सुझाउनुभयो। स्थानीयलाई जतिखेर पनि लु लाग्न सक्ने भएकाले त्यहाँको एम्बुलेन्स सेवालाई सक्रिय बनाउने र उद्धार गर्नेपर्ने भएमा जिल्ला विपत् व्यवस्थापन समितिले हेलिकोप्टरबाट उद्धार गरेर राम्रो अस्पतालमा पुऱ्याउन लैजाने व्यवस्था मिलाउन सकिने जानकारी उहाँले दिनुभयो।

घरकै शुद्ध चिसो पानी पिऊँ

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले गर्मी मौसम सुरु भएपछि लुको अधिक सम्भावना रहेकाले शरीरलाई शीतल बनाइराख्न सुझाव दिनुभयो। उहाँले थप्नुभयो, "त्यसका लागि बाहिर पसलका चिसो पेय पदार्थ हैन, घरकै शुद्ध चिसो पानी तथा पेयपदार्थ जतिसक्दो धेरै पिउने बानी बसालौँ।" उहाँका अनुसार राम्रो स्वास्थ भएकालाई लु लाग्ने सम्भावना र लागेमा त्यसको जटिलता कम हुन्छ तर पहिलेदेखि नै स्वास्थ्य कमजोर रहेका ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती, प्रतिरोधी क्षमता कम भएका, दीर्घरोगी लुको उच्च जोखिममा हुन्छन्।

उहाँका अनुसार तातो हावा चल्दा लुको अधिक जोखिम भएकाले दिउँसो घाममा बाहिर निस्कन हुँदैन। विद्यालयले पनि यस्तो बेला शीतल वातावरणमा अध्ययन अध्यापन गराउने व्यवस्था गर्नु पर्छ। गर्मी बढ्दा दीर्घरोगीले पहिलेदेखि खाइरहेका औषधीले गर्मी बढाउने भन्दै खान मन गर्दैनन् तर नियमित औषधी खुवाउन परिवारले सघाउनु पर्छ। बाहिर हिँडेका बखत लुले समातिहाल्यो भने चिसो पानी खाने, चिसोको सम्पर्कमा जाने, हावामा बस्ने र अन्य लक्षण अनुसारको उपचार गर्नुपर्ने सुझाव डा. बुढाथोकीको छ। बाहिर हिँड्दा पूरै शरीर ढाक्ने गरी लुगा लगाउने, छाता ओढ्ने र घरबाटै बोकेको शुद्ध पानी पिउनु पर्छ। उहाँले भन्नुभयो, "सबैभन्दा महत्त्वपूर्ण बिनाकाम बाहिर भौंतारिन छाडौँ, घरमै परिवारका साथमा बसौँ र एक अर्काको ख्याल गरौँ।"

भेरी अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवा

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

नेपालगन्जस्थित भेरी अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवा सुरु भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वैशाख महिनामा सङ्घीय अस्पतालमा सुरु गर्न लागिएका सेवाहरूको सूचीमा समेत भेरी अस्पतालमा मिर्गौला प्रत्यारोपण गर्ने निर्णय सार्वजनिक गरेको थियो।

केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले मङ्गलबार मिर्गौला बिग्रिएका दुई जना व्यक्तिको प्रत्यारोपण गरिएको बताउनुभयो।

चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको पचरौता नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादवसहित तीन जना तथा अर्को छुट्टै विषयमा एक जनालाई भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले मङ्गलबार विशेष अदालतमा काठमाडौँमा मुद्दा दायर गरेको हो। सार्वजनिक खरिद ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमितता गरेको आरोपमा उहाँहरूविरुद्ध मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।

आयोगले नगरपालिकाका लेखापाल हासिम मियाँ अन्सारी तथा केएस मल्टिपर्पोज प्रालिका अध्यक्ष कमलकुमार उपाध्यायविरुद्ध पनि मुद्दा दायर गरेको छ। नगरपालिकाबाट आव २०७७/७८ मा सञ्चालन भएका ठेक्काहरूको बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐनबमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा केएस मल्टिपर्पोज प्रालिका अध्यक्ष उपाध्यायसमेतको मिलेमतोमा अभिलेखमा राख्ने प्रयोजनका लागि मात्र प्रभाव दैनिक पत्रिकामा एकप्रति मात्र बोलपत्र आह्वानको सूचना प्रकाशित गरेको पाइएको आयोगले जनाएको छ।

फुट्टा विवरणसहितको पत्रिकाको आधारमा तीन लाख ५२ हजार ५६० रुपियाँ केएस मल्टिपर्पोज प्रालिलाई भुक्तानी दिएको आयोगले जनाएको छ। यादव र अन्सारीलाई सोही रकम बराबर बिगो तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ अनुसार कारबाहीको माग गरिएको आयोगले नाएको छ।

यसैबिच आयोगले मङ्गलबार नै कास्कीको पोखरा महानगरपालिकाका शाखा अधिकृतविरुद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको छ। पोखरा महानगरको उजुरी फछ्यौंट तथा समन्वय शाखामा कार्यरत अधिकृत (सातौँ तह) कपिल गिरीविरुद्ध मुद्दा दायर भएको आयोगले जनाएको छ। अख्तियारबाट आएको उजुरी पत्रबारेको प्रमाण मेटाइदिने भन्दै सेवाग्राहीसँग २५ हजार रुपियाँ घुस लिइसकेको अवस्थामा गिरीलाई केही समय आयोगले नै नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको थियो।

अनुसन्धानका क्रममा गिरीले सेवाग्राहीसँग उक्त रकम घुस लिएको पुष्टि भएकाले निजलाई २५ हजार रुपियाँ बिगो तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो दाबीसहित मुद्दा दायर गरिएको हो।

परराष्ट्रमन्त्री र उच्चायुक्तबिच भेटवार्ता

गोरखापत्र समाचारदाता
काठमाडौँ, चैत ९ गते

परराष्ट्रमन्त्री डा. आरजु राणा र संयुक्त राष्ट्रसङ्घको अल्पविकसित, भूपरिवेष्ठित विकासशील तथा साना टापु राष्ट्रसम्बन्धी समितिका उच्चायुक्त रबाब फातिमाबिच मङ्गलबार भेटवार्ता भएको छ। थाइल्यान्डको बैङ्ककामा जारी संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक आयोगको ८१ औँ बैठकमा भाग लिन त्यहाँ रहनुभएका परराष्ट्रमन्त्री राणा र उच्चायुक्त फातिमाबिच 'साइडलाइन' बैठकका क्रममा भेटवार्ता भएको हो।

भेटवार्तामा सन् २०२६ मा नेपालको विकासशील मुलुकमा स्तरोन्नतिका विषयसम्बद्ध विविध आयामका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। नेपालको वर्तमान अवस्था र अन्य मुलुकसँगै स्तरोन्नति हुँदा पर्ने सकारात्मक तथा नकारात्मक प्रभावका विषयमा पनि छलफल भएको बैङ्ककस्थित नेपाली दूतावासले जनाएको छ।

यस अघि बिहान भएको आयोगको पूर्ण बैठकमा नेपालले सहभागिता जनाएको थियो। नेपालका तर्फबाट बैठकमा संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय संस्था तथा अन्तर्राष्ट्रिय कानुन महाशाखाका प्रमुख कृष्णप्रसाद ढकालले आफ्नो प्रस्तुति दिनुभएको थियो। सन् २०२० सम्मको दिगो विकास योजनासँगै नयाँ सहरी विकासका एजेन्डा तथा पेरिस सम्झौता अनुसारको दिगो सहरीकरणका लागि नेपाल प्रतिबद्ध रहेको उहाँले कार्यपत्रमार्फत प्रस्ट पार्नुभयो। त्यसका लागि आयोग सदस्यहरूसँग सहकार्य गरेर अगाडि बढ्न नेपाल तयार रहेको औँल्याउनुभएको थियो।

'जनमत कम्युनिस्टको पक्षमा'

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपाल कम्युनिस्ट पार्टी स्थापनाको ७७ औँ वर्ष तथा १५६ औँ लेनिन जयन्तीका अवसरमा आयोजित कार्यक्रमलाई काठमाडौँमा सम्बोधन गर्दै अहिले पनि दुईतिहाइभन्दा धेरै जनमत कम्युनिस्टको पक्षमा भएकाले एकताबद्ध कम्युनिस्टको आवश्यकता रहेको बताउनुभएको छ। कम्युनिस्ट पार्टीले राम्रो काम गरिदिऊन् भन्ने जनताको चाहना भएको उहाँले उल्लेख गर्नुभयो। उहाँले कम्युनिस्ट आन्दोलन टुटफुट, घात प्रतिघात र विभाजनको शृङ्खलाबाट अघि बढेको उल्लेख गर्नुभयो।

उहाँले कम्युनिस्ट पार्टीको सङ्घर्षपूर्ण इतिहासको चर्चा गर्दै कम्युनिस्ट आन्दोलनले विभाजन, घात प्रतिघात र बलिदानबिच यात्रा तय गरेको स्मरण गराउनुभयो। उहाँको धारणा थियो, "आजको आवश्यकता आन्दोलनलाई फेरि एकताबद्ध गर्नु हो। हामी विचार, सिद्धान्त र सच्चा कम्युनिस्टका वैचारिक आधारमा एकता चाहान्छौँ। जनतामाझ पुगेर आफ्ना कमजोरी सच्याउने प्रक्रियामा छौँ।" जनयुद्धका सहिद र बेपत्ता योद्धाप्रति सम्मान व्यक्त गर्दै उहाँले उहाँहरूका परिवारसँग गरिएको संवादलाई पार्टीको ऐतिहासिक जिम्मेवारीका रूपमा उल्लेख गर्नुभयो।

विजय...

कार्यक्रममा नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले नेपालको कम्युनिस्ट आन्दोलनले नेपालको लोकतान्त्रिक आन्दोलनमा निरन्तर सहयोग पुऱ्याएको बताउनुभयो। महासचिव पोखरेलले दलहरूमाथि प्रतिबन्ध लागेको अवस्थामा समेत नेपालमा कम्युनिस्ट पार्टीका नेताले देशभित्रै रहेर लोकतन्त्रका लागि निरन्तर आन्दोलन गरेको स्मरण गराउनुभयो। नेपाल कम्युनिस्ट पार्टीको निरन्तरताका रूपमा नेकपा एमाले देशको अग्रणी पार्टी भएको उहाँले बताउनुभयो।

उपमहासचिव प्रदीप ज्ञवालीले इतिहासको जगमा वर्तमान उभिने बताउनुभयो। ज्ञवालीले नेकपा एमाले गौरवशाली इतिहासको जगमा उभिएको र एउटा जीवन्त इतिहास बोकेको पार्टी भएको उहाँले स्पष्ट पार्नुभयो। नेकपा एमालेकी नेतृ शान्ता मानवीले देश र जनताको अवस्था विगतको भन्दा निकै परिवर्तन भएको बताउनुभयो। नेतृ मानवीले पार्टी अहिलेको परिस्थितिमा त्यत्तिकै नआएको बताउनुभयो। उहाँले हिजोको भन्दा जीवनशैली निकै बदलिएको बताउँदै भन्नुभयो, "हिजोको परिस्थिति र आजको परिस्थितिमा निकै फेरबदल आएको छ, जहाँ जहाँ कमजोरी छ, त्यसलाई सच्याएर अघि बढ्नु पर्छ।"

योद्धालाई सम्मान

एमाले अध्यक्ष ओलीले नेपाल कम्युनिस्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा छ जना ज्येष्ठ नेतालाई कम्युनिस्ट योद्धा सम्मान प्रदान गर्नुभएको छ । स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष ओलीले रत्नप्रसाद शर्मा न्यौपाने (मरणोपरान्त), लालबहादुर विश्वकर्मा (कञ्चनपुर), वाचस्पति देवकोटा (गोरखा), शान्ता मानवी (काठमाडौँ), सत्यनारायण मण्डल (सप्तरी), शोभाराम बस्नेत (दाङ) र हरिचरण सिवाकोटी (झापा) लाई उक्त सम्मान प्रदान गर्नुभएको हो। कार्यक्रममा पञ्चायतकालीन भूमिगत जीवनमा पार्टीका नेताहरूको सङ्घर्षमा आधारित पुस्तक 'सेल्टर' को विमोचन पनि गरियो।

Government of Nepal
Ministry of Culture, Tourism and Civil Aviation
Department of Tourism (DOT)
Bhrikutimandap, Kathmandu

Notice for Financial Opening

Date of Publication: 2082/01/10

It is notified that with reference to the Request for Proposals (RFP) issued by DOT and the proposal submitted to DOT by the shortlisted firms for consulting service of the following consulting services and firms are technically qualified after the evaluation of technical proposals.

SN	Description of Consulting Service	List of Technically Qualified Firms	List of Technically Disqualified Firms
1	Detailed Survey, Design and Cost Estimate of Hill stations at Different Locations; Location: Karnali Province, Birendranagar Municipality, Ward No. 14, Bayalkanda, Ramrikanda, and Gothikanda, , Surkhet, **DOT/CS-1/081/82**	1. Peso Consultants P. Ltd.- Concept architect and Designs P. Ltd.-Opal skies engineering Commpany P.Ltd.-J/V, 2. SITARA Consultant (p).Ltd 3. Engineerko Ghar Pvt.Ltd - Ripple Training and Consulting Services P. Ltd. J/V 4. Dream House Engineering Solutions Pvt. Ltd. 5. Rajdevi Engineering Consultant (P) Ltd.(RAJDEVI) - Project Engineering and Environmental Studies Consultant (P) Ltd. (PEES) - Amit Consiltant Pvt.Ltd.(AMIT) -J/V 6. Urban Park Pvt.Ltd 7. South Asian TourismAdvisors and Engineering Consultant Pvt.Ltd - Urban Planning and Design Consultants Nepal Pvt.Ltd - Dynamic Resources Management Services -J/V 8. Habile Engineering Consultancy Pvt.Ltd 9. IDEAL SOLUTION PVT.LTD 10. Platfrom Engineering Construction & Consultancy Pvt. Ltd. (PECC) 11. Paragon Engineering Consultancy and Research Center Pvt.Ltd - Retro Engineering Consult (P). Ltd J/V 12. Eagles Solution Pvt.Ltd - Sakshan Engineering Solutions Pvt.Ltd-Codenix Engineering Consultancy Pvt.Ltd - J/V 13. Dream Makers Engineering Pvt. Ltd. 14. Shaping Earth Builders Pvt.Ltd J/V 15. Building Design Engineering Construction and Supplirs.pvt.Ltd - Asian Infrastructure Development Consultancy Pvt.Ltd -Raj Engineering Concultant Pvt.Ltd. J/V 16. Impulse Consultant (p). Ltd 17. New Planet Engineering Services Pvt.Ltd - ECoCoDE Nepal Pvt.Ltd -Civil Creations Nepal Pvt.Ltd J/V 18. Araniko Designers and Planners Pvt.Ltd - SIDEF Consultant Pvt.Ltd -J/V 19. Api point - GOEC Nepal JV	1.Thapa consultancy
2	Detailed Survey, Design and Cost Estimate of Hill stations at Different Locations Location: Far Western Province, Budhitola, Godawari Municipality, Kailali, **DOT/CS-2/081/82**	1. SITARA Consultant (p). Ltd 2. Engineerko Ghar Pvt.Ltd - Ripple Training and Consulting Services P. Ltd. J/V 3. New Planet Engineering Services Pvt.Ltd - ECoCoDE Nepal Pvt.Ltd -Civil Creations Nepal Pvt.Ltd J/V 4. Habile Engineering Consultancy Pvt.Ltd 5. .Dream House Engineering Solutions Pvt. Ltd. 6. Eagles Solution Pvt.Ltd - Sakshan Engineering Solutions Pvt.Ltd-Codenix Engineering Consultancy Pvt.Ltd - J/V 7. D.B Consultant Pvt. Ltd 8. Platfrom Engineering Construction & Consultancy Pvt. Ltd. (PECC) 9. Api point - GOEC Nepal JV 10. Building Design Engineering Construction and Supplirs.pvt.Ltd - Asian Infrastructure Development Consultancy Pvt.Ltd -Raj Engineering Concultant Pvt.Ltd. J/V 11. .Rajdevi Engineering Consultant (P) Ltd. (RAJDEVI) - Project Engineering and Environmental Studies Consultant (P) Ltd. (PEES) - Amit Consiltant Pvt.Ltd.(AMIT) -J/V 12. South Asian TourismAdvisors and Engineering Consultant Pvt.Ltd - Urban Planning and Design Consultants Nepal Pvt.Ltd - Dynamic Resources Management Services -J/V 13. Milestone Infrastructure Engineering Consultancy Pvt. Ltd 14. Paragon Engineering Consultancy and Research Center Pvt.Ltd - Retro Engineering Consult (P). Ltd J/V 15. IDEAL SOLUTION PVT.LTD 16. Dream Makers Engineering Pvt. Ltd. 17. .Peso Consultants P. Ltd.- Concept architect and Designs P. Ltd.-Opal skies engineering Commpany P.Ltd.-J/V 18. Global Engineering Associates (P.) Ltd.	1.Thapa consultancy
3	Detailed Survey, Design and Cost Estimate of Hill stations at Different Locations, Location: Gandaki Province: Modi Rural Municipality, Ward No 4, Sirpu and Jaljala area **DOT/CS-3/081/82**	1. Dream House Engineering Solutions Pvt. Ltd. 2. D.B Consultant Pvt. Ltd 3. Intensive Study and Research Center Pvt. Ltd -Dynamic Resources Management Services Pvt.Ltd - Margadarshan Desgn Consult Pvt.Ltd -J/V 4. .Spiral Grid Solution P.Ltd -Green Era P.Ltd- Green Earth Engineering and Construction P. Ltd-J/V 5. South Asian TourismAdvisors and Engineering Consultant Pvt.Ltd - Urban Planning and Design Consultants Nepal Pvt.Ltd - Dynamic Resources Management Services -J/V 6. New Planet Engineering Services Pvt.Ltd - ECoCoDE Nepal Pvt.Ltd -Civil Creations Nepal Pvt.Ltd J/V 7. Platfrom Engineering Construction & Consultancy Pvt. Ltd. (PECC) 8. Peso Consultants P. Ltd.- Concept architect and Designs P. Ltd.-Opal skies engineering Commpany P.Ltd.-J/V 9. SITARA Consultant (p). Ltd 10. Smart Engineering and Design Solution Pvt.Ltd 11. Dream Makers Engineering Pvt. Ltd. 12. Global Engineering Associates (P.) Ltd 13. Rajdevi Engineering Consultant (P) Ltd. (RAJDEVI) - Project Engineering and Environmental Studies Consultant (P) Ltd. (PEES) - Amit Consiltant Pvt.Ltd.(AMIT) -J/V 14. .Engineerko Ghar Pvt.Ltd - Ripple Training and Consulting Services P. Ltd. J/V 15. Eagles Solution Pvt.Ltd - Sakshan Engineering Solutions Pvt.Ltd-Codenix Engineering Consultancy Pvt.Ltd - J/V 16. Paragon Engineering Consultancy and Research Center Pvt.Ltd - Retro Engineering Consult (P). Ltd J/V 17. .Api point - GOEC Nepal JV 18. .Structural Design Solution pvt.Ltd 19. Building Design Engineering Construction and Supplirs.pvt.Ltd - Asian Infrastructure Development Consultancy Pvt.Ltd -Raj Engineering Concultant Pvt.Ltd. J/V 20. IDEAL SOLUTION PVT.LTD	1.Thapa consultancy
4	Detailed Survey, Design and Cost Estimate of Hill stations at Different Locations; Location: Bagmati Province, Shivapuri Rural Municipality, Ward No. 7, Suire Chaur, , Nuwakot, **DOT/CS-4/081/82**	1. .Api point ECC Nepal P.Ltd - GOEC Nepal P.Ltd J/V 2. .Engineerko Ghar Pvt.Ltd - Ripple Training and Consulting Services P. Ltd. J/V 3. .Building Design Engineering Construction and Suppliers Pvt.Ltd, Asian Infrastructure Development Consultancy Pvt.Ltd, Raj Engineering Consultant Pvt.Ltd. J/V 4. .Dream House Engineering Solutions Pvt. Ltd. 5. Intensive Study and Research Center Pvt. Ltd- Dynamic Resources Management Services Pvt.Ltd- Margadarshan Design Consult Pvt.Ltd J/V 6. South Asian TourismAdvisors and Engineering Consultant Pvt.Ltd - Urban Planning and Design Consultants Nepal Pvt.Ltd - Dynamic Resources Management Services -J/V 7. Platfrom Engineering Construction & Consultancy Pvt. Ltd. (PECC) 8. Urban Park Pvt.Ltd 9. .Peso Consultants P.Ltd-Concept Architect and Designs P. Ltd-Opal Skies Engineering Company P. Ltd J/V 10. SITARA Consultant (p).Ltd 11. New Planet Engineering Services Pvt.Ltd -ECOCODE Nepal Pvt.Ltd-Civil Creations Nepal Pvt.Ltd J/V 12. .Project Engineering and Environmental Studies -Garima International Design Associates Nepal-Renew Gen Resources Nepal pvt.Ltd J/V 13. Grid Consult (P) Ltd - Shrestha Consult (P) Ltd - Rajdevi Engineering Consultant (P) Ltd J/V 14. SILT Consultants Pvt.Ltd, Consulting engineers Associates,TEAM Consultants Pvt.Ltd J/V 15. Paragon Engineering Consultancy and Research Center Pvt.Ltd - Retro Engineering Consult (P). Ltd 16. IDEAL SOLUTION PVT.LTD 17. Eagle Solution Pvt.Ltd - Sakshan Engineering Solutions Pvt.Ltd - Codenix Engineering Consultancy Pvt.Ltd J/V 18. Impulse Consultant (p). Ltd 19. .Milestone Infrastructure Engineering Consultancy Pvt. Ltd	1.Shaping Earth Builders Pvt.Ltd J/V 2.Thapa consultancy 3.Dream Makers Engineering Pvt. Ltd.
5	Geotechnical Investigation and Detailed Design including Cost estimate Preparation of International Exhibition Center Building at Kakani, Nuwakot **DOT/CS-5/081/82**	1. Urban Park Pvt. Ltd 2. SILT Consultants (P) Ltd - Consulting Engineers Associates Pvt.Ltd - Team Consultant Pvt.Ltd -J/V 3. Platfrom Engineering Construction & Consultancy Pvt. Ltd. (PECC) 4. South Asian TourismAdvisors and Engineering Consultant Pvt.Ltd - Urban Planning and Design Consultants Nepal Pvt.Ltd J/V 5. Concept Archiect and Designs P.Ltd -Peso Consultants P. Ltd -Nodal Engineering Consultancy Pvt.Ltd J/V 6. SITARA Consultant (p). Ltd 7. Dream House Engineering Solutions Pvt.Ltd 8. Engineerko Ghar P. Ltd - Ripple Training and Consulting Services Pvt.Ltd J/V 9. Smart Engineering and Design Solution Pvt.Ltd 10. Spiral Grid Solution P.Ltd- Green Era P.Ltd- Green Earth Engineering and Construction P. Ltd J/V 11. Araniko Designers and Planners Pvt.Ltd - SIDEF Consultant Pvt.Ltd -J/V 12. Global Engineering Associates (P.) Ltd. - Decode Engineering Pvt. Ltd - Creed Structural Design Pvt.Ltd J/V 13. Project Engineering and Environmental Studies Consultant Pvt. Ltd - Garima International Design Associates Nepal Pvt.Ltd - Synergy Engineering and Environmental Development Pvt.Ltd J/V 14. Building Design Engineering Construction and Suppliers Pvt.Ltd- Asian Infrastructure Development Consultancy Pvt.Ltd- Raj Engineering Consultant Pvt.Ltd J/V 15. Api Point ECC Nepal P.Ltd- GOEC Nepal P. Ltd J/V 16. Grid Consult (P) Ltd - Shrestha Consult (P) Ltd - Rajdevi Engineering Consultant (P) Ltd J/V 17. Dream Makers Engineering Pvt.Ltd 18. New Planet Engineering Services Pvt. Ltd - ECoCoDE Nepal Pvt.Ltd - Civil Creations Nepal Pvt.Ltd J/V	1.Intensive Study and Research Center Pvt.Ltd - Dynamic Resources Management Services Pvt.Ltd - Margadarshan Design Consult Pvt.Ltd J/V 2.Thapa consultancy

The opening of Financial Proposal of said consulting service is scheduled on 2082/01/16 at 12.00 AM at the meeting hall of DOT. The representatives from consulting firms are requested to attend Financial Proposal opening event along with letter of authorization, whosoever choose to attend. Those firm which are technically disqualified are requested to take back their financial proposal on same day.

लागुऔषधसम्बन्धी मुद्दाको चाप

मकवानपुरगढी समाचारदाता
मकवानपुरगढी, वैशाख ९ गते

जिल्ला प्रहरी कार्यालय मकवानपुरमा चालु आर्थिक वर्षमा दर्ता भएका कुल ७३५ थान मुद्दामध्ये लागुऔषधसम्बन्धी १२६ थान मुद्दा दर्ता भएका छन्।

यो अवधिमा लागुऔषधसम्बन्धी मुद्दामा मुछिएका १९३ जनालाई प्रहरीले पक्राउ गरेको छ। चालु आवमा प्रहरीले लागुऔषध गाँजा ४८७ किलो ५३८ ग्राम, अफिम १४ किलो २९१ ग्राम, खैरो हिरोइन (ब्राउन सुगर) ४१८ ग्राम ५२० मिलिग्राम, चरेस ५१ किलो, दुई हजार ९०८ नाइट्रोभेट बरामद गरेको छ। यो अवधिमा प्रहरीद्वारा लागुऔषध ओसारपसारमा संलग्न ४३ वटा सवारी बरामद गरिएको प्रहरी नायब निरीक्षक श्यामु अर्यालले जानकारी दिनुभएको छ। घटनाका अनुसार लागुऔषधसम्बन्धी मुद्दामा ३५ वर्षभन्दामुनिका ८० प्रतिशत युवा संलग्न रहेको पाइएको छ ।

मकवानपुर प्रहरीले पाँच किलो ९५० ग्राम लागुऔषध अफिमसहित एक जनालाई पक्राउ गरेको छ। आइतबार बिहान इलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरी टोलीले चितवनको राप्ती नगरपालिका-११ बस्ने २५ वर्षीय बाबुराम तामाङलाई लागुऔषध अफिमसहित पक्राउ गरेको हो।

डलर देखाएर ठगी

मकवानपुर समाचारदाता
मकवानपुर, वैशाख ९ गते

मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-२ स्थित देउरालीबाट डलरको लोभ देखाएर एक जनालाई लुटिएको छ। प्युठान जिल्ला बागदुला नगरपालिक-८ घर भएका सञ्जय केसीको साथमा रहेको १० लाख रुपियाँ लुटेर दुई जना फरार भएको इलाका प्रहरी कार्यालय भीमफेदी, मकवानपुरले जनाएको छ।

हाल वतन थाहा नभएको सुरेश तामाङले ९७६९७६८१४९ नम्बरबाट पटक पटक फोन सम्पर्क गरी निजलाई भेट गर्न आउँदा आफ्नो साथमा रहेको नगद १० लाख रुपियाँ लुटी भागेको बस्नेतले जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई जानकारी गराउनुभएको हो। इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी नायब निरीक्षक भरत सिलवाललले सुरेश तामाङसहितका व्यक्तिले केसीलाई आफूहरूसँग डलर छ भन्दै बोलाएर नगद पैसा लुटेर फरार भएको केसीले प्रहरीमा जानकारी गराएको बताउनुभयो।

भरतपुर अस्पतालमा सेवा विस्तार

छ विशिष्टीकृत सेवा सञ्चालन हुने



चितवन समाचारदाता
चितवन, वैशाख ९ गते

स्वास्थ्य मन्त्रालयले भरतपुर अस्पतालमा विभिन्न छ वटा विशिष्टीकृत सेवा यसै महिनाबाट सुरु गर्ने तयारी गरेको छ। काठमाडौँको वीर अस्पतालपछि धेरै बिरामीको चाप थेगिरहेको भरतपुर अस्पतालमा छ वटा सेवा विस्तार गरेर राजधानी जानुपर्ने बाध्यताको अन्त्य गर्ने तयारी गरिएको हो। अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट प्राडा. कृष्णप्रसाद पौडेलले स्वास्थ्य मन्त्रालयको आर्थिक सहयोगमा विशिष्टीकृत सेवा सञ्चालनको अन्तिम तयारी रहेको जानकारी दिनुभयो।

"क्याथल्याबका लागि तयारी पूरा भइसकेको छ, उद्घाटनको काम मात्र बाँकी रहेका छ," मेडिकल सुपरिन्टेन्डेन्ट प्राडा. पौडेलले भन्नुभयो, "उपकरण जडान भइसकेको छ, जनशक्ति तयारी अवस्थामा रहेको छ। मन्त्रीज्यूको समय मिलाएर उद्घाटन गर्ने तयारी हुँदै छ।"

जलन वार्ड, निःसन्तानसम्बन्धी उपचार, बच्चाको सर्जरी, कलेजोसम्बन्धी उपचार र नसासम्बन्धी उपचारको यसै महिनाबाट सेवा दिने तयारी भएको हो। क्याथल्याब सुरु भएपछि मुटुसम्बन्धी उपचारका लागि अब अन्यत्र जानुपर्ने बाध्यता हट्ने छ। हृदयाघात, मुटुको रगतका नसासम्बन्धी समस्या, मुटुको भल्भसम्बन्धी समस्या, जन्मजात मुटुरोगलगायतका समस्या भएका बिरामीलाई क्याथल्याबबाट उपचार सेवा दिन सकिन्छ। मुटुमा रक्तनली थुनिँदा मानिसमा हृदयाघात हुने गर्छ। मुटुको शल्यक्रिया ओपनहार्ट सर्जरी र क्लोजहार्ट सर्जरी गरी दुई तरिकाले गर्न सकिन्छ। सरकारी अस्पतालमा क्याथल्याब नहुँदा बिरामीलाई मेडिकल कलेज पठाउनुपर्ने बाध्यता थियो। सरकार र अस्पतालको गरी कुल ११ करोड ५० लाख रुपियाँमा यो सेवा सुरू गर्न लागिएको प्राडा. पौडेलले बताउनुभयो। थप हुन लागेका धेरै लगानीका कार्यक्रम सरकारको र अन्य सेवामा अस्पतालको आफ्नै लगानी रहेको उहाँले जानकारी दिनुभयो।

अस्पतालमा यसअगाडि नै सञ्चालनमा रहेको जलनको उपचारमा अहिले विशिष्टीकृत रूपमा सेवा सञ्चालन गर्न लागिएको अस्पतालका सूचना अधिकारी डा. रामप्रसाद सापकोटाले बताउनुभयो।

"पहिले सामान्य सेवा दिँदै आएको थियो तर अब विशिष्टीकृत रूपमा दिँदै छौँ," उहाँले भन्नुभयो। अब भरतपुर अस्पतालमा भएका बिरामीलाई अन्य अस्पतालमा पठाउनुपर्ने अवस्था नरहेको र राजधानी पछि धेरै सेवा दिने भरतपुर अस्पताल भएको डा. सापकोटाले भन्नुभयो।

भरतपुर अस्पतालसहित देशभरका विभिन्न आठ वटा सङ्घीय अस्पतालमा १५ वटा नयाँ सेवा वैशाखभित्रै सुरू गर्ने तयारी स्वास्थ्य मन्त्रालयले गरेको छ। अस्पतालमा आइसियुसहितको सात शय्या जलन वार्डमा रहने छ। अस्पतालमा अहिले तीन शय्याबाट जलन सेवा दिँदै आएको छ। त्यसलाई आइसियुसहितको सात शय्याको क्षमता वृद्धि गर्न लागेको हो।

निःसन्तानपनाको उपचारका लागि इनफर्टिलिटी क्लिनिक सञ्चालन हुने छ। कृत्रिम गर्भाधानबाट निःसन्तानको उपचार गरिने छ। क्लिनिकबाट टेस्टट्युबबाहेकका सेवा पाउन सकिने छ। 'निःसन्तानसम्बन्धी समस्या भएका धेरै पाएका छौँ, सूचना अधिकारी डा. सापकोटाले भन्नुभयो, "ढिलो गरी विवाह गर्ने, रोजगारीका लागि विदेश जाने, जोखिम स्थानमा काम गर्नेमा यस्ता समस्या देखिएको छ। ती वर्गका लागि अस्पतालले दिने सेवा सर्वसुलभ हुने छ," उहाँले भन्नुभयो।

अस्पताललले छ वटा विशिष्टीकृत सेवाबाहेक अन्य सेवालाई पनि विस्तार गर्दै लैजाने तयारी गरेको छ। अस्पताललले यसै महिनाबाट सिमुल्टेसन ल्याबमा नयाँ चिकित्सकलाई मानिसको डमीमा शल्यक्रिया गर्न सिकाइने भएको छ। बिरामीको अपरेसन थाल्नुअघि यो ल्याबमा चिकित्सकलाई अभ्यास गराइने छ। स्तनपानलाई प्रवर्धन गर्न ल्याक्टेसन म्यानेजमेन्ट युनिट स्थापना गरिँदै छ। स्तनपान गराउने महिलाको दुध यहाँ भण्डारण गर्न पनि सकिने छ। शल्यचिकित्सा प्रशिक्षणका लागि क्याडाभर ल्याब स्थापना गर्न लागिएको हो। यस ल्याबमा चिकित्सा क्षेत्रका विद्यार्थी, सर्जनलगायतले मानवको मृत शरीरमा अनुसन्धान गर्न र शल्यक्रिया सिपको विकास गर्न सक्ने छन्। क्याथल्याबबाहेक अन्य नयाँ सेवाका लागि अस्पतालमा भएकै कर्मचारीलाई परिचालन गरिने तयारी गरेको हो। क्याथल्याबका लागि चार जना चिकित्सकसहित २२ जना कर्मचारीलाई तालिम दिएर तयार पारिएको छ।

Kathmandu Upatyaka Khanepani Limited
Head Office, Tripureshwor, Kathmandu
Invitation of Bids (National Competitive Bidding)
Notice Publication date: 2082/01/10

Kathmandu Upatyaka Khanepani Limited invites e-bid from eligible bidders under National Competitive Bidding procedures as mention below

S.N.	IFB Name/Description	IFB No.
1	The Procurement of Supply, Installation, Configuration and Commissioning of IT Equipment	KUKL/NCB/ 15/081/82

For Details Please Visit http://www.bolpatra.gov.np or contact at Tel. No 01-4117352

Government of Nepal
Ministry of Land Management, Cooperatives and Poverty Alleviation
Survey Department
Request for Expression of Interest
Date: April 23, 2025

Name of Project: Procurement of International Consulting Services for Generation of High Resolution DEM and Ortho photo Map with application of Airborne LiDAR Surveying and Mapping

1. Government of Nepal (GoN) has allocated fund ***toward the cost of Procurement of International Consulting Services for Generation of High-Resolution DEM and Ortho photo Map with application of Airborne LiDAR Surveying and Mapping*** and intends to apply a portion of this ***fund*** to eligible payments under the Contract for which this Expression of Interest is invited for **International consulting service**.
2. The *Survey Department* now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: ***Procurement of International Consulting Services for Generation of High-Resolution DEM and Ortho photo Map with application of Airborne LiDAR Surveying and Mapping.***
3. Interested eligible consultants may obtain further information at the address ***Survey Department, Minbhawan, Kathmandu*** during office hours before **submission deadline** or visit e-GP system www.bolpatra.gov.np/egp.
4. Expression of Interest may be submitted by a sole firm or a joint venture of consulting firms and the maximum number of partners in JV shall be limited to three. The consulting firm with one JV shall not form JV with other consulting firms. In case of International Consulting firm, the firm should form joint venture with at least one National consulting firm. In case of JV, name, address and other detail of all JV partners and name of leading firm should be clearly mentioned.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hours on **May 08, 2025** EOI shall be opened in 13:00 hours on **May 08, 2025** at the office of Survey Department, Minbhawan Kathmandu.
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on ***Qualification 40 %, Experience 45 %, and Capacity 15%*** of consulting firm and key personnel on the basis of the submitted documents and proof. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is ***70%.***
9. A Consultant will be selected in accordance with the **Quality Cost Based Selection (QCBS)** method and the minimum score to pass the EOI is **70%**.
10. Documents other than Nepali and English shall be translated to English and attested from notary.
11. Eligible consultants will be selected for RFP according to the provision of Public Procurement Act, 2063 and Public Procurement regulation, 2064.

नेपाल विद्युत प्राधिकरण
सिन्धुपाल्चोक वितरण केन्द्र
लामोसाँघु, सिन्धुपाल्चोक
सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
प्रकाशित मितिः २०८२/०१/१०

क्र.सं.	दरभाउपत्र नं.	कामको विवरण
१	NEA/SDC/ 081/082/ SQW-09	Civil Works at Choutara and Lamosanghu under Sindhupalchowk Distribution Center

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.

बढुवा समितिको सचिवालय
कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सूचना
प्रकाशित मितिः २०८२/०१/१०

लोक सेवा आयोगको देहायका बढुवा सूचना नं. सेवा, समूह र श्रेणीको रिक्त पदमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क. बमोजिम जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको मिति २०८२/०१/०९ को निर्णयानुसार देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारहरुलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय गरिएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४च. को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बढुवा सूचना नं. ३३३/०८१-८२
नेपाल कृषि सेवा, ला.पो एण्ड डे.डे. समूह, रा.प. अनं. प्रथम श्रेणी, पशु सेवा प्राविधिक

योग्यताक्रम नं.	कर्मचारी संकेत नं.	सिफारिस उम्मेदवारहरुको नाम
१	२१५५२०	श्री दयाराम चौधरी

नेपाल वायुसेवा निगम
साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभाग
कान्तिपथ, काठमाडौँ
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(सूचना प्रकाशित मिति : २०८२।०१।१०)

यस निगमद्वारा मिति २०८१।११।१९ गतेको गोरखापत्रमा प्रकाशित **"Printing Items"** खरिद गर्नका लागि आह्वान भएको सूचना बमोजिम (E-Bidding/eGP) बोलपत्र मार्फत प्राप्त भएका बोलपत्रमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लिखित बोलपत्र दाताको बोलपत्र छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२), (३) र (५) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	बोलपत्र दाता	सामानको प्रकृति	कुल कबोल रकम (मू.अ.कर सहित)
१.	श्री सुर्यदीप छापाखाना, का.म.न.पा.-१७, काठमाडौँ ॥	Printing Items	रु. २०,८३,५७७।६२

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, दिङ्ला
निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना
(प्रथम पटक प्रकाशित मिति २०८२।०१।१०

भोजपुर जिल्ला, षडानन्द नगरपालिका-१२ बस्ने श्री देवी कला तामाङको मिति २०८१।१२।३१ गते मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालको पति नाता पर्ने षडानन्द न.पा. वडा नं. १२ भोजपुर, नागरिकता नं. ०९१०१४/२०२७ जिल्ला प्रशासन कार्यालय भोजपुरद्वारा जारी भएको, अरुण तामाङले यस बैंकमा मिति २०८२।०१।०९ मा निवेदन दिनुभएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा अरू कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय दिङ्लामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम सफाइ पेश गर्ने सम्बन्धी सूचना
(सूचना प्रकाशित मिति २०८२/०१/१०)

सडक विभाग पुलमा पदाधिकार रहेका नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे उपसमूह, रा.प.अनं प्रथम श्रेणी, सब इन्जिनियर तपाई श्री अस्मिता गुरागाईं (क्र.सं.नं. २४८७७९) ले जम्मा संचित विदा ५७ दिन स्वीकृत गराई मिति २०८१/०७/०४ देखी सडक विभागमा हाजिर हुनुपर्नेमा विना सूचना अनुपस्थित रहेको हुँदा तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१) (छ) को कसूर मा सोही ऐनको दफा ५९ (ख) १ बमोजिम भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय प्रस्तावका सम्बन्धमा सूचना प्रकाशित भएका मितिले १५ दिनभित्र यस विभाग समक्ष आफ्नो सफाइ पेश गर्नुहुन निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
गौचर, काठमाण्डौं
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मिति २०८२/०१/१०)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको तपशिलको कार्यका लागि गोरखापत्र राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरुमध्ये तपशिलमा उल्लेखित बोलपत्रदाता सारभुत रुपमा अधिकतम प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एंव सबै सरोकारवालाहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. स.	कामको विवरण	छनौट भएको बोलपत्र दाता / ठेगाना	कबोल अङ्क (पाँच वर्षको लागि)
१.	विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको आगमन तर्फको प्रथम तल्लामा तोकिएको ५१.६० व.मि. क्षेत्रफलमा महत्वपुर्ण व्यवसायिक व्यक्ति कक्ष (CIP Room) संचालनको लागि	लोकतारा इन्टरप्राईजेज प्रा.लि., गणेश बस्ती वडा नं. ४ काठमाण्डौ महानगर	रु. २,२६,६६,६२०/- (अक्षरेपी : दुई करोड छब्बिस लाख छैसट्ठी हजार छ सय बीस रुपैया मात्र)

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना
(प्रकाशित मिति : २०८२।०१।१०)

यस बैंकको देहाय बमोजिमका शाखाहरूमा कायम रहेका निक्षेप खातावालाहरूको मृत्यु भएको भनी विभिन्न मितिमा हकदाबी निवेदन पर्न आएको हुँदा उल्लिखित हकदार बाहेक अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आ-आफ्नो सबुत प्रमाण सहित सम्बन्धित शाखाहरूमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने र पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

सि. नं.	बैंक शाखा/खाता नं.	खातावाला मृतकको नाम र तीन पुस्ते विवरण	ठेगाना	हकदाबी गर्ने व्यक्ति/नाता
१	**सि.अ. धरान** (०१६) ०१६०१३०७००१३७०००००१ ०१६०२३०७००१३७०००००५	**मृतक - निर्मला राई** बाबु - अनन्तबहादुर राई बाजे - दलबहादुर राई	कोशी प्रदेश, सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. ८	कविता राई (छोरी)
२	**काठमाडौँ बैंकिङ अफिस** (००२) ००२०१०००४९००४१०००००१	**मृतक - रत्न देवी राणा** बाबु - स्व.विर बहादुर भण्डारी श्रीमान् - स्व.दिप शम्शेर राणा	बागमती प्रदेश, चितवन जिल्ला, भरतपुर म.न.पा. ०९	नविन शम्शेर राणा (छोरा)
३.	**काठमाडौँ बैंकिङ अफिस** (००२) ००२०१०००५०१७४४०००००१ लकर नं. ३०५५(D) र ४-१६१(H)	**मृतक - शान्ता देवी श्रेष्ठ** बाबु - आशा लाल श्रेष्ठ श्रीमान् - चिनी काजी श्रेष्ठ	बागमती प्रदेश, का.म.न.पा. २८, पुरानो बसपार्क	रीमा देवी श्रेष्ठ (छोरी)
४.	**काठमाडौँ बैंकिङ अफिस** (००२) ००२०११००५२०९६६०००००१ लकर नं. ३६-ST	**मृतक - रत्नेश्वरी दर्शनधारी** बाबु - रत्न लाल दर्शनधारी बाजे - बाबु लाल दर्शनधारी	बागमती प्रदेश, का.म.न.पा. २२, टेबहाल	मणिक लाल दर्शनधारी (दाइ), नानु दर्शनधारी (भाउजू), सरला कपाली (भाइ बुहारी), कुन्दन सिंह धारी र चन्दन, सिंह धारी (भदाहरू)
५	**नारायणगढ शाखा** (०२४) ०२४०१०००५४०३१३०००००१	**मृतक - विष्णु कुमारी आले भन्ने लुरी मैया आले** बाबु - दल बहादुर राना बाजे - भिम बहादुर राना	बागमती प्रदेश, चितवन जिल्ला, भरतपुर म.न.पा. ०१, दियालो रोड	पंकज आले (छोरा)
६	**सि.अ. हेटौँडा शाखा** (०२५) ०२५०१०००४४६६५४०००००१	**मृतक - रुपक राज बज्राचार्य** बाबु - गजराज बज्राचार्य बाजे - महन्त बज्राचार्य	बागमती प्रदेश, मकवानपुर जिल्ला हेटौँडा उप.म.न.पा १	विद्या लक्ष्मी शाक्य (श्रीमती)

Kathmandu Metropolitan City
यँ महानगरपालिका
Office of the Municipal Executive
Mechanical and Equipment Division, Teku
Kathmandu, Bagmati Province, Nepal
Invitation for Electronic Bids
Notice No. 14-081-82-NCBG-MECH-KMC
Date of Publication: 2082-01-10

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.

IFB No.	Description of Work	Cost of Bidding Document (NRs.)	Bid Bond Amount (NRs.)	Last Date and Time of Bid Submission	Bid Opening Date and Time	Date and Time of Pre-Bid Meeting
14-15-081-82-NCBG-MECH-KMC	Supply and Delivery of Road Recovery Vehicle (Tow Truck) at KMC	3,000.00 (Three Thousand Only)	NRs 2,85,000.00 (Rupees Two Lakh Eighty Five Thousand Only)	2082-02-11 12:00 hour	2082-02-11 14:00 hour	2082-01-31 14:00 hour
14-16-081-82-NCBG-MECH-KMC	Supply and Delivery of Road Recovery Vehicle with Sliding Platform at KMC	3,000.00 (Three Thousand Only)	NRs 2,10,000.00 (Rupees Two Lakh Ten Thousand Only)	2082-02-11 12:00 hour	2082-02-11 14:00 hour	2082-01-31 14:00 hour

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Mechanical and Equipment Division, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Teku, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.
5. Matters not covered under this document will be as per the Public Procurement Act 2063, Public procurement Regulations 2064 & Kathmandu Metropolitan Public Procurement Regulations 2079 (1st Revision 2080).

Environment Management Department
Mechanical and Equipment Division

'के हो ठुलो जगत्मा ?' 'पसिना विवेक'
'उद्देश्य के लिनु ?' 'उडी छुनू चन्द्र एक ।'
– *लक्ष्मीप्रसाद देवकोटा*



सम्पादकीय

सामाजिक सञ्जालको नियमन

लोकतान्त्रिक पद्धति विधिमा आधारित हुन्छ । आफ्नो अधिकार प्रयोग गर्दा अर्कांको हक खोस्ने कार्य लोकतान्त्रिक हुन सक्दैन । स्वतन्त्रता स्वशासन पनि हो । स्वशासनलाई अलि व्यवस्थित तबरले बुझ्दा अनुशासन भन्न सकिन्छ । कुनै पनि व्यक्ति वा संस्थाले सम्पादन गर्ने कार्य स्वअनुशासनमा आधारित हुन सक्यो भने त्यसले पहिलो लाभ सोही संस्थालाई हुन्छ । दोस्रो सो संस्थाप्रति आममानिसको आकर्षण बढ्छ तर अहिले आफू स्वअनुशासनमा बसेरभन्दा अरूलाई औंला देखाएर अगाडि बढ्ने प्रवृत्ति पनि छ । कतिपय संस्था आफ्नै कामकारबाहीप्रति बेखबर हुन्छन् । जानेर वा नजानेर त्यसो गरिएको हुन्छ । धेरै संस्थामा यस्ता दुष्प्रवृत्ति देखिएका छन् । सामाजिक सञ्जाल यसमा अपवाद छैन बरु अलि बढी नै छ । सूचना प्रविधिको विकासको फराकिलो आयामले सामाजिक सञ्जाललाई मानिसको सञ्चार तथा मनोरञ्जनमा नजिकको साथी बनाएको छ । सञ्चार, सूचना र मनोरञ्जनको संसारमा प्रत्येक मानिसलाई जोड्ने कतिपय सामाजिक सञ्जालभित्रका कतिपय विषयवस्तु असामाजिक देख्न सकिन्छ । बिनाआधार आपेक्ष, चरित्रहत्या, गोपनीयतामा अतिक्रमण, अश्लीलता आदिको बबन्डर छ । स्वतन्त्रताका नाममा अमर्यादित सामग्रीले विकृति र विसङ्गति फैलाएको छ । अपराधका घटनामा बढोत्तरी छ । त्यसैले लोकतन्त्र र स्वतन्त्रताका मूल्य र मर्मलाई प्रवर्धन गर्नुपर्ने सामाजिक सञ्जालको भूमिकामा अनेक प्रश्न उठ्दा नियमनको आवाज बलियो हुँदै छ ।


सामाजिक सञ्जालभित्रका असङ्गतिले साइबर सुरक्षामा प्रश्न उठ्दो छ । व्यक्तिको गोपनीयतादेखि डिजिटल वित्तीय कारोबारमा समेत समस्या थपिँदा छन् । त्यसैले पनि सामाजिक सञ्जालको नियमन आवश्यक देखिन थालेको हो । असङ्गति न्यूनीकरण गर्न स्वनियमन सबैभन्दा उत्तम बाटो हो तर त्यसो हुन नसकेपछि संस्थागत नियमनको संरचना आवश्यक हुने नै भयो । नियमनले व्यक्तिको स्वतन्त्रता अतिक्रमण गर्ने भयसमेत विमर्शमा छ तर साइबर सुरक्षा, सामग्री छनोटलगायतका कार्यसहितका विषयलाई दृष्टिगत गरेर सामाजिक सञ्जालको सूचीकरण, नियमन र सम्पर्कको माध्यम तोक्न आवश्यक देखिन थालेको महसुस भएको हो । यसका निम्ति सरकारले सामाजिक सञ्जाललाई दर्ताका निम्ति आह्वान गर्नु स्वाभाविक छ । दर्ता हुनुलाई नराम्रो गरी बुझ्नु हुँदैन । कुनै पनि देशले गोपनीयताका सन्दर्भमा सामाजिक सञ्जालका सञ्चालकको सहयोग लिन सक्छ । अपराध अनुसन्धानमा पनि सहयोग माग्न सक्छ । साइबर सुरक्षादेखि डाटा सुरक्षासम्मलाई सामाजिक सञ्जाल दर्ताले सहयोग पुग्न सक्छ । एक महिनाअघि सूचना नै प्रकाशित गरेर सरकारले सामाजिक सञ्जालको दर्ता प्रक्रिया अगाडि बढाएको हो । सामाजिक सञ्जालका सञ्चालकसँग सरकारले गर्न चाहेको औपचारिक संवाद पनि हो यो । यसलाई अन्यथा बुझ्नु गलत हुन सक्छ । सामाजिक सञ्जालभित्रको अराजक पाटोलाई नियन्त्रण गर्न सकिएन भने आगामी दिनमा अझ धेरै समस्या पर्न पनि सक्ने छ ।

सरकारले २०८१ चैत ७ गते सूचना प्रकाशित गरी सामाजिक सञ्जाललाई सूचीकरणका लागि सम्पर्कमा आउन आह्वान गरेको थियो । वैशाख ७ गतेसम्ममा फेसबुकसहितका सामाजिक सञ्जाल सञ्चालन गर्ने मेटा कम्पनीका प्रतिनिधि सरकारको सम्पर्कमा आएको पाइयो । टिकटक, भाइबरलगायत दर्ता भए तर चाहे जस्तो उत्साहजनक सहभागिता भने देख्न सकिएन । सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ सामाजिक सञ्जाललाई व्यवस्थित बनाउन प्रतिबद्ध देखिनुभएको छ । त्यस क्रममा समाजप्रति उत्तरदायी बनाउने र सामाजिक सञ्जाल सञ्चालकको सम्पर्कविन्दु तोक्ने कार्यमा सूचीकरण आवश्यक पर्नु स्वाभाविक हो । राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता र समाजको समग्र हितलाई दृष्टिगत गरेर नै यो कदम अगाडि बढाइएको हो । सामाजिक सञ्जाल सूचीकरण र नियमन सामाजिक सञ्जालको मर्यादामा अझ बढोत्तरी हुन सक्ने छ । सामाजिक सञ्जाल पछिल्ला दशकका उपलब्धि हुन् । यससम्बन्धी कानुनी संरचना विश्वभर बन्ने क्रममा छन् । कतिपय देशमा बनेका छन् र कतिपय देशमा अब बन्ने छन् । स्वाभाविक छ, नेपालभित्र व्यवसाय गर्ने कुनै पनि कम्पनी नेपालमा पनि दर्ता हुनु नराम्रो होइन । यसमा ठुलो कानुनी आधार खोजिरहनु जरुरी होइन । कतिपय सामाजिक सञ्जलाका प्रतिनिधिले कानुनी प्रश्न उठाए भनिन्छ । कानुनी संरचना आवश्यकता अनुसार बन्ने र बनाउने हो । त्यसका निम्ति समय लाग्न सक्छ तर नेपालभित्र उपस्थित जनाइसकेका सामाजिक सञ्जाल दर्ता वा सूचीकरण गरिनु आवश्यक नै कदम हो । यसले सामाजिक सञ्जालका कारण कुनै पनि व्यक्ति वा संस्था पीडित हुने बाटो बदलिन सक्ने देखिन्छ ।

१०० वर्षअघिको

गोर्खापत्र

१९७० साल भाद्र ३ गते सोमबार



प्रार्थना.

हिन्दुस्थानका देशी राजाहरूका तर्फ बाट भारत-गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा "अबदेखी भारत-सर्कारले धनी जिमदार र व्यापारी वगैरेलाई राजा महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि बेङ्कटेश्वर लेखतछ.

प्रार्थना.

हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत-गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा "अबदेखी भारतसर्कारले धनी जिमदार र व्यापारीहरूलाई राजा-महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि बेङ्कटेश्वर लेखतछ.

प्रकृते क्रियमाणानि गुणैः
कर्माणि सर्वशः ।
अहङ्कारविमूढात्मा
कर्ताहमिति मन्यते ।।

वास्तवमा सबै कर्म प्रकृतिकै गुणद्वारा गरिन्छन्, तैपनि जसको अन्तःकरण अहङ्कारले मोहित हुन्छ, यस्तो अज्ञानी 'म नै कर्ता हुँ' भन्ने ठान्छ ।

– श्रीमद्भगवद्गीता

चिन्तन

लेख प्रतिक्रियाका लागि
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

आर्थिक विकासका लागि व्यापार



भुदेव झा



मुलुकको आर्थिक विकासका लागि व्यापारको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालको संविधानको धारा ५१ (घ) अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र स्रोतसाधनको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने, औद्योगिक कोरिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबिच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने उल्लेख गरिएको छ।

साथै अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने सम्बन्धमा नीतिले मुलुकको समग्र उद्योग तथा वाणिज्य प्रतिको दृष्टिकोण प्रस्ट पारेको छ । त्यसै गरी प्रधानमन्त्रीको अध्यक्षतामा सार्वजनिक-निजी क्षेत्रबिच नियमित संवाद गरी आर्थिक विकासमा सहयोग पुऱ्याउन निजी क्षेत्रसहितको उच्चस्तरीय उद्योग वाणिज्य प्रवर्धन संवाद् परिषद् सञ्चालनमा रहेको छ । सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले २०७९/८० को १:१०.३ अवस्थाबाट निर्यात/आयात अनुपातलाई २०८५/८६ मा १:८.५ मा झार्ने लक्ष्य राखेको छ। आर्थिक वर्ष २०८०/८१ मा आयाततर्फ करिब १५ खर्ब ९३ अर्ब रुपियाँ हुँदा निर्यात एक खर्ब ५२ अर्ब रुपियाँमा सीमित छ। आयात निर्यातको यस्तो असन्तुलनले मुलुकको समग्र अर्थतन्त्रमा स्वाभाविक असर पर्छ । नेपालको निर्यात अत्यधिक निर्भरता सीमित मुलुकमा छ। व्यापार तथा आर्थिक विकासका लागि नेपालको संविधानले अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमार्फत मार्गदर्शन प्रदान गरेको छ। आव २०८०/८१ मा आयात १.२ प्रतिशतले र निर्यात ३.० प्रतिशतले घटेको छ। अघिल्लो वर्ष आयात १६.१ प्रतिशतले र निर्यात २१.४ प्रतिशतले घटेको थियो । आयात निर्यातको यस्तो असन्तुलनले मुलुकको समग्र अर्थतन्त्रलाई प्रभावित गरेको छ । व्यापार एक बहुआयामिक विषय भएकाले व्यापार घाटा न्यूनीकरण गर्न निजी क्षेत्रलगायत सबै सरोकारवालाको सार्थक सहभागिता एवं सहयोगको आवश्यकता छ।

मुलुकको वैदेशिक व्यापारको समग्र स्थितिको मूल्याङ्कनसहित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा नेपाल व्यापार एकीकृत रणनीति, २०८० (२०७९/८०-२०८४/८५) तयार पारिएको छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको निर्बाध पहुँचका निम्ति नेपालले सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्यता लिनुका साथै दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा), विप्पा सम्झौता, पारवहन सम्झौता र भारतसँग दोहोरो करमुक्ति सम्झौतालगायत थुप्रै क्षेत्रीय तथा द्विपक्षीय व्यापार सम्झौतासँग आबद्धता जनाएको छ । यद्यपि हामी आफ्नै कारणले सम्झौता अनुसारको लाभ लिन भने सकिरहेका छैनौं।

सार्वजनिक तथा निजी क्षेत्रबिच नियमित संवाद र सहकार्य गर्ने, व्यावसायिक वातावरण सहजीकरण गर्ने, मुलुकमा लगानी प्रवर्धन गरी रोजगारीका अवसर सिर्जना गर्ने र आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यसहित नेपाल सरकार मन्त्रीपरिषद्बाट उद्योग वाणिज्य प्रवर्धन संवाद परिषद् गठन आदेश २०७५ स्वीकृत भएको हो । प्रधानमन्त्रीको अध्यक्षतामा निजी क्षेत्रसहितको उच्चस्तरीय परिषद्मा अर्थमन्त्री, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री र संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल सरकारका मुख्यसचिव, नेपाल राष्ट्र बैङ्कका गभर्नर र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिव रहने व्यवस्था छ। साथै प्रधानमन्त्री एवं परिषद्का अध्यक्षबाट निजी क्षेत्रका लगानी, उत्पादन, रोजगारी, निर्माण, निर्यात, स्टार्ट अप तथा नव प्रवर्तन व्यवसाय, पुँजी बजार, वित्त, युवा उद्यमी, सेवा उद्योग, पर्यटन व्यवसाय, स्वास्थ्य तथा औषधी, कृषि, लघु तथा साना उद्यमलगायतका क्षेत्रका व्यवसायी मध्येबाट २५ जना सदस्य मनोनित हुने प्रावधान छ। त्यसै गरी निजी क्षेत्रका छाता सङ्गठनका अध्यक्ष पदेन सदस्यको रूपमा मनोनीत हुने व्यवस्थासमेत छ।

> स्वदेशी उत्पादनमा आत्मनिर्भर हुँदै निकासी प्रवर्धन गर्न परिषद्ले ठोस कार्ययोजना निर्माण गरी मुलुकलाई मार्गचित्र दिन सक्नु पर्छ । आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारीमा सहलगानी तथा सहकार्य, लगानी विस्तार, रोजगारी सिर्जना, उत्पादन तथा उत्पादत्व वृद्धि र गुणस्तर सुधारमा सरकारी र निजी क्षेत्रबाट पहलकदमी लिन वस्तुगत आधार तय गर्न परिषद् सक्रिय हुनु पर्छ ।

परिषद्ले मुलुकको आर्थिक विकाससम्बन्धी समष्टिगत र क्षेत्रगत नीति तथा सैद्धान्तिक विषयमा गर्नुपर्ने सुधार, प्रभावकारी सार्वजनिक निजी संवाद र सहकार्यका लागि संस्थागत तथा व्यवस्थापकीय विषयमा सुधारका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्छ । साथै देशको औद्योगिक, आर्थिक, मौद्रिक, वाणिज्य, निकासी तथा पैठारी र संस्थागत सुशासन (कर्पोरेट गभर्नेन्स) का क्षेत्रमा नीतिगत सुधार, औद्योगिक तथा श्रम सम्बन्धका विषयमा नीतिगत सुधार र उद्योग वाणिज्य क्षेत्रको प्रवर्धनका लागि गर्नुपर्ने अन्य नीतिगत सुधारका लागि समेत नेपाल सरकारसमक्ष सिफारिस गर्ने व्यवस्था छ। त्यसै गरी मुलुकमा व्यावसायिक लगानीका लागि सबल र सहयोगी वातावरण निर्माणसहित समन्वय र सामञ्जस्य कायम गर्ने कार्य पनि परिषद्लाई तोकिएको छ।

यद्यपि उद्योग वाणिज्य प्रवर्धन संवाद परिषद् जुन उद्देश्य तथा काम, कर्तव्य र अधिकारका लागि गठन भएको थियो सो अनुरूप अपेक्षाकृत रूपमा परिषद् सक्रिय हुन सकेको छैन । परिषद्को ठुलो संरचना, सदस्यको विविधीकरणले भेला हुने समय निर्धारण एवं परिषद्को स्थायी सचिवालयको व्यवस्था नभएका कारणले परिषद् सक्रिय रूपमा कार्य गर्न सकेको छैन । हालै नेपाल सरकारले व्यवसायमैत्री वातावरण बनाउँदै अर्थतन्त्रलाई गतिशील बनाउन २ ९ वटा ऐनमा अध्यादेशमार्फत संशोधन गरेको छ । जसमा आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी १२ वटा कानुन रहेका छन् । नेपाल सरकारबाट अध्यादेशमार्फत भएका कानुनी सुधारलाई सदुपयोग गर्दै आर्थिक विकासलाई टेवा दिन परिषद् सक्रिय भई कार्यसञ्चालन गर्न ढिलो भइसकेको छ । परिषद्लाई सक्रिय बनाउन सानो सङ्ख्यामा कार्यात्मक समूह गठन गरी मुलुकमा व्यावसायिक लगानीका वातावरण निर्माण गर्नु पर्छ । यसका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा क्रियाशील संयन्त्र निर्माण गरी परिषद्लाई अझ प्रभावकारी बनाउन सकिन्छ ।

परिषद्को आगामी कार्यदिशा

स्वदेशी उत्पादनमा आत्मनिर्भर हुँदै निकासी प्रवर्धन गर्न परिषद्ले ठोस कार्ययोजना निर्माण गरी मुलुकलाई मार्गचित्र दिन सक्नु पर्छ। आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारीमा सहलगानी तथा सहकार्य, लगानी विस्तार, रोजगारी सिर्जना, उत्पादन तथा उत्पादत्व वृद्धि र गुणस्तर सुधारमा सरकारी र निजी क्षेत्रबाट पहलकदमी लिन वस्तुगत आधार तय गर्न परिषद् सक्रिय हुनु पर्छ। राष्ट्रिय प्राथमिकतामा रहेका उत्पादनशील तथा रोजगारीमूलक क्षेत्रमा निजी लगानी प्रवर्धन, नवप्रवर्तन, स्टार्टअप, सूचना प्रविधि जस्ता क्षेत्रहरूको विकास र विस्तारमा परिषद्ले सरकारलाई सकारात्मक वातावरण निर्माण गर्नमा सघाउनु पर्छ । उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि नवीनतम प्रविधिको प्रयोग र सिप तथा क्षमता विकाससँगै निर्यातजन्य उद्योगहरूको स्थापनामा परिषद्ले समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्छ । नेपालको तुलनात्मक लाभ भएका र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको उत्पादन, उत्पादकत्व तथा निर्यात वृद्धि गर्नमा परिषद्ले सहयोगी भूमिका खेल्नु पर्छ र असन्तुलित व्यापार घाटा कम गरी मुलुकको आर्थिक विकासका लागि समेत क्रियाशील रहनु पर्छ।

सार्वजनिक प्रशासनका चुनौती



रीता भण्डारी

बाहिरी मुलुकसँग २००७ सालपछि जोडिन थालेको नेपाल २०६२/६३ को शान्ति प्रक्रियापछि संसारसँग झन् नजिकिएको छ । देशमा चलेको एक दशक लामो द्वन्द्व र त्यसको रूपान्तरणका लागि नेपालका सात राजनीतिक दल र तत्कालीन विद्रोही पार्टी नेकपा माओवादीको सहमतिमा चलेको शान्तिपूर्ण आन्दोलन, शान्ति सम्झौताका विभिन्न चरणदेखि अन्तरिम संविधान, अन्तरिम संसद् र संविधान सभाको चुनावका कारण नेपाल बाहिरी मुलुकसँग झन् चिनियो।

२०७२ सालको नयाँ संविधान घोषणा, स्थानीय चुनाव र प्रदेशदेखि सङ्घीय चुनाव र यहाँ हुने विकासको कामलाई विश्व समुदायले नजिकबाट हेरिरहेको छ । नेपालले पटक पटक अन्तर्राष्ट्रिय दिनहरूलाई समेत प्रतिविम्बित गराउने गरी पर्यावरण, तापक्रम वृद्धि, हिमनदीहरूको अवस्था र यी समस्याले विकास निर्माण र मानवजातिको दिनचर्याका बारेमा राजनीतिक, प्रशासनिक र अनुसन्धानको तहबाट पनि जानाकारी दिइरहेको छ । तसर्थ आजको बदलिँदो समय र संसार म्याक्लुहानले भने जस्तै एउटा गाउँ बनेको सन्दर्भमा छिटो छरितो र भरपर्दो सार्वजनिक प्रशासनको माध्यमबाट नेपालीको विश्वास आर्जन गर्न आवश्यक छ । नेपालका सार्वजनिक संस्थाहरू २०४० को दशकदेखि एकपछि अर्को गरेर सरकारले स्वामित्व छाड्दै गएको समयमा आफ्नो उत्पादन बढाउन, रोजगारी वृद्धि गर्न र जनतालाई सरकारका काममा सहभागी गराउन सार्वजनिक प्रशासनले भूमिका खेल्नु पर्छ ।

स्थानीयदेखि केन्द्र सरकारले उपलब्धि मात्र सुनाउने र ती उपलब्धिको अपनत्व जनस्तरबाट नभएसम्म सरकार र सार्वजनिक प्रशासनले चुनौतीको सामना गरिरहनु पर्छ । राम्रो कामको मूल्याङ्कन गर्ने बहानामा नराम्राले प्रश्रय पाउने र यसबाट जनताले दुःख पाउने भयो भने प्रश्न उठ्ने भनेको राजनीतिक प्रणाली र उक्त प्रणालीलाई सफल बनाउने प्रशासनिक संयन्त्रले नै हो । नेपालको पछौटेपन, बढ्दो बेरोजगारीका कारण नेपालमा चुनौती धेरै छन् र तिनीहरू विशेष परिस्थिति र प्रदेश अनुसार भिन्न पनि हुन्छन् । केही सामान्य छन् र हुन्छन् । तिनीहरू नेपालको कोशी प्रदेश, मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका मानिसहरूको रहनसहन, संस्कृति र मानिसहरूको व्यवहार र पहिचानलाई सार्वजनिक प्रशासनले बुझ्नु सान्दर्भिक देखिन्छ ।

सबैभन्दा पहिला नागरिकले आफ्नो सरकारमा रहेको थोरै मात्रको विश्वासमा चुनौती देखेका छन् । गएको तीन महिनामा सरकार बदलिँयो, मन्त्री फेरिए, ड्राइभर र सचिवालयबाहेक बाँकी फेरिएका कुरा सरकारले जनतालाई थाहा दिनु आवश्यक छ । नेपालमा चुनौती धेरै छन् तर सरकारले सार्वजनिक प्रशासनलाई जनताको पक्षमा बदल्न आवश्यक छ। सरकारले के सही छ र किन यो काम आवश्यक छ भनेर निष्पक्ष रूपमा प्रशासनिक संयन्त्रमार्फत जानाकारी दिएमा प्रशासन पनि बदलिन्छ र नागरिकमा सरकारप्रतिको विश्वास बढ्दै जान्छ । सार्वजनिक प्रशासनको विश्वासमा आएको ह्रास राजनीतिक प्रणाली र शासनमा रहेका दलहरूका लागि चुनौतीको चाङ नै हो । त्यस कारण सरकारले सरकारका कार्यक्रम र नीतिहरू व्यवस्थापन गर्ने माध्यमलाई समाज र नागरिक हितका लागि तिनीहरूको प्रभावकारी कार्यान्वयनमा सुनिश्चितता गर्नु आवश्यक छ।

सरकारबाट शासितहरूले गम्भीर परिस्थितिमा जस्तै बाढी, तापमानका समस्यामा सरकारका सार्वजनिक संस्थामा कतिको निर्भर हुन्छन् र कसरी सरकारको समर्थन तथा विरोधका कार्यहरू सञ्चालन गर्छन् भन्ने कुरा पनि सरकारले बुझ्ने भनेको प्रशासनको माध्यामबाट नै हो र यो एक महत्त्वपूर्ण हुन सक्छ जब प्रस्तावित संरचनात्मक सुधारको लागि सरकारले दीर्घकालीन समर्थन लिने कुरा आउँछ त्यस बेला विशेष गरी सरकारले सार्वजनिक वस्तु र सेवाहरू समयमा दिने कुरा नै गरेको हुन्छ। सरकारले दैनिक रूपमा अन्तर्क्रिया गर्ने सार्वजनिक प्रशासन प्रणालीमा नागरिकको विश्वास बढाउन कसरी सम्भव हुन सक्छ भनेर सोचे जस्तो नगरी अबको समय भनेको छोटो अवधिमा नतिजा हासिल गर्न तयार बन्नु हो।

नेपालमा आर्थिक सङ्कटलाई पार लगाउँदै नेपाली जनतालाई बढीभन्दा बढी लाभ र सन्तुष्टि दिने भन्ने विषयमा स्पष्ट रूपमा सरकार सरल बन्न आवश्यक छ। सार्वजनिक प्रशासनका कुरालाई राजनीतिक पार्टीको नैतिकता, आचरण र व्यवहारसँग जोडेर दक्षताका लागि दक्षता, अनावश्यक बजेट कटौती र बजेट फ्रिजको अधिक चक्रबाट देशलाई जोगाएर अर्थतन्त्रको केही हदसम्म फराकिलो नवव्यवस्थापकीय आयामका बारेमा बहस र छलफल हुने वातावरण बन्नु पर्छ । वैश्विक रूपमा हेर्दा क्रिस्टोफर हुड र क्रिस्टोफर पोलिटले बताउने गरेको 'कटब्याक' रणनीति मार्क ब्लिथ, डेभिड स्टकलर र सञ्जयबासुले रेखाङ्कित गरे झैं सरकारले धेरै उच्च आर्थिक लक्ष्य हासिल गर्न सामाजिक लागतहरू बढाउन आवश्यक छ। यसका लागि फेरि अपरिहार्य मितव्ययिताको सन्दर्भमा सरकारको बजेट स्रोतहरू कसरी प्रभावकारी रूपमा लक्ष्य र उद्देश्य प्राप्त गर्न प्रभावकारी रूपमा वितरण र व्यवस्थापन गर्न सकिन्छ भनेर पनि सरकार र सार्वजनिक प्रशासनको चासो हुन आवश्यक छ । यसका लागि सरकारका दैनिक कार्य सञ्चालन गर्ने सार्वजनिक कार्यक्रमको भविष्यको दिगोपनमा पनि सार्वजनिक प्रशासनले सबै जिम्मेवारी वहन गर्न आवश्यक छ।

वर्तमान समयको अर्को चुनौती भनेको व्यक्तिगत रूपमा चलेका संस्थाको उदयमा निहित छ । नेपालमा संवैधानिक रूपमा समाजबाद उन्मुख राज्य बनाउने भनिए पनि सार्वजनिक संस्थाहरूको आधारभूत विशेषताको ख्याल नगरी सरकारले नै सार्वजनिक संस्थालाई कमजोर बनाउँदै लगेको छ। दोस्रो विश्वयुद्धपछि अमेरिकामा भएका सार्वजनिक संस्थालाई कसरी बलियो र उत्तरदायी बनाउने विषयमा छलफल र अनुसन्धान भए । हो यो कुरा कुनै पनि राजनीतिक सम्बद्धतासँग जोडिएको हुन्छ । सन् २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयको सार्वजनिक प्रशासन पनि राजनीतिकै कारण लथालिङ्ग भएको हो भन्ने बुझेर देशका लागि आवश्यक सुधार त्यहींबाट गर्न आवश्यक छ । बदलिँदो समयको व्यापक प्राविधिक ज्ञान भएका व्यक्तिको नेतृत्वमा र उच्च विशिष्ट कार्यहरू सम्पन्न गर्न सक्ने नेतृत्वकर्ताको हातबाट नै सार्वजनिक प्रशासनमा सुधार आउँछ भन्ने कुरा सबैले बुझ्न आवश्यक छ । यसका लागि सरकारले संस्थागत निर्णयलाई अहिलेको राजनीतिक प्राथमिकता वा प्राथमिकताका अधिनमा रहेर गर्नु पर्छ। देशका स्वायत्त संस्थाहरूलाई संस्थागत डिजाइनको उच्च विशिष्ट रणनीतिलाई प्रयोग गर्न दिएमा मात्र जनताका खुसी र सरकारप्रतिको विश्वास लिन सकिन्छ । केही वर्षअघि नेपालीले भोग्नु परेको कहाली लाग्दो लोडसेडिङको तालिका बदलिएर नेपाल आज भारत र बङ्गलादेशमा बिजुली बेच्ने अवस्थामा पुगेको कथ्यबाट सरकार र आमनागरिकले सकारात्मक रूपबाट सोच्नु पर्छ।

अर्को चुनौती भनेको सार्वजनिक प्रशासनको अन्तर्राष्ट्रिय आयामसँग नेपालको सार्वजनिक प्रशासन पनि सम्बन्धित छ भनेर बुझ्नु पर्छ। विश्वमा हाल ५.० को प्रशासनिक नीतिमा बहस र लागु भइसकेको समयमा हामी त्यसबाट अलग्गिन सक्दैनौं । वर्तमान समयमा दैनिक सार्वजनिक नीतिहरूको विकासमा अन्तर्राष्ट्रिय कारकहरू धेरै महत्त्वपूर्ण छन् । आज सरकारहरूले सामना गर्ने धेरै जटिल समस्या स्थानीय हुँदै अन्तर्राष्ट्रिय समस्या पनि बनेका छन । तापमानको वृद्धि र हिमनदीको समस्या, जलवायु परिवर्तन, हतियारको तस्करी, बसाइँसराइ, लागुपदार्थको तस्करी र रोगको प्रकोप, गरिबी यस्ते उदाहरण हुन्। यी परिस्थितिसँग जुध्न सरकारले समन्वित बनेर अन्तर्राष्ट्रिय क्षेत्रसँग कार्य गर्नु पर्छ।

यसबाहेक, धेरै धेरै विविध सार्वजनिक नीति क्षेत्रहरूमा, संस्थागत परिवर्तनको गतिशीलता राष्ट्रिय वार्ताको तुलनामा अन्तर्राष्ट्रिय अन्तरनिर्भरतासँग बढी जोडिएको देखिन्छ । आर्थिक उदारीकरणको प्रक्रिया, मानव अधिकार संस्थाको निर्माण, सार्वजनिक नियुक्तिमा लैङ्गिक सन्तुलनका लागि मापदण्डहरू, समावेशिताको पक्षसहित अन्य धेरै घटनाक्रमले नीति प्रसार र स्थानान्तरणको अन्तर्राष्ट्रिय ढाँचाको केन्द्रीयतालाई प्रस्टाउने गरेको पाइन्छ । शिक्षा र भ्रष्टाचारविरुद्धको लडाइँ जस्ता क्षेत्रमा अन्य देशको नीतिगत अनुभवबाट सिक्न सक्षम प्रशासनको निर्माण हुन आवश्यक छ। कुनै पनि देशको सरकारले हाल सामना गरिरहेको राजनीतिक प्रशासनिक चुनौती यहाँ विश्लेषण गरिएभन्दा बाहिरका हुँदै होइन । यद्यपि यहाँ पहिचान गरिएका चार क्षेत्र र हाम्रो देशको सार्वजनिक प्रशासनको प्रकारको बारेमा समृद्ध, र छलफललाई जीवन्त बनाउनका लागि सरकारले २१ औं शताब्दीका चुनौतीहरू सामना गर्न आवश्यक छ।

वस्तुगत प्रश्नोत्तर

१. **विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का सदस्य मुलुकबिच भविष्यका महामारीको सामना गर्नेसम्बन्धी सम्झौतामा कहिले सम्झौता भएको हो ?**
✍ **सन् २०२५ अप्रिल १६**

World Health Organization

- कोभिड-१९ को समयमा गरिएका गल्ती नदोहोऱ्याइ भविष्यका महामारीसँग जुध्ने उद्देश्यका साथ ऐतिहासिक सम्झौतामा सहमत भएका ।
- सम्झौताको मूल उद्देश्य रोगविरुद्ध औषधी कम्पनीसँग द्रुत साझेदारी सहज बनाउनु र महामारीविरुद्धको सङ्घर्ष सहज पार्नु हो ।

२. **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजनामा 'राष्ट्रिय मूर्तिकला सम्मेलन' कहिले सम्पन्न भएको हो ?**
✍ **विसं २०८२ वैशाख ५-६, काठमाडौँ**
- सम्मेलनले १५ बुँदे घोषणापत्र जारी गरेको ।

३. **कोशी प्रदेश सरकारद्वारा पहिलो पटक लगानी सम्मेलनको आयोजना कहिले गरिने भएको छ ?**
✍ **विसं २०८२ वैशाख १८ र १९**
- यसअघि माघ ११-१३ का लागि तय गरिएको सम्मेलन स्थगन भएको थियो ।
- सम्मेलनमा प्रस्तुत हुने परियोजनामा उद्योग र पर्यटन क्षेत्रका आयोजना बढी रहने जनाइएको ।

४. **नेपालमा हाल (२०८२ वैशाख) सम्म चरा प्रजातिको सङ्ख्या कति पुगेको छ ?**
✍ ८९९
- पूर्वी नेपालको इलाम सुखानीमा नयाँ प्रजातिको चरा 'बैजनी कोइली' 'भ्वाइलेट कुक्कु' फेला परेको ।
- वैज्ञानिक नाम : क्राइसोककस साइन्थोरिंकस
- नेपाल पन्छीविद् सङ्घले विसं २०८२ वैशाख ३ मा यस बारेमा जानकारी दिएको ।
- ८९८ औँ : पर्पल-रम्पेड सनबर्ड (२०८१ फागुन)
- ८९७ औँ : खैरो झाडी फिस्टो (ब्राउन बुस वार्ब्लर), (२०८१ मङ्सिर))
- ८९६ औँ : तालु धर्से अर्जुनक (स्पोटेड फ्लाइक्याचर), (२०८१ श्रावण)
- ८९५ औँ : फुस्रो सारौँ (विसं २०८१ वैशाख)

५. **नेपालको प्रवासन दर प्रतिहजार जनसङ्ख्यामा कति रहेको छ ?**
✍ **७.५ प्रतिशत**

६. **हात्तीको मुखाकृति जस्तै रहेको हात्तीढुङ्गा कहाँ अवस्थित छ ?**
✍ **जैमिनी नपा-९, पैयुँथन्थाप**



- हात्तीको मुखाकृतिको रूपमा रहेको सो शिला २००६ सालतिर देखिएको स्थानीयको भनाइ रहेको ।
- सो आकृतिलाई २०१२ सालदेखि गणेशको रूपमा पूजा गरिँदै आएको ।
- उक्त हात्तीढुङ्गा स्थानीय पर्यटकको आकर्षणको केन्द्र बने पनि बाह्य पर्यटकको पर्खाइमा रहेको छ ।

७. **शिलापत्र वर्ष खेलाडी २०८१ घोषित हुन सफल खेलाडी को हुन् ?**
✍ **पलेशा गोवर्धन**
- उनले सन् २०२४ को पाराओलम्पिकमा नेपाललाई पहिलो ऐतिहासिक पदक (काँस्य) दिलाएकी ।
- उनी दोस्रो पटक 'वर्ष खेलाडी' घोषित भएकी । यसअघि २०७८ सालमा पनि उनी शिलापत्र वर्ष खेलाडी घोषित भएकी हुन् ।
- शिलापत्र वर्ष खेलाडी २०८० क्रिकेटर दीपेन्द्रसिंह ऐरी घोषित भएका थिए ।

८. **वर्ल्ड इकोनोमिक फोरमको योङ ग्लोबल लिडर-२०२५ छनोट हुन सफल व्यक्तित्व को हुन् ?**
✍ **कामपा उपमेयर सुनिता डङ्गोल**
- संसारभरबाट संस्कृति, सम्पदा, खेल, व्यापार, समाजसेवा, राजनीतिलगायत विभिन्न विधामा ४० वर्ष मुनिका ११६ जना छनोटमा परेका । दक्षिण एसियाबाट ११ जना छनोट हुँदा नेपालबाट डङ्गोल मात्र छानिएकी हुन् ।
- डङ्गोल राजनीति क्षेत्रबाट छानिएका १९ जनामध्ये एक हुन् ।
- डङ्गोलसँगै थाइल्यान्डकी प्रधानमन्त्री पेटोङटार्न सिनावात्रा र भारतका नागरिक उड्डयनमन्त्री किंजरापु राममोहन नायडु पनि राजनीति क्षेत्रबाटै छनोट भएका ।

९. **कफी खेती सर्वेक्षण, २०७५ अनुसार कफी उत्पादनमा पहिलो स्थानमा रहेको जिल्ला कुन हो ?**
✍ **काभ्रेपलाञ्चोक (दोस्रो : स्याङ्जा र तेस्रो सिन्धुपाल्चोक)**

१०. **ह्वाइट हेल्मेट के सँग सम्बन्धित छ ?**
✍ **सिरियाको द्वन्द्वग्रस्त क्षेत्रमा त्यहाँका नागरिकहरूको रक्षार्थ सञ्चालित स्वयंसेवी सङ्गठन**

११. **पारिवारिक डिएनएको माध्यमबाट हराएको व्यक्तिको पहिचान गर्नका लागि इन्टरपोलद्वारा सञ्चालनमा ल्याइएको डाटा बेसलाई के भनी चिनिन्छ ?**
✍ **आई फेमिलिया**


१२. **नेपालमा सन् २०२५ सम्ममा कुपोषणको दर कति प्रतिशतमा झार्ने लक्ष्य रहेको छ ?**
✍ **२४ प्रतिशत (सन् २०३० सम्म १४ प्रतिशतमा झार्ने लक्ष्य रहेको ।)**

१३ **कृषि ज्ञानकेन्द्र कहाँ स्थापना गरिने भएको छ ?**
✍ **फक्ताङलुङ, ताप्लेजुङ**

१४. **नेपालले कहिलेसम्म हात्तीपाइले रोग निवारण गर्ने लक्ष्य लिएको छ ?**
✍ **सन् २०३०**

१५. **विश्व पृथ्वी दिवस कहिले मनाइन्छ ?**
✍ **अप्रिल २२**
- सन् २०२५ को नारा : आवर पावर : आवर प्लानेट (हाम्रो शक्ति : हाम्रो प्लानेट)
- सन् २००९ मा संयुक्त राष्ट्रसङ्घको ६३ औँ महासभा बैठकले अप्रिल २२ को दिनलाई विश्व पृथ्वी दिवसका रूपमा मनाउने निर्णय गरेको ।

१६. **मिसेस डिभा नेपाल-२०२५ को ताज चुम्न सफल युवती को हुन् ?**
✍ **सङ्गीता अधिकारी (सिनामङ्गल, काठमाडौँ)**
- उनले ताजसँगै एनएफइए अवार्ड २०२६ लण्डनमा सहभागी



हुनका लागि इन्ट्री प्याकेजसमेत प्राप्त गरेकी ।
- सो प्रतियोगितामा टीका रानामगर फस्ट रनरअप र सम्झना गौतम सेकेन्ड रनरअप चयन भएका ।

१७. **पोप फ्रान्सिसको निधन कहिले भएको हो ?**
✍ **सन् २०२५ अप्रिल २१ (८८ वर्षको उमेरमा)**
- पोप फ्रान्सिसको नाम जर्ज मारियो बर्गोग्लियो हो ।
- उनी रोमन क्याथोलिक चर्चको नेतृत्व गर्ने पहिलो ल्याटिन अमेरिकी जेसुइट थिए ।

१८. **सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा उच्चस्तरीय सुशासन आयोग गठन गर्ने निर्णय कहिले गरेको हो ?**
✍ **विसं २०८२ वैशाख ८**
- निजी क्षेत्रको समेत प्रतिनिधित्व रहने सो आयोग १५ सदस्यीय हुने ।
- आयोगमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोकसेवा आयोग, योजना आयोगलगायत निकायका अधिकारी सदस्य रहने ।

१९. **भारतले शक्तिशाली लेजर हतियारको सफल परीक्षण कहिले गऱ्यो ?**
✍ **सन् २०२५ अप्रिल २०**
- यो हतियारले साना क्षेप्यास्त्र, हेलिकप्टर र ड्रोनलाई खसाल्न सक्ने जनाइएको ।
- डिफेन्स रिर्सच डेभलपमेन्ट अर्गनाइजेसन (डिआरडिओ) ले अप्रिल २० का दिन आन्ध्र प्रदेशको कुर्नुलमा परीक्षण गरेको ।
- यो परीक्षण पछि भारत आधुनिक लेजर हतियार भएका चिन, अमेरिका, रुस, बेलायत, जापान जस्ता देशको सूचीमा परेको छ ।

२०. **बिसु पर्व कहाँ प्रचलनमा रहेको छ ?**
✍ **सुदूरपश्चिम**
- नयाँ वर्षको पहिलो दिनलाई धुमधामका साथ बिसु पर्वका रूपमा मनाउने चलन रहेको ।
- विशेष गरी सुदूरपश्चिम अछाम, डोटी, डडेलधुरा, बझाङ, बाजुरा र बैतडी जिल्लामा यो पर्व मनाउने गरिएको ।
- देवर-भाउजू, नन्द-भाउजू र साली-भिनाजुले एकआपसमा सिस्नु पानी छ्यापेर यो पर्व मनाउने चलन रहेको । देवर नहुने नन्द नहुने भाउजू, भाउजू नहुने देवर, भिनाजु नहुने साली एवं साली नहुने भिनाजुले विसु तिहारको दिनमा आफैँले भए पनि शरीरमा सिस्नो लगाउनुपर्ने परम्परा रहेको ।
- विसु पर्वमा घरहरू लिपपोत गर्ने, मिठा-मिठा परिकार बनाई खाने र विशेष गरी सिस्नु लगाउने प्रचलन रहिआएको ।
- शरीरमा सिस्नो लगाउँदा छालामा भएका खटिरा निको हुने, छालासम्बन्धी रोग निर्मूल हुने साथै वर्षभरि शरीरमा कुनै पनि रोग नलाग्ने जनविश्वास रहेको ।
- पछिल्लो समय सिस्नो लगाउने चलन बिस्तारै कम हुँदै जान थालेको ।

२१. **वातावरण र पर्यावरण क्षेत्रमा काम गर्न 'वातावरण प्रहरी' को व्यवस्था गर्ने महानगर कुन हो ?**
✍ **ललितपुर महानगरपालिका**

२२. **भ्रष्टाचार निवारणका सम्बन्धमा प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा स्थापित अड्डाको नाम के हो ?**
✍ **धर्म कचहरी**

२३. **'ए हाउस फर मिस्टर विश्वास' र 'इन अ फ्री स्टेट' नामक कृतिका सर्जक को हुन् ?**
✍ **भीएस नायपाल**
- उत्तर औपनिवेशकालीन परिवर्तनका पीडाका बारेमा प्रखर वक्ताका रूपमा परिचित नायपाल (सर विद्याधर सुरजप्रसाद नायपाल) ले सन् २००१ मा साहित्यतर्फको नोबेल पुरस्कार प्राप्त गरेका ।
- सन् १९३२ मा ट्रिनिडाडमा जन्मेका नायपालले नोबेल पुरस्कार ग्रहणका क्रममा दिएको मन्तव्यमा आफ्ना पुर्खा नेपालबाट आएको हुन सक्ने बताएका ।

२४. **'पार्लियामेन्ट अफ नेपाल' नामक मोबाइल एप कहिलेदेखि सञ्चालनमा आएको हो ?**
✍ **विसं २०७४ श्रावण १२**
(युएनडीपीको सहयोगमा बनाइएको यो एपमार्फत संसदीय गतिविधि अर्थात् संसद्को बैठक प्रत्यक्ष रूपमा हेर्न र सुन्न सकिने ।)

२५. **संयुक्त राष्ट्रसङ्घले 'क्लाइमेट प्रोमिस' (जलवायु प्रतिज्ञा) २०२५ कहिले सुरु गरेको हो ?**
✍ **विसं २०८१ वैशाख ११**
- यो पेरिस सम्झौतामा निर्धारित तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा बढी बढ्नबाट रोक्न संयुक्त विश्वव्यापी प्रयास हो ।
- राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेस र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको नेतृत्वमा यो पहल सुरु भएको हो ।
- यसले सामाजिक सञ्चार माध्यमका प्रभावशाली व्यक्तिहरू, आदिवासी नेता तथा प्रमुख निकायसहितका सरोकारवालालाई जलवायु अनुकूलनका मुद्दामा एकीकृत गर्ने छ ।
- साथै महासचिव गुटेर्रेसको 'सबै विनाश निराशा होइन' भन्ने महत्त्वपूर्ण सन्देशलाई विश्वमाझ पुऱ्याउन सो अभियान सार्थक बन्ने अपेक्षा गरिएको ।
- जलवायु परिवर्तनको प्रतिकार्यका लागि वित्त प्रवाह गर्न र जलवायु अनुकूलनको महत्त्वाकाङ्क्षा सफल बनाउन राष्ट्रसङ्घले सक्रिय पहल गर्दै आएको गुटेर्रेसले जनाएका ।

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

परामर्श सेवाको महत्त्व

१. **परामर्श सेवा भनेको के हो ? उदाहरणसहित स्पष्ट पार्दै यसको महत्त्व उल्लेख गर्नुहोस् । नेपालमा सार्वजनिक खरिद कानुनले परामर्श सेवा खरिद कार्यको लागत अनुमान तयारी र स्वीकृति सम्बन्धमा गरेको विविध व्यवस्था उल्लेख गर्नुहोस् ।**

✍ कुनै सङ्गठनले आफ्नो आन्तरिक जनशक्तिबाट सम्पादन हुन नसक्ने विशिष्ट प्रकृतिका कार्य सम्पादन गर्न बाह्य विज्ञ वा परामर्शदाताबाट लिइने सेवालाई परामर्श सेवा भनिन्छ । यस अन्तर्गत व्यावसायिक सल्लाह, अध्ययन, अनुसन्धान, मूल्याङ्कन, व्यवस्थापन तथा तालिमसम्बन्धी सेवाहरू पर्छन् । सार्वजनिक खरिद ऐन, २०६३ ले परामर्श सेवालाई कुनै अध्ययन, अनुसन्धान, सर्भेक्षण, डिजाइन, ड्रइङ, सुपरीवेक्षण, तालिम, परीक्षण गर्ने काम, सफ्टवेयरको विकास वा यस्तै प्रकृतिका अन्य बौद्धिक वा पेसागत सेवा भनी परिभाषित गरेको छ । उदाहरणका लागि कुनै मन्त्रालयले आफ्नो कुनै कार्यक्रम मूल्याङ्कन गर्नका लागि तेस्रो पक्षबाट विज्ञ सेवा खरिद गरी उपयोग गर्नु, कुनै स्थानीय तहले घर नक्सा स्वीकृत गर्ने सेवालाई सहज र सरल बनाउन अनलाइन घर नक्सा स्वीकृति प्रणाली विकास गर्न आइटी सेवा प्रदायकसँग सेवा खरिद गर्नु, पूर्वाधार विकास कार्यालयले कुनै सडकको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न इन्जिनियरिङ फर्मसँग सम्झौता गरी सेवा खरिद गर्नु आदि कार्यहरू परामर्श सेवा अन्तर्गत पर्छन् । नेपालमा सार्वजनिक निकायले आफ्नो निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृपक्षसँगको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट बेहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा तोकिएको कार्यविधि अनुसार परामर्श सेवा खरिद गरी उपयोग गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

सार्वजनिक निकायमा परामर्श सेवाको महत्त्व :
- जटिल एवं विशिष्ट प्रकृतिको कार्यका लागि पेसागत विज्ञहरूबाट सेवा प्राप्त गरी सरल र सहज रूपमा कार्यसम्पादन गर्न,
- दक्ष र अनुभवी विशेषज्ञको सहयोगमा सरकारी काम कारबाहीको गुणस्तर अभिवृद्धि गर्न,
- सार्वजनिक निकायका कार्यक्रमको स्वतन्त्र र वस्तुनिष्ठ तरिकाले मूल्याङ्कन गर्न,
- तथ्यमा आधारित नीति तर्जुमा एवं निर्णय गर्न,
- अन्य मुलुक वा निजी क्षेत्रमा रहेका असल अभ्यास र नवप्रवर्तनलाई आत्मसात् गर्न,
- सरकारी काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्न,
- सङ्गठनमा मानव संसाधनको न्यूनताका कारण सार्वजनिक निकायका कामकारबाही र सेवा प्रवाह प्रभावित हुन नदिन,
- कर्मचारीलाई ज्ञान र सिप प्रदान गरी कार्यसम्पादन क्षमता विकास गर्न ।

नेपालको सार्वजनिक खरिद कानुनमा परामर्श सेवा खरिदको लागत अनुमान तयारी र स्वीकृतिसम्बन्धी व्यवस्था :

क) लागत अनुमान तयार गर्दा देहायका विषयमा विचार पुऱ्याउनुपर्ने :
- खरिदसम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने,
- खरिद सम्झौता नवीकरण गर्न पर्ने वा नपर्ने,
- खरिदको अन्य कुनै विकल्प भए त्यस्तो विकल्प,
- खरिद सम्झौताबमोजिमको काम सम्पन्न गर्नका लागि लाग्न सक्ने अधिकतम रकम तथा समय, र
- सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुरा ।

ख) **लागत अनुमान तयार गर्दा लिइने आधारहरू :**
- सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमानसम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स,
- सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत सर्त,
- सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत,
- लागत अनुमान तयार गर्दा अघिल्ला वर्षको दरमा मूल्य समायोजन गरी तयार गर्नुपर्ने,

ग) **लागत अनुमान तयार गर्दा खुलाउनुपर्ने खर्चहरू :**
- मुख्य जनशक्ति वा अन्य जनशक्तिको पारिश्रमिक,
- पारिश्रमिकबाहेका अन्य खर्च जस्तैः भ्रमण खर्च, जनशक्तिको बसोबास खर्च, कार्यालय खर्च, मालसामान उपकरण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाइ खर्च,
- परामर्शदाताले तालिम, गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कार्यका लागि लाग्ने खर्च र अन्य खर्च ।

घ) **लागत अनुमान स्वीकृति :**
- २० लाख रुपियाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,
- ५० लाख रुपियाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,
- एक करोड रुपियाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट र
- एक करोड रुपियाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट ।

अन्त्यमा सार्वजनिक निकायको कार्यमा दक्षता, पारदर्शिता, जवाफदेहिता र गुणस्तर अभिवृद्धि गर्नुका साथै सङ्गठनमा ज्ञान र सिप हस्तान्तरण गरी जनशक्तिको क्षमता विकास गर्न परामर्श सेवाको महत्त्व रहन्छ । सार्वजनिक निकायको क्षमता र दक्षताका क्षेत्रमा समेत परामर्श सेवामा भर पर्नुलाई सकारात्मक रूपमा लिन भने सकिँदैन । सार्वजनिक निकायले आफ्नो जनशक्तिको पेसागत दक्षता र व्यावसायिकता विकास गरी परामर्श सेवामा हुने खर्चलाई न्यूनीकरण गर्दै जानु पर्छ । कानुनले व्यवस्था गरेबमोजिम आफ्नो निकायमा उपलब्ध जनशक्तिबाट कार्य सम्पादन गर्न नसकिने कार्यहरूका लागि मात्र परामर्श सेवा खरिद गरी उपयोग गर्न जोड दिनु पर्छ ।

२. **कर सहभागिता भनेको के हो ? राजस्व प्रशासनमा यसको के महत्त्व छ ? स्पष्ट पार्नुहोस् । साथै नेपालमा कर सहभागिता सम्बन्धमा देखिएका समस्या पहिचान गर्नुहोस् ।**


✍ प्रचलित कर कानुनले तोकेको परीधिभित्र रही कर दायित्व पूरा गर्ने करदाताको इच्छा र क्षमतालाई कर सहभागिता भनिन्छ । करदाताले निर्धारित समयमा, सही तरिकाले र स्वेच्छिक रूपमा कर दायित्व पूरा गर्नु नै कर सहभागिता हो । यस अन्तर्गत करदाताले समयमा कर विवरण पेस गर्नु, सही रूपमा कर गणना गर्नु, समयमा कर तिर्नु तथा आवश्यक कागजात पेस गर्नु जस्ता कार्य पर्छन् । उच्च कर सहभागिताले कर दायित्व पूरा गर्न करदाता इच्छुक, सक्षम र तत्पर रहेको अवस्थालाई इङ्गित गर्छ ।

राजस्व प्रशासनमा कर सहभागिताको महत्त्व :
- सरकारको राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न,
- कर असुली र अनुगमनका लागि राजस्व प्रशासनको लागत घटाउन,
- राजस्व प्रशासनमा न्यून जनशक्तिका कारण राजस्व लक्ष्य प्रभावित हुन नदिन,
- राजस्व प्रशासनको कार्यबोझलाई कम गर्न,
- कर कानुले घोषणा गरेबमोजिमका कर छुट, सहुलियत एवं सुविधाको लाभ दिलाउन,
- अर्थतन्त्रमा अनौपचारिक अर्थतन्त्रको आकार न्यूनीकरण गर्दै लैजान,
- राजस्व प्रणालीप्रति करदाताको विश्वास आर्जन गरी राज्य र नागरिकबिचको सम्बन्ध सुदृढ बनाउन,
- कर छल्ने प्रवृत्तिलाई निरुत्साहित गर्न ।

नेपालमा कर सहभागिता सम्बन्धमा देखा परेका समस्याहरू :
- कर नीतिमा अस्थिरतासँगै करदातामा देखापर्ने अन्योलता,
- करदाता शिक्षा र कर चेतनाको अभाव,
- लघु तथा साना उद्यमी, व्यवसायीलाई कर दायित्व सम्बन्धमा प्रशिक्षण एवं उचित मार्गदर्शनको अभाव,
- कर सहभागिता लागत कम गर्ने उपायहरू जानकारी न्यून,
- अनौपचारिक अर्थतन्त्रको आकार उच्च रहनु,
- करप्रतिको आमनागरिकको बुझाइ कमजोर,
- करप्रणालीप्रतिको कमजोर विश्वास,
- डिजिटल पहुँच, ज्ञान, र सिपको अभाव,
- सङ्घीय संरचनामा तहगत सरकारको कर प्रणालीप्रति आमनागरिकमा असन्तुष्टि,
- ढिलासुस्ती, अपारदर्शिता, अनियमिततालगायतका राजस्व प्रशासनमा देखापर्ने विकृति,
- दण्ड र पुरस्कार पद्धति प्रभावकारी नहुनु,
- करमैत्री नागरिक व्यवहार र संस्कृति निर्माण नहुनु,

अन्त्यमा सरकारको दिगो आम्दानीको स्रोत नै राजस्व हो । यो नागरिकले सरकारलाई अनिवार्य रूपमा तिर्नु बुझाउनुपर्ने दायित्व हो । कर कानुनको कार्यान्वयन गरी सरकारले निर्धारण गरेको राजस्व लक्ष्य प्राप्तिमा योगदान गर्नु नै राजस्व प्रशासनको मूल जिम्मेवारी हो । कर सहभागिता राजस्व प्रशासनको मूल आधार हो भने राजस्व प्रशासन राज्य सञ्चालनको मेरुदण्ड हो । नागरिकमा करमैत्री संस्कार र व्यवहार विकास गर्दै स्वैच्छिक कर सहभागिता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ ।

३. **नेपालको संविधानमा शिक्षासम्बन्धी अधिकारको तहगत बाँडफाँट कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् । साथै स्थानीय सरकार सञ्चालन ऐनबमोजिम विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्थानीय तहले बहन गर्नुपर्ने कुनै दश जिम्मेवारीहरू उल्लेख गर्नुहोस् ।**



✍ नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरू बाँडफाँट गरी अनुसूचीमा उल्लेख गरेको छ । एकल र साझा अधिकारको रूपमा वर्गीकरण गरिएका यी अधिकारको कार्यान्वयन गर्न तहगत समन्वय र सहकार्यमा जोड दिइएको छ । संविधानले शिक्षासम्बन्धी विषयलाई एकल र साझा अधिकारको रूपमा तिनै तहका सरकार जिम्मेवार हुने गरी व्यवस्थित गरेको छ ।

नेपालको संविधान अनुसार शिक्षासम्बन्धी अधिकारको तहगत बाँडफाँट :


क) अनुसूची-५ मा सङ्घको एकल अधिकार अन्तर्गत देहायका विषय समावेश
- केन्द्रीय विश्वविद्यालय,
- केन्द्रीय स्तरका प्रज्ञा-प्रतिष्ठान,
- विश्वविद्यालय मापदण्ड र नियमन,
- केन्द्रीय पुस्तकालय ।

ख) अनुसूची-६ मा प्रदेशको एकल अधिकार अन्तर्गत देहायका विषय समावेश
- प्रदेश विश्वविद्यालय,
- उच्च शिक्षा,
- पुस्तकालय ।

ग) अनुसूची- ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत र माध्यामिक शिक्षा समावेश ।

घ) अनुसूची-९ मा तिनै तहको अधिकारको साझा सूची अन्तर्गत शिक्षालाई समावेश गरेको,

विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न स्थानीय तहको मुख्य दश जिम्मेवारीहरू :



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था गरिएबमोजिम विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न स्थानीय तहका प्रमुख दस जिम्मेवारी यस प्रकार छन् :
- विद्यालय शिक्षासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी वा सहकारी विद्यालयको स्थापना अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- विद्यालय व्यस्थापन समिति गठन तथा व्यवस्थापन,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- शिक्षक तथा कर्मचारीको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

अन्त्यमा सङ्घीय व्यवस्थामा प्रवेश गरेसँगै नेपालको शिक्षा क्षेत्रमा देखा परेको सङ्क्रमणकाल अद्यापि अन्त्य हुन सकेको छैन । संविधानको मर्म अनुकूल सङ्घीय शिक्षा ऐन जारी गरी विद्यमान अस्पष्टता अन्त्य गर्न सकिएमा विद्यालय शिक्षा सुधारमा स्थानीय तहको भूमिका थप प्रभावकारी बनाउन सकिन्छ ।

४. **सार्वजनिक खरिद कार्यको जिम्मेवारी सम्बन्धमा नेपालको प्रचलित खरिद कानुनमा रहेको व्यवस्था उल्लेख गर्दै खरिद एकाइको गठन र खरिद एकाइका पदाधिकारीको योग्यता सम्बन्धमा सङ्क्षिप्त जानकारी प्रस्तुत गर्नुहोस् ।**

✍ नेपालमा सार्वजनिक खरिद कार्यलाई नियमित र व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ प्रचलनमा रहेका छन् । सार्वजनिक खरिद कार्यलाई प्रविधिमा आधारित बनाउँदै खरिद कार्यलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी र जवाफदेही बनाउन विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० जारी गरिएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणाली सञ्चालनमा ल्याइएको छ । सार्वजनिक खरिदका नीतिगत, कानुनी, प्रणालीगत र संरचनागत व्यवस्थाहरू गरिए तापनि व्यवहारमा सार्वजनिक खरिद कानुनको बुझाइमा एकरूपता नहुँदा कार्यान्वयनमा जटिलताहरू देखापर्ने गरेका छन् ।
- सार्वजनिक खरिद कार्यको जिम्मेवारीका सम्बन्धमा खरिद ऐन र नियमावलीमा उल्लेख भएको व्यवस्था यस प्रकार छ :
- सार्वजनिक खरिद ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिदसम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सार्वजनिक निकायको प्रमुखको हुने,
- अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना कसैले पनि कुनै खरिद गर्न, गराउन नहुने,
- सार्वजनिक निकायले खरिदसम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्यसम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट गराउनुपर्ने,
- खरिद कार्यका लागि कार्यबोझ र कार्यप्रकृतिका आधारमा छुट्टै महाशाखा, शाखा वा एकाइको स्थापना गरी खरिद अधिकारी तोक्नुपर्ने,
- खरिद कार्यलाई व्यवस्थित बनाउन खरिद अधिकारीले सार्वजनिक खरिद ऐन र नियमावलीमा तोकिएबमोजिमका कार्य सम्पादन गर्ने,
- खरिद सम्झौताको कार्यान्वयन गर्न गराउन नियमित रूपमा सुपरीवेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको कर्तव्य हुने ।

क) **खरिद एकाइ गठन :**
- खरिद एकाइ प्रमुखसहित सामान्यतया तीन देखि पाँच जना रहने गरी खरिद एकाइ गठन हुने,
- खरिद एकाइमा सार्वजनिक निकायको कार्य प्रकृतिको आधारमा प्रशासनिक, प्राविधिक र लेखासम्बन्धी काम गर्ने कर्मचारीबाट समावेश गर्नुपर्ने,
- खरिद एकाइमा खरिदसम्बन्धी ज्ञान भएका वा तालिम लिएका कर्मचारीलाई समावेश गर्नुपर्ने,
- कुनै निकायको सङ्गठन संरचनामा स्थायी रूपमा खरिद महाशाखा, शाखा वा एकाइ रहेको छ भने सो महाशाखा, शाखा वा एकाइको प्रमुखको संयोजकत्वमा खरिद एकाइ गठन हुने,
- सामान्यतया मूल्याङ्कन समितिमा निर्धारित पदाधिकारीहरू बाहेकका कर्मचारीहरू खरिद एकाइमा रहने, सो सम्भव नहुने देखिएमा सार्वजनिक निकायको प्रमुखबाहेक अन्य कर्मचारीमध्येबाट खरिद एकाइ गठन हुने ।

आ.व. २०८१/८२ को लागि आवश्यक इलेक्ट्रोनिक्स तथा कम्प्युटर संग सम्बन्धित सामानहरु तपशिल बमोजिमको सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले आय कर तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका सम्बन्धित विषयका इच्छुक फर्म, कम्पनी वा संस्थाले मन्त्रालयबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गरी दाखिला गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। दरभाउपत्र सम्बन्धि विस्तृत विवरण सहितको सूचना यस मन्त्रालयको वेबसाईट www.molmac.bagamati.gov.np मा हेर्न सकिने छ। थप जानकारीको लागी यस मन्त्रालयको फोन नम्बर ०५७-५२५९४७ मा सम्पर्क गर्न सकिने छ।

सि.नं.	खरिद संख्या	सामग्रीको नाम	जमानत रकम रु.	दरभाउपत्रको दस्तुर रु.
१	1/MOALD/ SQ/ 081-82	टेलिभिजन खरिद - १ थान	३५०००।००	१०००।००
२		डिस्प्ले मनिटर खरिद - १ थान		
३		ल्यापट खरिद -५ थान		
४		प्रिन्टर खरिद ३ इन १-१ थान		
५		डेस्कटप कम्प्यटर खरिद-४ थान		

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
नारायणी बहुप्राविधिक शिक्षालय
भरतपुर, चितवन

बोलपत्र स्वीकृतिको आशय पत्र सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८२।०१।१०)

यस शिक्षालयबाट मिति २०८१।१२।१० मा प्रकाशित देहायको कार्यको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार म्यादभित्र दर्ता हुन आएको तपसिल बमोजिमको सिलबन्दी स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

ठेक्का नं.	कामको विवरण	ठेक्का कबोल गर्ने फर्मको नाम, ठेगाना	कबोल अङ्क (भ्याट सहित) रु.
NBS/SQ/ Goods/01 (2081/082)	Supply of Tools and Equipment Narayani Bahupravidhik Shikchalaya, Bharatpur, chitwan	Survey House Enterprises New Baneshwor, Kathmandu	१०,६६,७२०।००

काठमाडौं महानगरपालिका
श्री महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलादी, काठमाडौं

शहरी व्यवस्थापन विभागको नक्सासँग सम्बन्धित कागजातहरूको धुलाइ सम्बन्धी सार्वजनिक सूचना।

प्रकाशित मिति : २०८२।०१।१० (नेपाल संवत् ११४५ चौलागा दशमि)

यस काठमाडौं महानगरपालिका शहरी व्यवस्थापन विभाग अन्तर्गत मिसिल तथ्याङ्क शाखा, टेकुमा रहेका पुराना तथा मिति २०७७/१०/११ सम्मका भवन निर्माण सम्बन्धी अभिलेख (नक्सा)को व्यवस्थापन गर्ने तथा सुरक्षित राख्ने कार्य अन्तर्गत मिति २०८१/१०/२७ र मिति २०८२/०१/०३ को निर्णय अनुसार उक्त अभिलेखको धुलाइ (सफाइ) कार्य गर्नुपर्ने भएकोले सेवाग्राही/सम्बन्धित व्यक्तिहरूले सोही अवधिभित्र आफ्नो भवन निर्माण सम्बन्धी अभिलेख वा अन्य कागजातहरूको प्रतिलिपि सुरक्षित राखी सहजीकरण गर्नुहुन अनुरोध गरिन्छ। साथै नक्सा सम्बन्धी कागजातहरू धुलाइ गर्दा कुनै गुनासो भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्पर्क गर्नुहुन समेत अनुरोध गर्दै धुलाइ कार्य गर्दा सेवाग्राहीहरूलाई पर्न जाने असुविधाप्रति क्षमाप्रार्थी छौं।

सम्पर्क

स.नि. श्री ईश्वरीदेवी लौंडारी
का.म.पा. शहरी व्यवस्थापन विभाग
सम्पर्क नं. ९८५११५२०५८

सहायक निर्देशक श्री रोसन दाहाल
का.म.पा. मिसिल तथ्याङ्क शाखा, टेकु
मोबाइल नं. ९८५१०३२१४०

काठमाडौं महानगरपालिका
श्री महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिद एकाइ
काठमाडौं प्लाजा, कमलादी, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना।

प्रकाशित मिति : २०८२।०१।१० (नेपाल संवत् ११४५ चौलागा दशमि)

काठमाडौं महानगरपालिका खरिद एकाइले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लिखित बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र स्वीकृत हुने फर्मको नाम	कबोल अङ्क (रु.)
1.	02-02-081-082-NCBG-Ward6-KMC	Supply, Delivery and Installation of Street Light at Different Locations of KMC-06	Saurya Vidhyut Bright Sun JV Samakhushi, Mhepy	५८,८३,४७०।०० (मू.अ.कर बाहेक P.S. सहित)

खरिद एकाइ

Invitation for Bids

Government of Nepal (GoN)
Ministry of Home Affairs
Nepal Police Head Quarters
Administration Department
Financial Administration and Procurement Directorate
Naxal, Kathmandu
Date of publication: 10th Baisakh, 2082 (23rd April, 2025)

1. **Nepal Police Head Quarters, Administration Department, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu** invites electronic bids from eligible bidders for the procurement of below mentioned Goods under **National competitive** bidding- **"Single Stage Two Envelope procedures"**. The name and identification of the contract are as follows:

S. N.	Contract ID No.	Name of Goods	Quantity	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)
1	NPHQ/G/NCB/2081-082/136	Sound System	1 Package	78,200.00	3,000.00
2	NPHQ/G/NCB/2081-082/137	Repeater Tower	1 Package	76,100.00	3,000.00

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing **"The Technical Bid"** and the other **"The Price Bid"**, as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Nepal Police Head Quarters, Administration Department, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu**, **Tel 01-5719848 and Email address:** ***procurement_directorate@nepalpolice.gov.np*** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically as per e-GP System Operation Guidelines, 2074. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank Ltd, Thamel, Kathmandu.
   Name of Office: Nepal Police Head Quarters, Naxal Office Code No.: 31-40-43-512
   Revenue Account No.: 1000100200010000 Revenue Heading No.: 14229
5. **Pre-bid meeting** shall be held at Nepal Police Head Quarters, Administration Department, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu on ***28th Baisakh, 2082 (11th May, 2025)*** at 14:00 hours.
6. Electronic bids must be submitted to the office **Nepal Police Head Quarters, Administration Department Financial Administration and Procurement Directorate, Naxal, Kathmandu** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***09th Jestha, 2082 (23rd May, 2025)*** at 12:00 hours. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on ***09th Jestha, 2082 (23rd May, 2025)*** at 14:00 hours at the office of **Nepal Police Head Quarters, Administration Department, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu**. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the bid validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

नेपाल विद्युत प्राधिकरण
उत्पादन निर्देशनालय
मझौला उत्पादन सञ्चालन तथा सम्भार विभाग
इलाम (पुवाखोला) जल विद्युत केन्द्र

दायित्व मागदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

यस ने.वि.प्रा. इलाम (पुवाखोला) जलविद्युत केन्द्रमा विगत लामो समयदेखि देहायका फर्म, ठेकेदार, सप्लायर्स, कम्पनी तथा व्यक्तिहरूबाट जिन्सी/सेवा खरिद गर्दा तथा अन्य प्रयोजनका लागि सुरक्षा बापत राखेको सुरक्षा धरौटी रकम काम सम्पन्न भए पश्चात् पनि लामो समयदेखि फिर्ता दाबी माग नभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र धरौटी रकमको प्रमाण सहित यस इलाम (पुवाखोला) जलविद्युत केन्द्र, इलाम न.पा. ०९ गोलाखर्कमा मागदाबी गर्न सूचित गरिन्छ। उक्त अवधिभित्र आवश्यक प्रमाण सहित भुक्तानी दाबी गर्न नआएमा तपसिलमा उल्लिखित रकमहरू नेपाल विद्युत प्राधिकरणको राजस्वमा आम्दानी जनाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल : फर्म, ठेकेदार, सप्लायर्स, कम्पनी तथा व्यक्तिहरूको नामनामेसी विवरण

क्र. सं.	ले.सं.नं.	फर्म, ठेकेदार सप्लायर्स, कम्पनी तथा व्यक्तिको नाम र ठेगाना	धरौटी दायित्व रकम	दायित्व सुरु मिति
1	7.201	D E C, CHINA (OB from 2060/061)	2,816,387.62	2060.04.01
2	7.201	DEVA LAXMI NIRMAN SEWA, ILAM	26,780.00	2072.03.08
3	7.201	LAXMI NIRMAN SEWA, ILAM(OB from 2060/061)	9,839.26	2060.04.01
4	7.201	SETI DEVI MIRMAN SEWA	16,973.03	2075.03.25
5	7.201	GORKHALI YOUDHHA SECURITY SERVICE PVT.LTD	300,700.00	2077.10.29
6	7.201	RUDRA INTERNATIONAL	10,550.00	2071.12.27
7	7.201	Cream Hydle Pvt Ltd	37,437.50	2079.03.09
8	7.201	Kantipur Auto Center	33,853.00	2076.11.30
9	7.201	Riya International Pvt Ltd	20,340.00	2072.03.25
10	7.201	ABHIYAN ENGINEERING NEPAL P. LTD, KATHMANDU	21,001.75	2068.03.31
11	7.201	SUPEREME POWER TRADE AND ENGINEERING WORKS PVT	12,140.00	2069.06.29
12	7.201	Susil Nirman Sewa, Ilam	75,369.89	2080.03.10
13	7.201	EX & IM SUPPLIERS KTM	10,517.50	2071.03.25
14	7.201	EX & IM TRADERS SOM PRASAD DAHAL	9,720.26	2072.03.25
15	7.201	C.N. CONSTRACTION	65,417.51	2073.03.24
16	7.201	TECHOO S. PVT. LTD	103,700.00	2073.12.29
17	7.203	NPR NIRMAN SEWA	65,000.00	2079.02.31
18	7.203	C.N. CONSTRACTION	73,700.00	2075.10.18
19	7.203	A-ONE SECURITY SERVICE PVT.LTD.	230,000.00	2074.12.29
20	7.202	JIWAN ADHIKARI 2078.06.12 for office goods	1,000.00	2078.06.10
21	7.202	GAUTAM BANDHU NIRMAN SEWA, ILAM	34,500.00	2061.01.26
22	7.202	EX & IM SUPPLIERS KTM	11,000.00	2072.01.30
		Total	**3,985,927.32**	

बालबालिका कुपोषणको सिकार

बुलबुले समाचारदाता
सुर्खेत, वैशाख ९ गते

वीरेन्द्रनगर नगरपालिका–४ स्थित पार्वती थापाकी २२ महिनाका छोराको तौल अहिले आठ किलोग्राम छ। पोषण पुनर्स्थापनागृहमा एक महिना उपचार र स्याहारपछि यो तौल पुगेको हो। गृहमा जानुअघिसम्म बालकको तौल ६ किलो मात्र थियो। जबकि एक वर्षअघि बालकको तौल साढे सात किलो थियो। विभिन्न अस्पतालमा देखाउँदा बालकमा कडा खालको कुपोषण भएकोले बचाउन नसकिने भन्दै पुनर्स्थापना गृहमा पठाएको थियो। नियमित उपचार र उपचारात्मक खानाले बालकको अवस्था सुधार हुँदै गएको छ। अहिले क्रमिक रूपमा सुधार भइरहेको पार्वती थापाले बताउनुभयो।

यस्तै वीरेन्द्रनगर नगरपालिका–२ की अमृताकुमारी रिजालकी २३ महिनाका छोराको तौल अहिले पनि आठ किलो मात्रै छ। उत्तरगङ्गा स्वास्थ्य चौकीमा जाँच गर्दा कडा खालको कुपोषण देखिएको थियो। उपचारपछि आठ किलो बढेको हो। बालकले अहिले पनि राम्ररी खुट्टा टेक्न नसकेको रिजालले बताउनुभयो।

यी दुई वटा उदाहरण मात्र हुन्। कर्णालीमा थुप्रै बालबालिका कुपोषणको सिकार भएका छन्। सरकारले यससम्बन्धी गरेका कार्यक्रमसमेत प्रभावकारी बन्न नसकेका कारण बालबालिका पोषिलो खाना नपाएर कुपोषणबाट ग्रसित भइरहेका छन्। पोषण पुनर्स्थापनागृह सञ्चालन गरिएको स्वास्थ्य सेवा निर्देशनालयका कम्युनिटी नर्सिङ प्रशासक मानकुमारी गुरुङले पोषण सुधारका लागि सरकारको लगानीसमेत न्यून रहेको बताउँदै स्थानीय सरकारले पनि यस्ता कार्यक्रमलाई प्राथमिकतामा नराखेको गुनासो गर्नुभयो। २०७१ देखि सङ्घीय सरकारले पोषणमा सुधार ल्याउन कर्णालीमा बहुक्षेत्रीय पोषण कार्यक्रम लागु गरेको छ। उक्त कार्यक्रममा प्रदेश र स्थानीय तहले १५ प्रतिशत बजेट छुट्याउनुपर्ने नीतिगत व्यवस्था गरिएको छ।

पहिलो पटक उक्त कार्यक्रम आर्थिक वर्ष २०७१/७२ मा कर्णालीका दुई जिल्ला जुम्ला र कालीकोटमा लागु भएको थियो। सोही कार्यक्रम दोस्रो पटक कर्णालीका छ जिल्लामा लागु गरियो। आव २०७३/७४ मा दैलेख, जाजरकोट, रुकुम, डोल्पा, मुगु र हुम्लाका ४३ वटा स्थानीय तहमा लागु भएको थियो। उक्त कार्यक्रम आव २०७८/७९ देखि प्रदेशका १० वटै जिल्लाका ७९ वटै स्थानीय तहमा कार्यान्वयन भइरहेको छ।

सरकारी सर्वेक्षण अनुसार प्रदेशमा पाँच वर्षमुनिका ३६ प्रतिशत बालबालिकामा पुड्कोपनाको समस्या देखिएको छ। नेपालभर २५ प्रतिशत बालबालिकामा उक्त समस्या देखिएकोमा कर्णाली अन्य प्रदेशको तुलनामा समेत अग्रपङ्क्तिमा देखिएको हो। कर्णालीमा चार प्रतिशत बालबालिकामा रुग्याउटेपना देखिएको छ।

कर्णाली प्रदेशमा २७ प्रतिशत बालबालिकामा कम तौलको समस्या देखिएको उहाँले बताउनुभयो। नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण सन् २०१९ का अनुसार कर्णाली प्रदेशमा नवजात शिशु मृत्युदर ११ प्रतिशत रहेको थियो। सो तथ्याङ्क अनुसार शिशु मृत्युदर २७ प्रतिशत र पाँच वर्षमुनिका बाल मृत्युदर ३० प्रतिशत रहेको थियो।

भ्यु टावर अलपत्र

सुर्खेत समाचारदाता
सुर्खेत, वैशाख ९ गते

प्रदेश राजधानी वीरेन्द्रनगर सुर्खेत उपत्यकाको तल्लो क्षेत्रबाट अवलोकन गर्न सहज हुने उद्देश्यले प्रदेश सरकारले छ वर्ष अगाडिदेखि निर्माण गर्न लागेको भ्यु टावर अहिले अलपत्र छ। वीरेन्द्रनगर नगरपालिका–११ को चारकुनेको जङ्गलमा आर्थिक वर्ष २०७५/७६ बाट भ्यु टावर बनाउन लागिएको हो। वीरेन्द्रनगर बजारदेखि करिब सात किमी दक्षिणमा रहेको सो स्थानमा बन्न लागेको भ्यु टावर प्रदेश सरकार फेरबदलसँगै अलपत्र छ।

हालसम्म सो भ्यु टावरमा २५ लाखभन्दा बढी खर्च भइसकेको छ। प्रदेश सरकारले डिभिजन वन कार्यालय सुर्खेतमार्फत सुरुमा भ्यु टावर निर्माणको जिम्मा दिएको थियो तर बजेट अभाव भएपछि भ्यु टावर अलपत्र बनेको छ। वीरेन्द्रनगर नगरपालिका–११ का स्थानीय बासिन्दा साउने चौधरीले विगत तीन वर्षदेखि भ्यु टावरको काम रोकिएको बताउनुभयो। उहाँले भ्यु टावर बनेपछि पर्यटकको आगमन हुने, आफ्नो गाउँठाउँको सानोतिनो विकास हुने आशा रहेकोमा अहिले अलपत्र बन्दा निराश बनेको बताउनुभयो।

अर्का स्थानीय समीर चौधरीले प्रदेश सरकारले समन्वय नै नगरी एक्कासि भ्युटावरको काम अगाडि बढाएको स्मरण गर्नुभयो। अहिले भ्यु टावर अलपत्र भएपछि त्यहाँ रहेका सामान पनि सबै चोरी भइसकेको, सिमेन्ट खेर गइसकेको र भ्यु टावरको पिल्लर पनि खिया लाग्न थालेको उहाँले बताउनुभयो। अग्लो डाँडाबाट सुर्खेत उपत्यका राम्ररी हेर्न सकिने भएको ठाउँमा भ्यु टावर अनावश्यक भएको भन्दै उहाँले अलपत्र हुँदा बजेट खेर गएको बताउनुभयो।

आव २०७५/७६ पछिको दुई वर्षसम्म भ्यु टावर बनाउन केही रकम आएको थियो। सो रकमले काम पनि सुरु भयो। डिभिजन वन कार्यालय सुर्खेतका अनुसार आव २०७६/७७ सम्म मात्र बजेट आएको हो। आव २०७९/८० मा बजेट आए पनि काम हुन सकेन। सुरुमा थोरै बजेटले काम गर्दै गएको र डिपिआरमा ६४ लाख लाग्ने भएपछि अलपत्र परेको जनाइएको छ। डिभिजन वन कार्यालयका सूचना अधिकारी वरिष्ठ वन अधिकृत प्रशान्त श्रेष्ठले लागत बढी लाग्ने भएपछि प्रदेश सरकारबाट बजेट आउन छोड्दा भ्यु टावरको काम पनि रोकिएको बताउनुभयो।

वडाबाटै सामाजिक सुरक्षा भत्ता

पञ्चकोशी समाचारदाता
पञ्चकोशी (दैलेख), वैशाख ९ गते

दैलेखको महाबु गाउँपालिका–२ को वडा कार्यालयले वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। पालिकासम्म आउन नसक्ने वृद्धवृद्धा तथा अशक्त नागरिकलाई समस्या भएपछि वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण गरिएको हो। घुम्ती शिविरमार्फत सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरिएको महाबु गाउँपालिकाका–२ का वडाध्यक्ष प्रकाशराज थापाले जानकारी दिनुभयो। वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरेसँगै अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई बैङ्कमा घण्टौं लाइन बसेर सामाजिक सुरक्षा भत्ता लिनुपर्ने बाध्यता हटेको उहाँले बताउनुभयो।

वागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
वागमती प्रदेश, हेटौंडा

कृषि सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान उपलब्ध गराउने कार्यक्रममा इच्छुक बैंक/वित्तीय संस्थालाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१०

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार बैंक/वित्तीय संस्था मार्फत प्रवाह हुने कृषि सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान कार्यक्रम संचालनका लागि कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम अन्तर्गत कृषि उद्यमीलाई कृषि कर्जा उपलब्ध गराई कार्यविधि अनुसार ब्याज अनुदान उपलब्ध गराउन वागमती प्रदेशमा कार्यक्षेत्र भएका ईच्छुक बैंक/वित्तीय संस्थालाई अनुसुची-२ को ढाँचामा यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र मन्त्रालयमा प्रस्ताव पेश गर्न आह्वान गरिन्छ। कार्यक्रम सम्बन्धी कार्यविधि, अन्य जानकारी र आवश्यक फारमहरू मन्त्रालयको वेब साइट http://molmac.bagamati.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

थप जानकारीका लागि मन्त्रालयको फोन नं ०५७-५२५६४२, ०५७-५२५६४७ मा सम्पर्क गर्न सकिनेछ।

Nepal Electricity Authority
Transmission Directorate
High Voltage Grid Development Department
Chilime-Trishuli 220 kV Transmission Line Project

Invitation for Bids for Construction of water supply facilities, landscaping works and supply and installation of electronic items, including office essentials at Chilime Hub Substation.

Contract Identification No. : NCB-CHTHSS-81/82-WSE
Date of publication : 23-04-2025 10:00

1. NEA, Chilime Trishuli 220 KV TLP invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of water supply facilities, landscaping works and supply and installation of electronic items, including office essentials at Chilime Hub Substation under National Competitive Bidding procedures. The estimated amount for the works in NRs. 43, 80,471.44 (Exclusive of VAT) in words: Forty Three Lakh Eighty Thousand Four Hundred and Seventy One Rupees, Forty Four Paisa Only.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of NEA, Chilime Trishuli 220 KV TLP, Kharipati, Changunarayan, Bhaktapur, Bagmati Province, Nepal or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp**,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank. Name of the Bank: Nabil Bank Ltd., Office Account Name: NEA, Chilime Trishuli 220 KV TLP, Office Account Number: 00201017505613.
4. Electronic bids must be submitted to the office NEA, Chilime Trishuli 220 KV TLP, Kharipati, Changunarayan, Bhaktapur, Bagmati Province, through PPMO website **www.bolpatra.gov.np/egp** on or before 22-05-2025 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-05-2025 14:30 at the office of NEA, Chilime Trishuli 220 KV TLP Kharipati Changunarayan, Bhaktapur Bagmati Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 1,48,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The bidder shall submit the audited balance sheets and income statements, for the last 5 (five) years to demonstrate the current soundness of the Bidder's financial position. As a minimum, a Bidder's net worth for the last year calculated as the difference between total assets and total liabilities should be positive.
8. The bidder shall submit the documents for Minimum average annual construction turnover of NRs. 44,00,000.00 (in words: Forty Four lakhs Nepali rupees) calculated as total certified payments received for construction contracts in progress or completed, within best three years out of last ten fiscal years.
9. The bidder shall submit the Experience certificate under Construction Contracts in the role of contractor, subcontractor, or management contractor for at least the last 5 years prior to the applications submission deadline.

Government of Nepal
Ministry of Health and Population
Department of Health Services
Management Division
Teku, Kathmandu, Nepal

Invitation for Electronic Bid

Date of publication : 23 April 2025
IFB No. : DOHS/G/NCB-34.2/MD/2081-82

Procurement of Equipment for Blood Culture System

1. The **Department of Health Services Management Division** invites ***electronic*** bids from eligible bidders for the procurement of **Equipment For Blood Culture System** under National competitive bidding-Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Department of Health Services Management Division Teku Kathmandu** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp**.
4. Bidder shall purchase their bid electronically from PPMO's **https://www.bolpatra.gov.np/egp**. e-GP system Bidders should deposit of the cost of bidding document **NRs. 5,000.00** in the following Rajaswa (revenue) account as specified below.
   Name of the Bank : Rastriya Banijya Bank, Teku Kathmandu
   Name of the Office : Department of Health Service,
   Office Code No. : 370-013-501
   Office Account No. : 1000100200010000
   Revenue Head No. : 14229
5. Pre-bid meeting shall be held at ***Department of Health Services Management Division Meeting Hall*** at ***13 May 2025, 11:00 Hr.***
6. Electronic bids must be submitted to the office ***Department of Health Services Management Division Teku Kathmandu*** through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before ***13:00 hr*** 23 May ***2025***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:10 Hr*** on ***23 May 2025*** at the office of ***Department of Health Services Management Division Teku meeting hall***. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. *15,00,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid (**i.e. 20 September *2025***)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

काठमाडौं इन्स्टिच्युट अफ वाइल्ड हेल्थ
बूढानीलकण्ठ-७, हेपाली हाइट, काठमाडौं
फोन नं: ०१ ४३७०३७३, email: info@kioch.org.np, website: www.kioch.org

आ.व. ०८१।८२ का लागि आवश्यक ल्याब रिएजेन्ट तथा केमिकल आपूर्ति सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२।०१।१०)

यस इन्स्टिच्युटद्वारा सञ्चालित किओच-काठमाडौं बाल अस्पताल, बूढानीलकण्ठ-७, काठमाडौंमा आ.व. २०८२/८३ देखि घ३ वर्षका लागि आवश्यक ल्याब रिएजेन्ट तथा केमिकल खरिद गर्नुपर्ने भएकोले सो कार्य गर्न योग्यता पुगेका इच्छुक उत्पादक, फर्म/सप्लायर्स/कम्पनीबाट दर्ता प्रमाणपत्र, अद्यावधिक गरेको आधिकारिक इजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धि कर प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि, फाराम खरिद दस्तुर बापतको रकम इन्स्टिच्युटको सानिमा बैंक, नक्साल शाखामा रहेको खाता नं. ००१०१००१०००२०६३ मा जम्मा गरेको बैंक भौचर तथा उल्लिखित धरौटी बापतको रकम इन्स्टिच्युटको सिद्धार्थ बैंक लिमिटेड, हात्तीसार शाखामा रहेको खाता नं. ५५५०७६३७१२७ मा जम्मा गरेको बैंक भौचर वा बैंक ग्यारेन्टीको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि गणना हुनेगरी कम्तीमा १२० (एक सय बीस) दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी पत्र संलग्न राखी तल उल्लिखित मिति र समयभित्र इन्स्टिच्युटको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्ने तथा तल उल्लिखित मिति र समयभित्र इन्स्टिच्युटको कार्यालयमा आ-आफ्नो बोलपत्रहरू पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र बुझाउने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन सो कार्य गरिनेछ। अन्य विस्तृत जानकारीका लागि यस इन्स्टिच्युटको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र सं.	बोलपत्र सङ्ख्या नं.	सामान/कार्य विवरण	फाराम खरिद दस्तुर ने.रु.	धरौटी रकम ने.रु.	बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय	बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय	बोलपत्र खोल्ने मिति र समय
१	२१-२०८१/८२	ल्याब रिएजेन्ट तथा केमिकल आपूर्ति	१०,०००/-	कबोल अङ्कको ३ प्रतिशत	२०८२/०२/०८ गते कार्यालय समयसम्म	२०८२/०२/०९ गते दिनको १२:०० बजेसम्म	२०८२/०२/०९ गते दिउँसो २:०० बजे

यो सूचना इन्स्टिच्युटको **website: www.kioch.org.np** मा पनि हेर्न सकिनेछ।

Government of Nepal
Office of the Prime Minister and Council of Ministers
Public Procurement Monitoring Office
Kaiser Mahal, Kathmandu.

INVITATION FOR ELECTRONIC BID and SEALED QUOTATION

Date of Publication: 23rd April, 2025 (2082-01-10 B.S.)

1. The Public Procurement Monitoring Office (PPMO) invites Bid and Sealed Quotations from Registered Suppliers as mentioned here.

S. No.	Bid/Sealed Quotation No.	Description	Document Fee in NPR	Bid Security Amount in NPR	Last Date of Submission	Date of Opening
1.	PPMO/NCB-01/ GOODS/081/82	Supply, Delivery, Installation and Commission of Hardware and Software License and Monitoring Tool **(National Competitive Bidding)**	3,000	90,000	**23rd May 2025 14:00 PM**	**23rd May 2025 14:30 PM**
2.	PPMO/SQ-01/ GOODS/081/82	Supply & Delivery of Office Goods **(Sealed Quotation)**	1,000	25,500	**8th May 2025 14:00 PM**	**8th May 2025 14:30 PM**

2. Interested Bidders must submit the electronic Bid/Quotation through PPMO's e-GP system www.bolpatra.gov.np/egp. Hard Copy Submission is not allowed.
3. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in revenue account
   Name of the Office: Public Procurement Monitoring Office, Kaisermahal, Kathmandu
   Office Code No. : 301023501, **Revenue Head No. :** 14229 **Account No:** 1000100200010000
   Name of the Bank: Rastriya Banijya Bank Ltd, Kathmandu
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Eligible Bidders may obtain further information and inspect the Bid/Quotation documents by visiting e-GP system www.bolpatra.gov.np/egp.

Karmachari Sanchaya Kosh
Assets Management Department

Invitation for Bids

Date of publication: 2082-01-10 BS

1. **The Karmachari Sanchaya Kosh (KSK)** invites Electronic bids from eligible bidders through **National competitive bidding – Single Stage Single Envelope** procedures as follows:

S. N.	IFB No.	Bid Document Fee NRs.	Bid Security NRs.	Deadline for Bid Submission	Bid opening Date & Time
1.	EPF/KS/GOODS/ NCB/2081-82/02 SUPPLY, DELIVERY AND DEPLOYMENT OF SAN STORAGE SYSTEM 2 (TWO) SETS EACH STORAGE WITH 100 TB	3,000/-	5,00,000/-	23-05-2025 12:00	23-05-2025 13:00

2. A complete set of bid document may be downloaded for e-submission from PPMO's E-GP system at www.**bolpatra.gov.np/egp.** The bidders shall submit their bid electronically and deposit above mentioned non-refundable bid document fee in the bank account specified in bidding document.
3. Eligible bidder may obtain detailed notice regarding the Invitation for Bids from our website www.**epf.org.np** or visit the office **Asset Management Department EPF, Pulchowk, Lalitpur,** Tel No.: 015010167, 015010083, Mailing address: kharid@epf.org.np

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय
सानोगौचरन, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८२/०१/१०

यस कार्यालयको मिति २०८१/१०/१४ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत रीतपूर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेको पाइएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	बोलपत्र नं.	आयोजनाको नाम	न्युनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (with VAT and PS)
१	FSCMO/NCB/ WORKS/2081/82-12	Construction of High Government Attorney Office Building at Patan, Lalitpur	Shreejan Construction & Suppliers Pvt. Ltd.,Bhimeshwor Municipality-3, Dolakha	Rs.19,99,94,445.62

सुपरिन्टेन्डेन्ट इन्जिनियर

पन्ध्र करोडभन्दा बढीको पाठ्यपुस्तक बिक्री



तस्बिर : गजेन्द्र गुरुङ

नेपालगन्ज गोदाममा राखिएका नयाँ शैक्षिक सत्रका पाठ्यपुस्तक ।

खजुरा समाचारदाता
खजुरा, वैशाख ९ गते

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक कार्यालय नेपालगन्जले नयाँ शैक्षिक सत्र २०८२ का लागि आवश्यक पाठ्यपुस्तक बिक्रीवितरण कार्य सञ्चालन गरिरहेको छ। नयाँ शैक्षिक सत्रका लागि वैशाख ८ सम्ममा कार्यालयले १५ करोड १९ लाख ८७ हजार ७५५ रुपियाँ बराबरका पाठ्यपुस्तक बिक्री गरेको छ।

प्रादेशिक कार्यालय नेपालगन्जका प्रमुख होमराज ढुङ्गेलले यस वर्षको शैक्षिक सत्रका लागि वैशाख ८ सम्म नेपालगन्ज कार्यालयबाट १५ करोड १९ लाख ८७ हजार ७५५ रुपियाँ बराबरको पाठ्यपुस्तक बिक्रीवितरण गरिसकिएको जानकारी दिनुभयो। उहाँका अनुसार ११ लाख २५ हजार ८६८ थान पाठ्यपुस्तक बिक्रीवितरण गरिएको छ। कर्णालीको हुम्लामा तीन वटा विक्रेतामार्फत ५३ हजार ६० थान, डोल्पामा सात वटा विक्रेतामार्फत ३७ हजार ५९४ थान, रुकुमपश्चिममा १७ वटा विक्रेतामार्फत एक लाख ३१ हजार १७७ थान पुस्तक बिक्री भएका छन्। त्यसै गरी जाजरकोटमा छ वटा विक्रेतामार्फत ५३ हजार ७७१ थान र सल्यानमा १४ वटा विक्रेतामार्फत एक लाख १६ हजार ५१७ थान पाठ्यपुस्तक बिक्री गरिएको छ।

त्यसै गरी लुम्बिनीको रुकुमपूर्वमा दुई वटा विक्रेतामार्फत ३७ हजार ९९१ थान, रोल्पामा १० वटा विक्रेतामार्फत एक लाख ६० हजार ६६५ थान बिक्री भएका छन्। त्यसै गरी दाङमा चार वटा विक्रेतामार्फत एक लाख ९० हजार ६६९ थान, बर्दियामा २७ वटा विक्रेतामार्फत एक लाख ८९ हजार ५७५ थान र बाँकेमा १४ वटा विक्रेतामार्फत एक लाख ५४ हजार ८४९ थान गरी जम्मा ११ लाख २५ हजार ८६८ थान पाठ्पुस्तक बिक्री भएको प्रमुख ढुङ्गेलले बताउनुभयो।

गत वर्षसम्म जनक शिक्षाले कक्षा ५ देखि १२ कक्षासम्मका पाठ्यपुस्तक वितरण गर्दै आएको थियो तर यस वर्षबाट कक्षा ३ को समेत पाठ्यपुस्तक जनक शिक्षाले नै छपाइ गर्ने र वितरण गरिने भनिए तापनि निजी छापाखानाले समेत कक्षा ३ को पुस्तक छपाइ गर्दा कम बिक्री भएको तथा बिक्रीवितरण कार्यमा केही दबाब सिर्जना भएको उहाँले जानकारी दिनुभयो। यस वर्ष कार्यालयबाट फागुनको पहिलो सातादेखि पाठ्यपुस्तक बिक्रीवितरण थालिएको उहाँले बताउनुभयो। नेपालगन्ज कार्यालयमार्फत कर्णालीका हुम्ला, डोल्पा, रुकुमपश्चिम, जाजरकोट र सल्यान गरी पाँच जिल्ला तथा लुम्बिनी प्रदेशका रुकुमपूर्व, रोल्पा, दाङ, बर्दिया र बाँके गरी पाँच जिल्लासहित १० वटा जिल्लामा पाठ्यपुस्तक वितरण हुने गरेको छ।

गत वर्ष नेपालगन्ज कार्यालयबाट १० जिल्लामा १९ करोड ६० लाख ५० हजार ६२६ रुपियाँ बराबरका १४ लाख ४६ हजार १६ थान पाठ्यपुस्तक वितरण गरिएको छ। यो वर्ष करिब १८ लाख थान पाठ्यपुस्तक वितरण गरिने लक्ष्य राखिएको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार शिक्षक आन्दोलनका कारण स्थानीय तहबाट विक्रेतालाई रकम पठाउने कार्य ढिलाइका कारण सोचे अनुरूप पाठ्यपुस्तक वितरण भएको छैन।

बिदाको दिनमा पनि सेवा प्रवाह

नेपालगन्ज समाचारदाता
नेपालगन्ज, वैशाख ९ गते

जिल्ला प्रशासन कार्यालय बाँकेले सार्वजनिक बिदामा पनि सेवा प्रवाह गर्ने भएको छ। १६ वटा सार्वजनिक बिदाका दिन पनि जिल्ला प्रशासन कार्यालय बाँकेले नागरिकतासम्बन्धी सेवा, राहदानी, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणसम्बन्धी सम्पूर्ण सेवा प्रवाह गर्ने जानकारी एक सार्वजनिक सूचनामार्फत गराएको छ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी खडानन्द खत्रीको हस्ताक्षरमा सार्वजनिक गरिएको सूचनामा २०८२ वैशाख १ गतेदेखि २०८२ चैत मसान्तसम्मको १६ वटा शनिबारबाहेकका सार्वजनिक बिदामा पनि ती महत्त्वपूर्ण सेवा सुचारु रहने जनाइएको छ। सार्वजनिक बिदाका दिनमा जिल्ला प्रशासन कार्यालय बाँकेबाट नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणसम्बन्धी सेवा प्रवाह गरिने बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारको निर्देशन अनुसार जिल्ला प्रशासन कार्यालय बाँकेले १६ वटा महत्त्वपूर्ण सार्वजनिक बिदाका दिनमा पनि आफ्ना केही आवश्यक सेवा प्रवाह गर्ने भएको छ।"

सार्वजनिक बिदाका माथि उल्लिखित ती दिनमा पनि सेवा लिन जिल्ला प्रशासन कार्यालयमा आउन जिल्लावासीलाई सार्वजनिक सूचनामार्फत अनुरोध गरिएको जनाउँदै प्रमुख जिल्ला अधिकारी जोशीले बताउनुभयो। सार्वजनिक बिदाका दिनमा पनि केही आवश्यक सेवा प्रवाह गर्ने सरकारको निर्णय निकै सराहनीय रहेको जनाउँदै नागरिक सरोकार समाज बाँकेका संयोजक कृष्णप्रसाद श्रेष्ठले तोकिएका सार्वजनिक बिदाका दिनमा सेवा लिन आउनेलाई सहज र सरल रूपमा सेवा दिने व्यवस्था मिलाउन प्रशासनसँग आग्रह गर्नुभयो।

नदीमा डुबेर तीन जनाको मृत्यु

भैरहवा समाचारदाता
भैरहवा, वैशाख ९ गते

रुपन्देहीको दानव नदीमा डुबेर तीन जनाको मृत्यु भएको छ। नदीमा तीन जना पौडी खेल्न गएकामा सोमबार एक जनाको शव भेटिएको थियो भने बेपत्ता भएका दुई जनाको शव मङ्गलबार मात्र भेटिएको छ। लुम्बिनी सांस्कृतिक नगरपालिका-२, अर्दौलीस्थित दानव नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका १३ वर्षीय उमेश यादव र १२ वर्षीय मुनु हरिजनको शव मङ्गलबार फेला परेको हो।

सोमबार बेपत्ता भएका उनीहरूको शव सशस्त्र प्रहरी बलको गोताखोरले मङ्गलबार बिहान निकालेको हो। बालकको खोजीका लागि सोमबार राति नै सशस्त्र प्रहरी बल नेपाल नं. ४२ रिजर्भ गण बाँकेबाट गोताखोर परिचालन गरिएको थियो। सोमबार पौडी खेल्ने क्रममा तीन जना बालक बेपत्ता भएका थिए। बेपत्तामध्ये १४ वर्षीय राज यादवको शव सोमबार नै फेला परेको थियो।

अग्निपीडितका पीडा

कहिले चिसोको, कहिले पानीको डर



गत वर्ष आगलागीले ध्वस्त इस्माका घर ।

टोपलाल अर्याल
रेसुङ्गा (गुल्मी), वैशाख ९ गते

गुल्मीको इस्मा गाउँपालिका-४, कोटकोटेरी आगलागीले ध्वस्त भएको वैशाख ८ गते वर्ष दिन पुग्यो तर सोही गाउँका अग्निपीडित सुन्दरलाल विकको घर आधा मात्रै बनेको छ। बर्सात सुरु भएकाले सुन्दरलालको मन पनि आधा भएको छ किनकि वर्ष दिनमा आधा बनेको घर पनि बर्सातले भत्कने जोखिम छ। गत वर्ष आगलागीले विकको किराना र फेन्सी पसलसहित घरगोठ सबै जले। काम गरेर खाइरहेको मेसिन र पशुचौपायासमेत रहेनन्।

नेता र सरकारका मान्छेको आश्वासनले बर्सातअगाडि नै राम्रो ओत पाउने आशा सुन्दरलालसहितका अग्निपीडितको थियो तर छिमेकमै बसेर वर्ष दिनसम्म बिते। निर्माण व्यवसायीले सरकारले पैसा नदिएका कारण घर अधकल्चो बनाएर छोडेका छन्। विकले भन्नुभयो, "नयाँ घरमा पहिलो तलामाथि भ्यालढोका पुरिएका छन्। खुला आशामुनि भएकाले ठूलो पानी परे भत्किने जोखिम बढ्यो। छिमेकी आए बसिरहेको घर पनि छोड्नुपर्ने बाध्यता छ।" स्थानीय सरकारले दिने एक लाख रुपियाँबाट केही काम पनि भएको छ। पछि केन्द्रीय र प्रदेशको बजेट आएन। जसले पीडित परिवार झन् पीडामा परेका छन्। इस्मा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विवेक रणपाल परियारले पालिकाका तर्फबाट पाउने रकम सबै परिवारले पाए पनि सङ्घ र प्रदेशको रकम माग गर्दै गाउँपालिकामा अग्निपीडित आएको बताउनुभयो।

परियारले धेरै पटक पालिकाका तर्फबाट जनप्रतिनिधिले सङ्घ र प्रदेशको समेत ध्यानाकर्षण गराए पनि रकम नआएको बताउनुभयो। एकै दिन आगलागी भएको इस्मा गाउँपालिका-२, हस्तिचौरका अग्निपीडितको घर निर्माण भएका छन् तर निर्माण व्यवसायीले घर निर्माण गरेर बुझाए पनि सरकारले पैसा नदिएकाले मानसिक तनाव खेप्न परेको अग्निपीडित बताउँछन्। इस्मा गाउँपालिका-२ का अग्निपीडितका घर पनि निर्माण गरिएको छ तर किस्ता नआउँदा निर्माण व्यवसायी र पीडित परिवार चपेटामा छन्। निर्माण व्यवसायी केशव घर्तीले आफूले घर निर्माण गरेको २०/२२ लाख रुपियाँ पाउनुपर्नेमा सो रकम नआएपछि बाँकी परिवारका घरमा छाना राख्न नसकिएको बताउनुभयो।

घर्तीले स्थानीय सरकारले पहिलो किस्ताको रकम दिए पनि सङ्घ र प्रदेशबाट रकम नआएपछि आफूहरू चल्ने अवस्था नै नरहेको बताउनुभयो। जिल्लास्तरीय विपत् व्यवस्थापन समितिबाट पनि पटक पटक ताकिता गर्ने र केन्द्र तथा प्रदेशमा ध्यानाकर्षण गराउँदा पनि रकम भुक्तानी नभएकाले आफूहरू पीडितको अगाडि अनुहार देखाउन सक्ने अवस्थामा नरहेको इस्मा गाउँपालिका-४ का वडाध्यक्ष राजु बस्नेतले बताउनुभयो। इस्मामा मात्रै २०८१ वैशाख ८ को आगलागीबाट ४९ घर गोठ जलेर नष्ट भएका थिए। २०८१ वैशाखमा इस्मासहित जिल्लाभर छ दर्जनभन्दा बढी घरगोठ जलेका थिए। अग्निपीडित परिवारले आवास निर्माणका लागि पाँच लाख रुपियाँ पाउने व्यवस्था छ। त्यसमध्ये स्थानीय पालिकाले एक लाख र चार लाख रुपियाँ प्रदेश तथा सङ्घ सरकारले उपलब्ध गराउनुपर्ने हो। गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले प्रदेशले केही रकम पठाएकाले सङ्घ सरकारसँग साढे १२ करोड रुपियाँ माग गरिएको बताउनुभयो।

अस्पताल सुदृढीकरणका लागि ध्यानाकर्षण

जमुनाह समाचारदाता
जमुनाह (बाँके), वैशाख ९ गते

भेरी अस्पतालको सेवा सुदृढीकरणका लागि नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले ध्यानाकर्षण गराएको छ। एमाले केन्द्रीय सदस्य पशुपतिदयाल मिश्र नेतृत्वको टोलीको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. नीराजन सुवेदीलाई ध्यानाकर्षणपत्र बुझाएको हो।

एमालेले भेरी अस्पतालको सेवा सुदृढीकरणको पहल गर्न मिश्रको नेतृत्वमा समिति बनाएको छ। उक्त समितिका सदस्य भास्कर काफ्ले, मोहित शाहसहित टेकबहादुर केसी सम्मिलित टोलीले ध्यानाकर्षणपत्र बुझाएको हो। लाखौँ लगानीको सिटी स्क्यान मेसिन जडान भई विगतमा सञ्चालन भए पनि हाल बन्द रहेको छ। जसले गर्दा यहाँ आउने बिरामीले अन्यत्र सिटी स्क्यान गर्नुपर्ने बाध्यता छ। त्यो बाध्यता तत्काल हटाउन सिटी स्क्यान मेसिनको नयाँ जडान वा मर्मतको काम तत्काल गर्न जोडदार माग गरिएको मिश्रले बताउनुभयो।

उहाँका अनुसार पश्चिमको प्रमुख सरकारी अस्पतालमा जम्मा १० शयया मात्रै आइसियु सञ्चालन हुनु विडम्बना हो। कोभिड-१९ को महामारी थेग्ने सामर्थ्य राखेको अस्पतालले त्यतिबेलाका पूर्वाधार अहिले उपयोग गर्न सकिरहेको छैन। सोको लागि न्यूनतम १० शय्या आइसियु चिकित्सक र अन्य स्वास्थ्यकर्मीको व्यवस्थापनसहित तत्काल आइसियु विस्तार गर्न ध्यानाकर्षण गराइएको छ।

कोभिड-१९ का समयमा अस्पतालको पूर्वाधारमा कायापलट गर्न गुरुयोजना तयार भएको थियो। त्यसलाई कार्यान्वयन गर्न आवश्यक देखिएको हुँदा त्यसको कार्यान्वयनका लागि अस्पतालका तर्फबाट आवश्यक पहल गर्न र आगामी आर्थिक वर्षको बजेटमा रकम विनियोजन गर्ने वातावरण तत्काल बनाउन माग गरिएको छ। भेरी जस्तो ठूलो अस्पतालमा बेग्लै प्रसूतिगृह छैन। जसका कारण धेरै गर्भवती महिलाले सहज तरिकाले उपचार पाउन नसकेको गुनासो गर्दै आएका छन्। त्यस्ता समस्या समाधानका लागि आवश्यक पहल गर्न अनुरोध गरिएको छ।

भेरी अस्पताल विस्तार गर्दै विशिष्टीकृत सेवा, पूर्वाधारसँगै आवश्यक जनशक्तिका लागि स्थायी दरबन्दीको व्यवस्थापन र पदपूर्ति अपरिहार्य बनेको छ। मिश्रले सरकारको यसतर्फ ध्यानाकर्षण गराइएको बताउनुभयो। उहाँका अनुसार ध्यानाकर्षणपत्रलाई मेडिकल सुपरिन्टेन्डेन्ट डा. सुवेदीले सकारात्मक रूपमा लिनुभएको छ। अस्पतालले गर्न सक्ने काम भइरहेको उल्लेख गर्दै डा. सुवेदीले माथिल्लो तहबाट हुने कामका लागि सबै पक्षले पहल गरी भेरी अस्पतालको सेवा सुदृढ बनाउन लाग्नुपर्नेमा जोड दिनुभयो।

भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

भ.पु.जि., भ.न.पा.-६ को हाल ७ बस्ने विश्वराम ख्याजुले मेरो पिता वावुलाल ख्याजुका नाममा नापनक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत मेरो स्व. वाजे न्हुछे राम ख्याजुका नामको १८ नं. माहेश्वरी मौंजा रैकर तर्फको सि.नं. १९४ न.नं. ६३८ रो. १।॥३ मध्येबाट भिडी दर्ता हुने जग्गा भएकोमा, पिता वावु लालको मिति २०३० सालमा, निजकी पत्नी बुद्दि मायाको मिति २०२७ सालमा मृत्यु भएकोमा, निजहरूको हक खाने हकदारमध्ये नाती ख्याजु, केशव ख्याजु, कृष्ण भक्त ख्याजु, बुद्दि वहादुर ख्याजु, कान्छा ख्याजु, राम प्रसाद ख्याजु, राजु राम ख्याजु, सुकु राम ख्याजु, रितेश ख्याजु जना ९ को मञ्जुरीले मेरा नाउँमा एकलौटी दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत, २ नं. अनुसूची र ७ नं. फाँटवारी रेकर्डबाट फेला नपरेको भनी भू.सु. फाँटबाट लेखिआएको, न्हुछे राम ख्याजु र न्हुछे नारां ख्याजु फरक व्यक्ति नभई एकै व्यक्ति भएको, त्यस्तै वावु लाल ख्याजु र बावु लाल व्याजु फरक व्यक्ति नभई एकै व्यक्ति हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

क्षेत्र	वडा नं.	कि.नं.	क्षे.फ.	मोही	किसानको व्यहोरा
ताथली	८/छ	२३५	०-२-०-०	वावु लाल ख्याजु भ.पु. ईनाचो।	भ.पु. पैला मालमा तिरो तिरी खाई आएको छ।
ऐ.	ऐ.	२३६	०-१-१-०	ऐ. ऐ.	ऐ. ऐ.

मालपोत कार्यालय चावहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना ।

यसमा जि. ललितपुर, ठैव वडा नं. ८ बस्ने ईश्वर श्रेष्ठ समेतले हाम्रा एकाघरका बाबु गोविन्द मान भन्ने गोविन्द राज श्रेष्ठको नाममा सर्भे नापीका समयमा नाप नक्सा भई स्रेस्ता कायम रहेको साविक लगत बौद्ध मौजा हा.नं. ३०४ बाट भिडी दर्तासम्म हुन बाँकी रहेको साविक का.जि., बौद्ध गा.वि.स. वडा नं.-४क कि.नं. १३४ क्षे.फ. ०-१०-१-० रहेकोमा नापीवाला बाबु गोविन्द मानको मिति २०४९।०१।१७ मा र आमा सानुमाया श्रेष्ठको मिति २०५५।१२।०५ मा आ-आफ्नै कालगतिले मृत्यु भई शेष पछिका हक खाने हकदारमा छोराहरू म निवेदक ईश्वर बहादुर श्रेष्ठ-१, रामेश्वर श्रेष्ठ-१ र भुवनेश्वर श्रेष्ठ समेत-१ गरी जना ३ रहेकोमा साविकको उक्त जग्गा नयाँनापीबाट नगर-६ सिट नं. १०२-१०६८-०८ कि.नं. २७६ क्षे.फ. ०-१२-०-० कायम भएको र सो जग्गा बागमती नगर जग्गा एकीकरण आयोजनाबाट अधिग्रहण भई मुआब्जा स्वरूप का.म.न.पा.-६ सिट नं.-III कि.नं. १५१ क्षे.फ. २३०.३० व.मि. कायम भएको सो जग्गा हामीहरूका नाममा छुट जग्गा दर्ता सहित नामसारीका लागि निवेदन माग गरेको हुँदा निवेदकहरू बाहेक अरु हकदार भए वा माग बमोजिम दर्ता ना.सा. गर्न नमिल्ने कुनै कारण भए वा उक्त जग्गा छुट जग्गा दर्ताका लागि यसअघि अरू कसैले निवेदन माग गरेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र स-प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जानेछ । साथै उक्त जग्गाको तपसिल बमोजिमको फिल्डबुक व्यहोरा रहेको समेत जानकारी गराइन्छ । **तपसिल**

क्षेत्र	वडा नं.	कि.नं.	क्षेत्रफल	मोहीको नाम	किसानको व्यहोरा
बौद्ध	४क	१३४	०-१०-०-०	साईली मैया लमिनी	यो जग्गा ल.पु.ई. थैव बस्ने गोविन्द मानको दर्ता हो।

भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

भ.पु.जि., भ.न.पा.-६ को हाल ७ बस्ने रितेश ख्याजुले मेरो बाजे न्हुछे लाल ख्याजुका नाममा नापनक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत स्व. जिजु वाजे न्हुछे राम ख्याजुका नामको १८ नं. माहेश्वरी मौंजा रैकर तर्फको सि.नं. १९४ न.नं. ६३८ रो. १।॥३ मध्येबाट भिडी दर्ता हुने जग्गा भएकोमा, दर्तावाला बाजे न्हुछे लालको २०३९/१२/१८ मा, निजकी जेठी पत्नी माया देवीको मिति २०१८ सालमा, कान्छी पत्नी कान्छी ख्याजुको २०६७/०२/२२ मा निःसन्तान अवस्थामा मृत्यु भएको, जेठी पत्नी तर्फका छोरा राम भक्त ख्याजुको २०७८/०४/११ मा, निजकी पत्नी कृष्ण मायाको २०७०/०२/२५ मा मृत्यु भई हक खाने छोराहरू राम प्रसाद, राजु राम, रितेश ख्याजु जना ३ भएकोमा हकदारहरू नाति ख्याजु, केशब, कृष्ण भक्त, बुद्दि वहादुर, कान्छा ख्याजु, राम प्रसाद, राजु राम, सुकुराम, विश्वराम ख्याजु समेत जना ९ को मञ्जुरीले मेरा नाउँमा एकलौटी दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत पेश गरेको, ७ नं. फाँटवारी रेकर्डबाट फेला नपरेको भनी भू.सु. फाँटबाट लेखिआएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

क्षेत्र	वडा नं.	कि.नं.	क्षे.फ.	मोही	किसानको व्यहोरा
नगर	६	१३८	०-१-०-०	नुक्षे लाल ख्याजु भ.पु. ईनाचो टोल हकमा सही गर्ने निजको भतिजा प्रेम	आफ्नै जग्गा आफैँले जोती खाई आएको।

भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार काठमाडौँबाट जारी भएको ३५ दिने सार्वजनिक सूचना।

ललितपुर उ.म.न.पा. वडा नं. ११ बस्ने कुल बहादुर श्रेष्ठको नाति राम बहादुर श्रेष्ठको छोरा शैलेन्द्र बहादुर श्रेष्ठले मेरा बाबुका नाममा कायम भएको का.पा. पोता नं. १०३ परिणत भई हा.नं. ८९० खला/पासीष्पा रोपनी ॥ मध्ये भिडी तपसिलको जग्गा सर्भे नापीमा बाबुकै नाममा नाप नक्सा भएकोमा बाबु राम बहादुरको २०३६ सालमा, निजकी पत्नी हाम्री आमा कयोनानीको ०५४।०१।०२ मा परलोक भएको निजका सात भाइ छोराहरू भएकोमा मदन बहादुर, पुरुषोत्तम बहादुर, विष्णु बहादुर, योगेश्वर बहादुर, दिपेन्द्र बहादुर, लक्ष्मण बहादुर र शैलेन्द्र बहादुर श्रेष्ठ भएकोमा मदन बहादुर र पुरुषोत्तम बहादुरले अंश भाग बुझिसकेको, विष्णु बहादुरको २०७२।०३।०९ मा परलोक भई हक खाने श्रीमती शोभा लक्ष्मी र शोभित श्रेष्ठ भएकोले उक्त मृतक राम बहादुरका हकदारहरू ६ जनाको नाममा नामसारी छुट जग्गा दर्ता गरी दिँदा कोही कसैको हक हनन् हुन्छ हुँदैन। अनलाइन रोक्का देखिँदैन दर्ता बाँकी सेस्ता देखिन्छ। का.जि., का.म.न.पा. ३२ नं. वडा कार्यालयबाट भोगको सिफारिस प्राप्त भएको मि.नं. १२७/०६४/०६५/०६५/०१/२९ मा मिसिल भिडेको देखिँदा कोही कसैले भिडाएको भए दाबी गर्न आउनुहोला उक्त जग्गा हकदारका नाममा दर्ता, ना.सा. गरी दिँदा सरकारी सार्वजनिक, ऐलानी, पर्ती जग्गालाई असर फरक पर्छ पर्दैन, उल्लिखित हकदार बाहेक अन्य हकदार छन् छैनन् कोही कसैको दाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाण सहित हकदाबी गर्न आउनुहोला। हकदाबी गर्न नआए कानून बमोजिम भइजाने व्यहोरा सूचित गरिन्छ। **तपसिल**

जिल्ला	क्षेत्र	वडा नं.	कि.नं.	क्षेत्रफल	मोहीको नाम	विरह	किसानको व्यहोरा	कैफियत
काठमाडौँ	कोटेश्वर	९ क	१३९	०-३-२-०	धन उपाध्यायनी ढकाल्नी का. का.ई. कोटेश्वर	म. पाँच	ल.पु.ई. कुम्भेश्वर बस्ने राम बहादुरको हो मैले मोहीयानीमा जोती आएको छ।	

गुठी संस्थान शाखा कार्यालय, काठमाडौँ कालमोचनको हकदाबी सम्बन्धी ३५ दिने सूचना ।

प्रस्तुत विषयमा जग्गाधनी श्री नौ शिवालय गुठी का.जि. बालुवा गा.वि.स. वडा नं. २क कि.नं. १६५ क्षे.फ. ०-१०-०-० जग्गाको मोही म विष्णु बहादुर विष्टको नाउँमा कायम रहेको जग्गा मैले नै साविकदेखि हालसम्म जोतभोग गर्दै आएको र जग्गाको कैफियतमा मेरो दाजु राम बहादुर विष्ट भनी उल्लेख भएको उक्त जग्गा नापी हुनुभन्दा अघिदेखि नै मैले जोती आएकोले मेरो नाममा मोही कायम गरिदिनु भनी विष्णु बहादुर विष्टको यस कार्यालयमा निवेदन दर्ता हुन आएको । मालपोत कार्यालयबाट मोठ स्रेस्ता माग गर्दा उल्लिखित जग्गाको ज.ध.मा राम बहादुर विष्ट मोहीको नाउँथरमा विस्नुबहादुर विष्ट उल्लेख रहेको । नापी कार्यालयबाट प्राप्त फिल्डबुकमा किसानको नामथरमा विष्णु बहादुर विस्ट र किसानको व्यहोरामा यो जग्गा मेरो दाजु राम बहादुरको हकको नामसारी नभएको हो मैले अंशबाट जोतेको छु, नौशिवालय गुठी उल्लेख भएको उक्त जग्गा दर्ता बाँकी रहेकोले छुट जग्गा दर्ता समेतको प्रक्रिया बमोजिम यो सूचना प्रकाशित गरिएको छ । निजको नाउँमा मोही कायम गर्न नपर्ने कुनै कारण भएमा, निवेदन माग बमोजिम मोही ना.सा. गरी ज.ध.प्र. पुर्जा दिँदा अन्य कहीँ कसैको हक स्वामित्वमा असर पर्न जाने भए वा उक्त कित्ता जग्गा निवेदक बाहेक अन्य कोही कसैको हक भोगको जग्गा भए यो सूचना प्रकाशित भएको ३५ (पैंतीस) दिनभित्र स-प्रमाण सहित हकदाबी गर्न आउनुहोला । अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

यसमा भ.पु.जि., भ.न.पा. वडा नं. ४ बस्ने निवेदकहरूका पिता तथा ससुरा जिवन प्रसाद जोशीको साविक मौजा लगत छालिङ असुली (३) सि.नं. ८७ न.नं. १५ ५३४।५३५ रोपनी ॥-॥ लगतबाट भिडी दर्ता हुने तपसिल बमोजिमका जग्गाहरू निजकै नाममा नापनक्सा कायम भई दर्ता बाँकी भएको, निज जिवन प्रसाद जोशी मिति २०५०।०५।१० मा तथा निजकी एक मात्र श्रीमती विश्वलक्ष्मी जोशी मिति २०७४।०६।१६ मा मृत्यु भई हकदारहरू कृष्ण चन्द जोशी-१, कविन्द्र प्रसाद जोशी-१ र रमेश प्रसाद जोशी-१ भई कविन्द्र जोशी मिति २०७८।१।१५ मा मृत्यु भई निजकी एक मात्र श्रीमती रचना जोशी, छोराहरू विजेन्द्र जोशी र आनन्द प्रसाद जोशी भई प्रचलित कानून बमोजिम रचना जोशी-१, कृष्ण चन्द्र जोशी-१ र रमेश जोशी-१ ले छुट जग्गा दर्ता नामसारी गरिपाऊँ भनी निवेदन माग गरेकोमा १ नं. मोही लगत २ नं. अनुसूची पेश गरेको ७ नं. फाँटवारी रेकर्डबाट फेला नपरेको भनी भू.सु.का. फाँट भक्तपुरबाट लेखी आएको साथै स्रेस्तामा जनिएका जिवन प्रसाद जोशी र जिवन जोशी फरक फरक व्यक्ति नभई एउटै व्यक्ति नै भएको भ.न.पा. ४ नं. वडा कार्यालयको च.नं. १००१ मिति २०८१।१०।२४ मा किटानी सिफारिस व्यहोराका साथ छुट जग्गा दर्ता नामसारीको सिफारिस भई आएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम दर्ता ना.सा. हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए, सरकारी सार्वजनिक, सामुदायिक, ऐलानी, पर्ती, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा सरचनालाई प्रतिकूल असर पर्ने भए साथै उल्लिखित जग्गाहरू सम्बन्धमा कुनै अड्डा अदालतमा मुद्दा मामिला भएमा पूर्व मिसिलमा कुनै दाबी विरोध परेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोराको यसै सूचनाद्वारा सूचित गरिन्छ। **तपसिल**

जिल्ला	क्षेत्र	वडा नं.	कि. नं.	क्षेत्रफल	फिल्डबुकको व्यहोरा		
					मोही	ज.ध.	किसानको व्यहोरा
भक्तपुर	छालिङ	५ग	५५	०-२-०-०	न्हुछे बहादुर लासिवा	जिवन प्रसाद जोशी	यो जग्गा थाछेटोल बस्ने जिवन प्रसाद जोशीको हो मैले जोती कमाई गरी आएको छु।
भक्तपुर	भ.न.पा.	४ट	८	०-२-०-०	न्हुछे लासिवा	जिवन प्रसाद जोशी	यो जग्गा थाछेटोल बस्ने जिवन जोशीको हो

पुनश्च :- मि.नं. १७६ मिति २०६७।०५।०८ को मिसिल भिडिएको देखिन्छ भनी मोठ भिडी आएको।

भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरबाट हकदाबी सम्बन्धी जारी भएको ३५ दिने सार्वजनिक सूचना।

यसमा भ.पु.जि. भ.न.पा. वडा नं. १० बाट हाल २ बस्ने आस बहादुर कोजुले मेरो पिता आस लाल कोजुको नाममा नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित कित्ता जग्गाहरू रैकरतर्फ मौजे ३३ नं. ईन्द्रायणी सि.नं. २०८।३४६ न.नं. ५७ क्षे.फ. रो.१॥। मध्येबाट भिड्ने आसलाल कोजु ब्यासीबाट लगत भिड्ने जग्गाहरू भएकोमा निज दर्तावाला पिता आसलाल कोजुको मिति २०४०।११।२० गते, निजकी एक मात्र श्रीमती मेरी आमा कान्छीमाया कोजुको मिति २०२८ सालमा आ-आफ्नो कालगतिले परलोक भई निजहरूको शेषपछि हक खाने हकदार छोराहरूमा म निवेदक आस बहादुर कोजु ...१ र मेरो दाजु चन्द्र कोजु...१ समेत गरी जना दुई बाहेक अन्य कोही हकदार नभएकोमा निज दाजु चन्द्र कोजुको मिति २०७०।११।१० गते र निजकी श्रीमती मेरी भाउजू कृष्णमाया कोजुको मिति २०७५।०३।०३ गते आ-आफ्नो कालगतिले परलोक भई निजहरूको शेषपछि हक खाने हकदार छोराहरू चन्द्रलाल कोजु .. १ र सानु कोजु १ समेत जना दुई बाहेक अन्य कोही हकदार नभएकोमा यस कार्यालयको द.नं. १०२५८ मिति २०८१।११।०४ मा चन्द्रलाल कोजु र सानु कोजुले मञ्जुरी निवेदन पेश गरी सही सनाखत समेत गरी दिए अनुसार उक्त तपसिलमा उल्लिखित कित्ता निवेदकको हकभोग बाहेक अरू कसैको हकदाबी छ/छैन निवेदकको माग बमोजिम छुट दर्ता नामसारी गरिदिँदा अन्य कसैको हकभोग, स्वामित्वमा असर पर्न जाने हो या होइन कसैले उल्लिखित कित्ता जग्गाहरूको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहेको/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजका नाममा दर्ता नामसारी हुन नपर्ने कुनै मनासिव कारण भए सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदाबी सम्बन्धी गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नै दाबी प्रमाण पुग्ने कागजात सहित दाबी विरोध गर्नुहोला अन्यथा नियमानुसार दर्ता नामसारी भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

जिल्ला	क्षेत्र	वडा नं.	कि नं.	क्षे फ	मोही	किसानको व्यहोरा
भक्तपुर	भ.न.पा.	१० ख	८२	०-०-२-०	आसलाल कोजु	मेरो नम्बरी हो
भक्तपुर	भ.न.पा.	१० ख	८४	०-२-२-०	आसलाल कोजु	मेरो नम्बरी हो

विपत् व्यवस्थापनमा प्रदेश सरकार गम्भीर

पोखरा समाचारदाता
पोखरा, वैशाख ९ गते

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपत् जस्तो मानवीय संवेदनासँग प्रत्यक्ष जोडिएका विषयमा प्रदेश सरकार अभिभावकीय भूमिका निर्वाह गर्न सधैँ तयार रहेको बताउनुभएको छ।

प्रदेशस्तरीय विपत् प्रतिकार्य नमुना अभ्यास अन्तर्गत तीन दिनसम्म वेगनास तालमा भएको जल उत्पन्न प्रकोपसम्बधी अभ्यास कार्यक्रममा उहाँले सशस्त्र प्रहरी बल विपत्को घडीमा सर्वप्रथम जनताको अझै नजिक पुग्ने बलका रूपमा स्थापित हुनुपर्नेमा जोड दिनुभयो। उहाँले सबैलाई आआफ्नो ठाउँबाट विपत् प्रतिकार्यमा एकजुट हुन अपिलसमेत गर्नुभयो।

गण्डकी प्रदेश प्राकृतिक विविधता र सौन्दर्यले जति भरिपूर्ण त्यति नै बहुप्रकोपीय जोखिमबाट पनि प्रभावित क्षेत्र रहेको बताउनुहुँदै मुख्यमन्त्री पाण्डेले हरेक वर्ष पानीजन्य विपत्लगायत विभिन्न प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक विपत्को सामना गरिरहनु परेको उल्लेख गर्नुभयो। विपत्का घटना न्यूनीकरण गर्न मद्दत पुगोस् भन्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले सबै सुरक्षा निकायसँगको



समन्वय र सहकार्यमा विपत् नमुना अभ्यास, तालिम, प्रतिकार्य र सामग्री हस्तान्तरणका कार्यक्रम सञ्चालनमा सहकार्य गर्दै आएको जानकारी गराउनुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं. ४, मुक्तिनाथ बाहिनी मुख्यालयका बाहिनीपति प्रहरी नायब महानिरीक्षक कुलबहादुर नेम्वाङले पानीजन्य विपत्को जोखिम न्यूनीकरण गर्न प्रदेश सरकारले सशस्त्र प्रहरी बलसँगको सहकार्यमा गोताखोर विशेष तालिम पनि सञ्चालन गरेको जानकारी दिनुभयो। २०६९ पुस ४ गते स्थापना भएको गण्डकी प्रदेश विपत् व्यवस्थापन टिममा १३ जना तालिमप्राप्त गोताखोर, चार जना फायरफाइटर, सात जना रोप-रेस्क्युर, तीन जना एमएफआर, छ जना सिएसएसआर र १२ जना विपत् व्यवस्थापन गरी ४५ जना जनशक्ति परिचालित रहेको उहाँले उल्लेख गर्नुभयो।

यसै गरी सशस्त्र प्रहरी बल नेपाल नं. २४ गण कालिका कास्कीका गणपति सूर्यप्रसाद तिम्सिनाले हालसम्म विपत् व्यवस्थापन टिमले जीवित उद्धार एक हजार २३० जना र मृत्यु उद्धार २८३ जना गरेको जानकारी दिनुभयो।

कार्यक्रममा उद्धार टोलीमा खटिने सशस्त्र प्रहरीको टोलीले पानीमा डुबेकाको शीघ्र उद्धार कसरी गर्ने, एम्बुलेन्स प्रयोग गर्ने, मेडिकलको व्यवस्थापन गर्ने र खोज उद्धारमा गोताखोरको प्रयोगलगायत विभिन्न पक्षको नमुना अभ्यास प्रस्तुत गरिएको थियो। उत्कृष्ट कार्य गरेबापत उद्धार टोलीलाई मुख्यमन्त्री पाण्डेले प्रशंसापत्रसमेत प्रदान गर्नुभएको थियो।

विपत् व्यवस्थापनका लागि प्रदेश सरकारले वार्षिक रूपमा आर्थिक स्रोतको पनि सुनिश्चित गर्दै आएको छ। प्रदेशस्तरमा १० करोड रुपियाँ नघट्ने गरी र जिल्लास्तरमा १० लाख रुपियाँ नघट्ने गरी विपत् व्यवस्थापन कोष सञ्चालन गरिरहेको छ। यस्तै विपत्बाट भएको क्षति न्यूनीकरण गर्दै थप क्षति हुन नदिन स्थानीय तह, जिल्ला विपत् व्यवस्थापन समितिको सिफारिसमा तत्काल बजेट व्यवस्थापन गर्ने गरेको छ।

बहिरा समुदायको पहिचान आवश्यक

पोखरा समाचारदाता
पोखरा, वैशाख ९ गते

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले साङ्केतिक भाषा बहिरा समुदायको विशेष पहिचान भएको बताउनुभएको छ। मन्त्रालयको समन्वयमा राष्ट्रिय बहिरा महासङ्घ नेपाल, गण्डकी प्रदेशद्वारा आयोजित तीनमहिने आवासीय दोभासे तालिम (साङ्केतिक भाषा सञ्चार) कार्यक्रमको उद्घाटन गर्दै उहाँले भन्नुभयो, "साङ्केतिक भाषा सञ्चारको माध्यम मात्र नभई बहिरा समुदायको पहिचान, अधिकार र अभिव्यक्तिको आधार हो।"

साङ्केतिक भाषाले उनीहरूको सामाजिक सहभागिता सुनिश्चित गर्न र समावेशी समाज निर्माण गर्न सहयोग पुऱ्याउने उहाँको भनाइ थियो। साङ्केतिक भाषा तालिम समावेशी समाज निर्माणतर्फको महत्त्वपूर्ण कदम भएको बताउँदै उहाँले यस्तो किसिमको तालिमले दोभासे र बहिरा समुदायबिचको आपसी समझदारी, आत्मीयता र समन्वयलाई मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो।

उहाँले प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ल्याउन लागेको जानकारी गराउँदै अपाङ्गमैत्री कानुन निर्माणका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो।

आलो रगत ततार्इ पिउन सुझाव

हरिकृष्ण शर्मा
मुक्तिनाथ (मुस्ताङ), वैशाख ९ गते

मुस्ताङको थासाङ गाउँपालिका–२, घट्टेखोलामा वैशाख ६ गतेदेखि चौँरीको आलो रगत पिउने मेलामा सर्वसाधारणको भिड लागेको छ। सो मेलामा मुस्ताङबाहेक म्याग्दी, पोखरा, बुटवल, काठमाडौँलगायत देशका विभिन्न स्थानबाट सर्वसाधारण मेलामा पुगेका छन्। दैनिक दुई सय जनाको हाराहारीले चौँरीको आलो रगत पिउने गरेको आयोजक हिमालय याक नाकपालन उपसमितिले जनाएको छ।

आयुर्वेदिक र प्याथोलोजी उपचार पद्धतिबाट आजित भएकाको रोजाइँमा परेको चौँरीको आलो रगत पिउने मेलामा याकको मासु, चौँरीको रगतका लागि एकसातासम्म मुस्ताङकै होटेलमा बसेरसमेत दैनिक पुग्नेको सङ्ख्या हरेक वर्ष बढ्दै गएको छ। हरेक वर्ष ग्यास्टिक, गानोगोला, तुस, अपच, हार्डजोर्नी, नसासम्बन्धी रोग, यौन उत्तेजना बढ्नेलगायत समस्या समाधान हुने जनविश्वासमा सर्वसाधारणको भिड लाग्ने गरेको अवस्थामा मेडिकल चिकित्सकले मने आलो रगतलाई तताएर मात्रै प्रयोग गर्न सुझाव दिएका छन्। प्रदेश अस्पताल मुस्ताङका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा. तेजेस नेपालले चौँरीको घाँटीमा चक्कुले रेटेर निकालेको रगतको धारा गिलासमा भरेर घुटुघुटु पिएको दृश्यको वैज्ञानिक अनुसन्धान आवश्यक रहेको बताउनुभयो। डा. नेपालले भन्नुभयो, "रगतलाई तताएर खाँदा जीवाणुमुक्त हुन्छ, भिटामिन र पोषणका लागि पनि राम्रो मानिन्छ।"

आलो रगतमा विभिन्न विषाक्त पदार्थका अवशेष हुने भएकाले तताएर खान उपयुक्त हुने डा. नेपालको भनाइ छ। सामान्य शारीरिक प्रक्रिया अनुसार सङ्क्रमण गराउने हानिकारक विषाक्त तत्त्व रगतको शुद्धीकरण प्रक्रियापछि मूत्र प्रणालीमार्फत बाहिर जान्छन्। पशुको रगत सङ्क्रमण फैलिएको अवस्थामा मानिसले ताजा रगत पिउँदा शरीरमै सङ्क्रमणको जोखिम हुने डा. नेपालको भनाइ छ। डा. नेपालले भन्नुभयो, "आलो रगतले बाहिरी कीटाणु सर्न सक्ने उत्तिकै सम्भावना हुन्छ, जनविश्वासलाई सम्मान गर्दै स्वास्थ्य क्षेत्रका सुझावलाई समेत कार्यान्वयन गर्नुपर्छ।" हिमाली क्षेत्रको चरन क्षेत्रमा रहेका पशुचौपायाको शरीरभित्र हेमोग्लोबिनको मात्रा धेरै हुने भएकाले आवश्यकता परेमा निकालेर फाल्न सकिन्छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ।

श्री आईडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, नयाँ बजार (तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था, हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था, नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था, घुदुङ बहुउद्देश्यीय सहकारी संस्था, आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था) काठमाण्डौका बचतकर्ता, ऋणी, सञ्चालक तथा सरोकारवालाहरुलाई अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८२/०१/१० गते

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८१/१२/१९ को निर्णयबाट समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न सोही ऐनको दफा १०५ बमोजिम यस समिति समक्ष लेखी आएकोमा सोहि ऐनको दफा १११(१) बमोजिम सो सहकारी संस्थाको संचालक समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार स्वतः निलम्बन हुने हुँदा निम्नानुसारको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ।

- सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरुले सो सहकारीसँग सम्बन्धित सम्पूर्ण कागजात तथा सम्पत्तिहरु यस समितिसमक्ष बुझाई कार्यालय बन्द गर्नुको साथै कुनै पनि कारोबार नगर्नु नगराउनु हुन।
- सञ्चालक, व्यवस्थापक र कर्मचारीले यस समितिसमक्ष उपस्थित भई आवश्यक सहयोग गर्नु हुन।
- ऋणी सदस्यहरुले यस समितिमा सम्पर्क राखी ऋण भुक्तानी गर्नु हुन साथै साविक सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरुसँग कुनै पनि कारोबार नगर्नु हुन।
- बचतकर्ताहरुले बचतसँग सम्बन्धित सम्पूर्ण प्रमाणहरु सुरक्षित राखी यस समितिबाट मागदावी निवेदन आवेदनको सूचना जारी भए पछि यस समितिसमक्ष निवेदन पेश गर्नु हुन।
- समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि समितिको कार्यालयसँग मात्र समन्वय गरी काम कारवाही गर्नु हुन।
- विस्तृत एवं अद्यावधिक सूचनाको लागि यस कार्यालयको **Website: coopmc.gov.np** हेर्नु हुन।

नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोग
कमलादी, काठमाडौँ
बढुवा सिफारिस सम्बन्धी सूचना

मिति : २०८२।०७।१०

नेपाल प्रज्ञा-प्रतिष्ठानको स्वीकृत दरबन्दी अन्तर्गत रिक्त नायब सुब्बा (रा.प.अनं. प्रथम श्रेणी सरह), प्रशासन सेवा, प्रशासन समूहको पद सङ्ख्या-१ (एक) मा कार्य क्षमताको मूल्याङ्कनका आधारमा बढुवाद्वारा पूर्ति गर्ने सम्बन्धमा सम्मानित उच्च अदालत पाटनबाट रिट नं. ०८१-WO-०६१४ को मुद्दामा भएको आदेश र सोही आदेश बमोजिम लोक सेवा आयोगबाट प्राप्त सहमति अनुसार मिति २०८१/१२/१५ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विज्ञापन नं. ३।०७९।०८० को सूचना बमोजिम कार्य क्षमताको मूल्याङ्कनबाट देहाय अनुसारको योग्यता क्रम कायम हुन आएकाले बढुवाका लागि सिफारिस गर्ने मिति २०८२/०१/०९ मा निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

योग्यता क्रम नं.	दरखास्त दर्ता नं.	बढुवाका लागि सिफारिस भएका उम्मेदवारको नाम, थर	कुल प्राप्ताङ्क	
			अङ्कमा	अक्षरमा
१	०४	सन्तोषकुमार राई	७०.३७	सत्तरी दशमलव तीन सात

सदस्य सचिव

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
प्राप्ती शाखा, गौचर, काठमाडौं।
बोलपत्र (e-bid) आव्हानको सूचना

प्रकाशित मितिः २०८२।०१।१० (23rd Apr., 2025)

यस कार्यालयको लागि आवश्यक "Supply and Delivery of Desktop Computer, Printer, Heavy Duty Photocopy Machine, Projector and Interactive Board (Re-invitation), NCB/19/PROSEC/2081/82" खरिद सम्बन्धमा e-bid को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत विवरण तथा बोलपत्र सम्बन्धि सम्पूर्ण काम/कारवाहीको लागि PPMO को website www.bolpatra.gov.np/egp मा Login गर्नुहुन अनुरोध छ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय
कीर्तिपुर, काठमाडौं
पुस्तक खरिदका लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशन मितिः २०८२।०१।१०)

यस केन्द्रीय पुस्तकालयका लागि आवश्यक पुस्तकहरु खरिदका लागि इच्छुक प्रकाशक तथा विक्रेताहरुले गोरखापत्र दैनिकमा प्रथम पटक सूचना प्रकाशन गरिएको मितिबाट १५ दिन भित्र नगद रु. १,०००।- (फिर्ता नहुने गरी) त्रि.वि. केन्द्रीय कार्यालयको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको बैंक खाता नं. ०४५००१०००९९१५३०००००१ मा जम्मा गरी सिलबन्दी दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको १२:०० बजेसम्म यस केन्द्रीय पुस्तकालयको दर्ता शाखामा दर्ता गर्ने गरी रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

नोटः सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत विवरण सहितको सम्पूर्ण जानकारी यस त्रि.वि. केन्द्रीय पुस्तकालयको सूचना पाटीमा टाँस गरिएको छ।

Madhesh Provincial Government
Ministry of Health and Population
Health Directorate
Health Office, Siraha
Invitation for E-Bids

Date of first Publication: 2082-01-10 (23rd April, 2025)

1. Health Office, Siraha invites electronic bids from eligible bidders for following works:

S. N	Contract Identification Number	Description and Location of Work	Total Estimated Amount (Exclusive VAT)	Bid Security Amount (NRs.)	Fee for Bid Document (NRs.)	Last Bid Submission date
1	MP/HOS/NCB /GOODS-1/2081-82	Supply, Delivery and installation of various equipment for Health Park	NA	5,75,000.00	5000	22nd May, 2025 12 Noon

2. Bidder should submit their bid electronically. Detailed notice can be accessed from www.bolpatra.gov.np/egp PPMO's portals specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number- 1000100200010000, Rajashwa Heading No- 14229, Office Code No. 3700616012 (of Health Office Siraha) in Rastriya Banijya Bank Ltd. or Bank Guarantee issued by a Class-A Commercial Bank in Nepal drawn in favor of the Health Office Siraha, in the format supplied in the bid document or the form acceptable to the Health Office Siraha. A Pre-bid Meeting shall be held at Health Office Siraha on Baisakh 28th 2082 at 11:00 hrs. As above within the date and time Specified.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp (e-GP II on or before 12:00) on 2082/02/08, Bids received after this deadline will be rejected.
4. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever. (Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to visit the notice board of Health Office, Siraha)

Chief, Health Office Siraha

Kathmandu Upatyaka Khanepani Limited (KUKL)
Waste Water Operation Division, Jawalakhel, Lalitpur
Contact No: 01-5421903
Invitations of Bids (Sealed Quotation)

Notice Publication Date: 23rd April 2025 AD. (B.S. 2082/01/10)

Kathmandu Upatyaka Khanepani Limited, Waste Water Operation Division invites e-bid from eligible bidders under Sealed Quotation bidding procedures as mentioned below:

IFB Name Description	Bid Submission Deadline	Bid Opening Date & Time
Construction of Sewer line at Lalitpur - 04, Malphokhari area IFB NO: KUKL/WWOD/ Works/SQ/03/2081/2082	8th May 2025 (Time 12:00 noon)	8th May 2025 (Time 12:30 PM)

For details please visit http://www.bolpatra.gov.np or Contact at Tel No: 01-5421903 & 01-5420803

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
प्रादेशिक कार्यक्रम सहयोग एकाइ, जनकपुरधाम
नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणापत्र पेश गर्ने समयावधि थप गरिएको सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।१२।२८

मधेश प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको चालू आ.व. २०८१/८२ को नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ५ बमोजिम अवधारणापत्र पेश गर्ने समय मिति २०८२।०१।२१ गते आइतबार बेलुकी ५:०० बेजसम्म थप गरिएकाले अवधारणापत्र तयार गरी पुष्ट्याइँका कागजात सहित Google Form: https://rb.gy/u9twbv / इमेलः ipf.plgspmadhesh@gmail.com दुवै मार्फत आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश

भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

प्रस्तुत विषयमा यस गोदावरी नगरपालिका वडा नं. १२ नकली महर्जनको ससुरा हिरालाल महर्जन भन्ने हेरालाल महर्जनको नाममा २०२१ सालको नापी बखत तपसिलका कित्ता जग्गा सर्भे नापनक्सा भई तांहा कार्यालयमा मोठ स्रेस्ता कायम भई दर्ता प्रमाणित गर्न बाँकी छुट जग्गा नकली महर्जनका नाममा दर्ता नामसारी गरिदिनुहुन भनी गोदावरी नगरपालिका १२ नं. वडा कार्यालयको च.नं. ७८६ मिति २०८१/७/२५ गतेको सिफारिस सहित साविक ठेचो मौजा ठेली नं. ८/१०७५ धं लाल महर्जनका नामको लगत भिडाई संयुक्त जग्गा दर्ता नामसारी गरिपाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा द.नं. ७३३६ मिति २०८१/७/२७ मा नकली महर्जनको नाममा एकलौटी दर्ता नामसारी गरिपाऊँ भनी निवेदन मागदाबी रहेकोमा सो जग्गामा निज निवेदकको हकभोग रहेको छ/छैन ? उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्/छैनन् ? उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन ? निवेदकको माग बमोजिम दर्ता नामसारी गरिदिँदा अन्य कसैको हकभोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहेको/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजहरूका नाममा दर्ता नामसारी हुनुनपर्ने कुनै मनासिव कारण भए सोको समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी सूचना प्रकाशन भएको ३५ दिनभित्र सम्पूर्ण प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम छुट जग्गा दर्ता नामसारी भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

क्षेत्र	वडा	कि.नं.	क्षेत्रफल	मोही	किसानको व्यहोरा
ठेचो	८क	७९	०-८-३-०	हिरालाल महर्जन १ नं. वडा ल्या.	यो जग्गा मेरो नामको नम्बरी हो ल्या.

मि.नं. २९३ मिति २०५४/५५ मा मिसिल भिडेको भनी मोठबाट मोठ भिडी आएको मिसिल खोजतलास गर्दा फेला नपरेकोले कसैले भिडाएको भए दाबी गर्नुहोला। अन्यथा कानून बमोजिम दर्ता भइजानेछ।

Civil Aviation Authority of Nepal
Tribhuvan International Airport Civil Aviation Office
Gauchar, Kathmandu, Nepal
Notice for Intent to Accept the Bid

Date of publiction : 23rd Apr., 2025 (2082/01/10)

This is to notify (as per section 27 (2) of public procurement Act, 2063) to all the concerned bidders, our intention to award following contract to following bidder selected as substantially responsive evaluated bids.

S. N.	Bid Description	Selected Bidder	Total Accepted Bid Price (without VAT)
1	Supply and Delivery of Fire Extinguishers, ARFF Accessories and Ancillaries Equipment, NCB/13/PROSEC/2081/82	M/S Shekhar Trading Concern, Thahity Tole, Kathmandu	**NRs.31,10,000/-** (Thirty-one Lakhs Ten Thousand)
2	Supply and Delivery of Breathing Apparatus Complete Set, NCB/14/ PROSEC/2081/82	M/S Marshyangdi Enterprises, Babarmahal, Kathmandu	**NRs.49,36,000/-** (Forty-nine Lakhs Thirty-six Thousand)
3	ATN Leased Line/Data Connectivity to Domestic Airports from TIA and Others Connectivity, NCB/17/PROSEC/2081/82	M/S Worldlink Communication Limited, Jawalakhel, Lalitpur	**NRs.17,69,395/-** (Seventeen Lakhs Sixty-nine Thousand Three Hundred Ninety-five)
4	Telephone/Fiber Cable Management of PABX Room (Re-invitation), SQ/01/PROSEC/2081/82	M/S Yadav Refrigeration Pvt. Ltd., Sinamangal -09, Kathmandu	**NRs.6,99,700/-** (Six Lakhs Ninety-nine Thousand Seven Hundred)

नेपाल टेलिकम
वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय
छाउनी, काठमाडौं
फोन नं.: ०१-५३७२१००, ५३८०१३३
Supply and Delivery of Hybrid CPE and Accessories को दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२ वैशाख १० गते)

Sealed Quotation No.	Description
NDCL/WCSD/SQ-04/081-82	Supply and Delivery of Hybrid CPE and Accessories

मिति २०८२ वैशाख २४ गते दिनको ११:०० बजेसम्म दरभाउपत्र फाराम खरिद गरी सोही दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र बुझाइसक्नुपर्नेछ। विस्तृत जानकारीका लागि यस निर्देशनालयको खरिद शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

बढुवा समितिको सचिवालय
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश
(सूचना नं. २९ प्रकाशित मिति :- २०८२/०१/१०)

प्रशासकीय अदालतको पू.वे.नं. ०८१-AC-००३६ र ०८१-AC-००३७ मिति २०८१/११/२६ को आदेश अनुसार प्रदेश निजामती सेवा अन्तर्गतको देहायका सेवा समूहका, अधिकृत नवौँ तहमा देहाय बमोजिमका उम्मेदवारहरूलाई बढुवाको सिफारिस गर्ने गरी बढुवा समितिबाट मिति २०८२/०१/०९ मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

ब.स्.नं.(४८)/२०८०-०८१, प्रदेश कृषि सेवा/भेटेरिनरी समूह/ नवौँ तह माग पद सङ्ख्या-१

यो.क्र.नं.	सङ्केत नम्बर	उम्मेदवारको नाम	प्राप्ताङ्क
१	२१७२१०	मनोज कुमार महतो	९०.४६४७

ब.स्.नं.(५०)/२०८०-०८१, प्रदेश कृषि सेवा/कृषि प्रसार समूह/ नवौँ तह माग पद सङ्ख्या-१

यो.क्र.नं.	सङ्केत नम्बर	उम्मेदवारको नाम	प्राप्ताङ्क
१	२३२१२५	दुर्गा बहादुर तिरुवा	८६.६२४१

जग्गाधनी पुर्जा नहुँदा समस्या

कर तिर्नु पर्छ, ऋण पाइँदैन

विनय कर्ण
कल्याणपुर (सप्तरी), वैशाख ९ गते

सप्तरी जिल्ला सदरमुकाम राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्रको ७० बिघा जग्गामा बसोबास गर्दै आएका करिब पाँच हजार दुई सय परिवार जग्गाधनी पुर्जाविहीन अवस्थामा छन्।

बर्सौंदेखि बसोबास गर्दै आएका नगरवासीको नाउँमा जग्गा नहुँदा उनीहरू समस्यामा परेका हुन्। २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक तथा भित्री सडकको दायाँबायाँ रहेका पाँच हजार दुई सय परिवारले बर्सौंदेखि लालपुर्जा पाएका छैनन्।

मालपोत कार्यालयबाट रोक्का प्रक्रियासमेत लामो समयदेखि रोकिएपछि उनीहरू समस्यामा परेका छन्। जग्गाबापत नगरपालिकाबाट पाएको बिटौरी रसिदमा उल्लेखित जग्गा बैङ्क र वित्तीय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरू अहिले सो सेवा सुविधाबाट वञ्चित भएका छन्।

विगत आठ वर्षदेखि स्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि नगरवासी बैङ्क तथा वित्तीय संस्थाबाट पाउनुपर्ने सेवा सुविधाबाट वञ्चित हुँदै आएको सङ्घर्ष समितिका सदस्य शम्भुलाल देवले जानकारी दिनुभयो।

बिटौरी जग्गाको बर्सौंदेखि कर लिने गरेको राजविराज नगरपालिकाले लालपुर्जा र नक्सा पासका लागि पहल नगर्दा बैङ्क तथा वित्तीय संस्थाले त्यस्तो जग्गा स्वीकार गर्न नमानेको सङ्घर्ष समितिका अर्का सदस्य दीपेन्द्र चौधरीले बताउनुभयो।

आफ्नै जग्गा धितो राखेर बैङ्क तथा वित्तीय संस्थाबाट ऋण नपाउँदा व्यापार, व्यवसाय चौपट हुनुका साथै शिक्षा, उपचारलगायतका विभिन्न काममा समेत समस्या परेको चर्को ब्याजमा ऋण लिनुपर्ने बाध्यता भएको नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली बताउनुहुन्छ।

आन्दोलन घोषणा

कल्याणपुर समाचारदाता
कल्याणपुर (सप्तरी), वैशाख ९ गते

बिटौरी तथा ब्लक जग्गाको जग्गाधनी पुर्जा पाउनुपर्ने माग गर्दै राजविराज नगरवासी पीडित सङ्घर्ष समितिले दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ।

सङ्घर्ष समितिले मङ्गलबार राजविराजमा पत्रकार सम्मेलन आयोजना गरी सप्तरी सदरमुकाम राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्रमा बसोबास गर्दै आएका करिब पाँच हजार दुई सय जग्गाधनी पुर्जाविहीन परिवारको माग सुनुवाइ नभएको भन्दै आठबुँदे माग राखेर दोस्रो चरणको आन्दोलन कार्यक्रम सार्वजनिक गरेको हो।

पत्रकार सम्मेलनमा सङ्घर्ष समितिका संयोजक इरसाद अन्सारीले राजविराज नगरपालिकाको बिटौरी र ब्लक जग्गाको लालपुर्जाबाट वञ्चित पाँच हजारभन्दा बढी परिवारलाई अविलम्ब लालपुर्जा प्रदान गर्नुपर्ने माग रहेको बताउनुभयो।

राजविराज बसपार्क अविलम्ब सञ्चालन गर्नुपर्ने, राजविराज हटियामा निर्माणाधीन व्यावसायिक कम्प्लेक्सको निर्माण अविलम्ब सकेर व्यापारीलाई हस्तान्तरण गर्नुपर्ने, खाडो नदी तटबन्ध क्षेत्रका जग्गाको नापी अविलम्ब गर्नुपर्नेलगायतका माग रहेका छन्। पहिलो चरणको आन्दोलनका माग सम्बोधन नहुँदा दोस्रो चरणको आन्दोलनमा जान बाध्य भएको संयोजक अन्सारीले बताउनुभयो।

पहिलो चरणको आन्दोलन २०८१ फागुन १८ गते राजविराज नगरपालिकाको सभा कक्षमा सरोकारवाला निकायका प्रमुख, सङ्घर्ष समितिका प्रतिनिधि र राजनीतिक दलका प्रतिनिधिसमेतको उपस्थितिमा समिति गठन गरी १५ दिनको समयसीमा तोकेर समाधान निकाल्ने प्रतिबद्धता जनाइएको थियो। नापी कार्यालयले त्यसप्रति चासो देखाउन छोडेपछि पछिल्लो पटक चैत २८ गते प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई तीनदिने अल्टिमेटमसहितको जानकारी पत्र बुझाएको उल्लेख गर्दै उहाँले अहिलेसम्म कुनै पहल नभएको बताउनुभयो।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थिमि, भक्तपुर
बागमती प्रदेश, नेपाल।

बोलपत्रको प्राविधिक प्रस्ताव मूल्यांकन तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा।

प्रकाशित मितिः- २०८२/०१/१०

यस न. पा. बाट मिति २०८१/११/२० गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त भएको बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्यांकन पश्चात निम्न बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र प्राविधिक प्रस्ताव मूल्यांकनमा सफल भएको तथा सफल बोलपत्रदाताले बोलपत्र साथ पेश गरेको आर्थिक प्रस्ताव निम्नानुसार खोलिने व्यहोरा समेत सम्बन्धित बोलपत्रदाताहरु तथा सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

निम्न :-

सि. नं.	ठेक्का नं.	योजनाको नाम	प्राविधिक मूल्यांकनमा सफल बोलपत्र दाताको नाम, ठेगाना	आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय	कैफियत
1	MTM/NCB/Works/ 17/081/082	Bandevi Landslide Protection Works, Ward No.:- 4, Bandevi	1) NNPL – CCS J.V., Thimi, Bhaktapur	स्थानः- मध्यपुर थिमि नगरपालिकाको हल मितिः-२०८२/०१/१७ गते। समयः- दिनको १ बजे।	

मध्यपुर थिमि नगरपालिका,
मध्यपुर थिमि, भक्तपुर।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर काठमाण्डौको ३५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८२/०१/१० गते

यस समितिको सहकारी ऐन २०७४ को दफा १०४ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट मिति २०७९/०६/०७ मा ओरेन्टल को-अपरेटिभ लिमिटेड, मैतिदेवीलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति तथा दायित्व भुक्तानीको लागि सोही ऐनको दफा १०५ अनुसार गठित यस समितिसमक्ष लेखि आएको, संस्थाका ऋणी सदस्य एवं सञ्चालकहरुबाट संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, जरिवाना तिर्न बुझाउनको लागि सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (१) देहाय (क) र (ख) बमोजिम पत्राचार गर्दा, पत्रपत्रिकामा सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले संस्थाको नाममा रहेको यस समितिबाट रोक्का राखिएका तपशिल बमोजिमका जग्गाहरु सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम २ को खण्ड(च) बमोजिम चलनचल्तीको मूल्य कायम गरी सोहि नियम बमोजिमको राष्ट्रिय स्तरको पत्रिकामा लेना रकम असुलीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहि ३५ (पैंतिस) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। ईच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलबन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि यस समितिको **Website: www.coopmc.gov.np** मा गई हेर्न सक्नु हुनेछ।

(क) लिलाम बिक्री हुने सम्पति र मूल्य :

सि. नं.	ज. ध. नाम, थर	ठेगाना	जग्गाको विवरण			हालको ठेगाना	कैफियत
			वडा नं.	कि. नं.	क्षेत्रफल		
१.	ओरेन्टल को-अपरेटिभ लिमिटेड	चितवन शाखा	भरतपुर- ३क	३३३३	०-०-१०-०	भरतपुर म.न.पा.-१२	
२.	ओरेन्टल को-अपरेटिभ लिमिटेड	चितवन शाखा	मंगलपुर-४ख	९३४	०-२-०-०	भरतपुर म.न.पा.-१६	
३.	ओरेन्टल को-अपरेटिभ लिमिटेड	चितवन शाखा	मंगलपुर- ५ख	३७६	०-३-०-०	भरतपुर म.न.पा.-१६	
४.	ओरेन्टल को-अपरेटिभ लिमिटेड	चितवन शाखा	पञ्चकन्या- ९क	७५२	०-२-५-०	रत्ननगर न.पा.-१३	
५.	ओरेन्टल को-अपरेटिभ लिमिटेड	चितवन शाखा	पञ्चकन्या- ९क	५५५	०-१-९.५-०	रत्ननगर न.पा.-१३	
६.	ओरेन्टल को-अपरेटिभ लिमिटेड	चितवन शाखा	चैनपुर-९क	२८०	०-५-१०-०	खैरहनी न.पा.-४	

(ख) शर्तहरुः

१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ।
२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु.२,०००।- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
३. यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन अपराण्ह १:०० बजेसम्म बोलपत्र पेश गरि सक्नु पर्नेछ। यसरी पेश भएका बोलपत्रहरु सोहि दिन १:३० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ।
४. शिलबन्दी बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। बोलपत्र दाखिल गरे पछि त्यसमा कुनै किसिमको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुनु पर्नेछ।
५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ।
६. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दश) प्रतिशत रकम कृषि विकास बैंक लिमिटेड, पुतलीसडकमा रहेको यस समितिको बैंक खाता सहकारी व्यवस्थापन समिति ओरेण्टल (Sahakari Byabasthapan Samiti Oriental), खाता नं.०२०९९०१३०८७९८०२४ मा जम्मा गरि सोको सक्कलै भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ।
७. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने बढिमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
९. बोलपत्र पेश गर्दा प्रत्येक किस्ताको छुट्टा-छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ।
१०. बोलपत्रको बाहिर खाममा कुन किस्ताको लागि बोलपत्र पेश गरेको हो स्पष्ट उल्लेख गर्नु पर्नेछ।
११. बोलपत्र प्रत्येक किस्ताको छुट्टा-छुट्टै दर्ता गरि सोहि अनुसार खोलिनेछ।
१२. जग्गा सकार गर्ने पक्षले नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने कर तथा दायित्व सम्पूर्ण भुक्तान गर्नु पर्नेछ।
१३. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समिति समक्ष रहने छ।

NATIONAL JUDICIAL ACADEMY
Tarkeshwor-10, Manamaiju, Kathmandu
Phone No: - 01-4027449

Notice for Opening of Financial Proposal

(Date of Publication: 2082/01/10)

This is to notify all the qualified bidders for the opening of financial proposal as per schedule mentioned below:

Contract ID	Description of Work	Financial Proposal Opening Date and Time	Qualified Bidders
NJA/KTM/ WORKS/NCB/ 01/2081/82	Construction of Canteen Block	2082-01-17 14:00 hour	1. Pashupatinath Construction, Kathmandu. 2. Surya Kiran Nirman Sewa Pvt. Ltd. Lalitpur.

बोलपत्र आह्वानको सूचना
श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा
नेपाली सेनाको लागि आवश्यक विभिन्न सामग्रीहरु खरिदको बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८२/०१/१० गते)

१. नेपाली सेनाको लागि आ.व. ०८१/८२ मा आवश्यक पर्ने निम्न अनुसारको सामानहरु **e–GP System** बाट खरिद गरिने हुंदा ईच्छुक योग्य बोलपत्रदाताहरुको लागि यसै सूचनाद्वारा यो बोलपत्र आह्वान गरिएको छ।

ठेक्का नं.	सामानको विवरण	परिमाण	बैक जमानत पेश गर्नुपर्ने ने. रु.	बोलपत्र दस्तुर ने. रु.	प्रि-बिड मिटिङ्ग मिति र समय	बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय	बोलपत्र खोल्ने मिति र समय
तेस्रो पटक सूचना प्रकाशन							
550	Spare Parts for CASA Aircraft (CN-235)	विभिन्न	२,५८,०००।-	३,०००।-	२०८२।०७।१२ गतेको १४०० बजे	२०८२।०७।१७ गतेको १२०० बजे	२०८२।०७।१७ गतेको १३०० बजे

२. बोलपत्रदाताहरुले **www.bolpatra.gov.np/egp** सिष्टम मार्फत विड गर्नु हुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खाताहरुमा रकम जम्मा गरी सो को भौचर पेश गर्नु हुन। साथै, सो सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको फोन नं.०१-५९७९१२६ मा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ।

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय महाराजगञ्ज

आर्थिक प्रस्ताव खोल्ने सूचना

प्रकाशित मिति : २०८२।०७।१०

यस डीनको कार्यालयको मिति २०८१।१०।१ गते प्रकाशित सूचना अनुसार IOM-EB-E1-08182 -Integrated Research Laboratory Setup का Equipment खरिदका लागि नियमानुसार दर्ता हुन आएका तपसिल बमोजिमका प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सफल भएका प्रस्तावदाताहरूको आर्थिक प्रस्ताव मिति २०८२।०७।१७ गते दिनको २.०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

S.N.	Equipment Name	Qualified Bidder
1	NGS with Automated library Preparation	Applied Biotech Pvt.Ltd. (IIlumina Inc.) Unique Traders Pvt.Ltd. (Thermofisher Scientific (ABI))
2	Digital PCR machine	Pacific Commercial Company Pvt.Ltd. (QIAGEN GmbH) Unique Traders Pvt.Ltd. (Thermofisher Scientific (ABI))
3	Luminex 3D-HLA Typing and Antibody Screen system	Unique Traders Pvt.Ltd. (Thermofisher Scientific/One Lamda)
4	Automated DNA and RNA extraction System	Unique Traders Pvt.Ltd. (Thermofisher Scientific/ABI//Invitrogen)
5	Fully Automated IHC Stainer	Techno Biomed Pvt.Ltd. (Henan Celnovte Biotechnology Co. Ltd.)
6	Auto Stainer (Histopathology)	Techno Biomed Pvt.Ltd.(Dakewe(Shenzhen) medical equipment Co.Ltd.)
7	Automatic Blood Component Separator	Himalayan Medical Technologies Pvt. Ltd. (Fresenius Kabi)

लोक सेवा आयोगका सूचनाहरु

अन्तर्वार्ता सम्बन्धी सूचनाहरु

केन्द्रीय कार्यालय, कमलपोखरी
लिखित परीक्षा नतिजा प्रकाशन शाखा

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीको देहायका विज्ञापनमा लिइएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरु मध्ये वर्णानुक्रमानुसार देहायका रोल नम्बर तथा नाम थर भएका उम्मेदवारहरु उत्तीर्ण भई अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरुले पासपोर्ट साइजको फोटो २ प्रति, आवश्यक न्यूनतम योग्यता एकीन हुने सम्पूर्ण प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरु र दरखास्त फारामको प्रथम र द्वितीय पाना २ प्रति भरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस आयोगको दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा उक्त प्रमाणपत्रहरुको प्रतिलिपि उम्मेदवार आफैले प्रमाणित गरी रुजु गराउनु पर्नेछ। आवश्यक न्यूनतम योग्यता तथा अन्य आवश्यक कागजातको प्रमाणपत्रहरु नपुऱ्याएमा जुनसुकै बखत दरखास्त रद्द हुनेछ। छनौट भएका उम्मेदवारहरुले देहायको स्थान र समयमा हुने अन्तर्वार्ताको दिन आउँदा माथि उल्लेखित सकल कागजात र प्रवेशपत्र लिई १ (एक) घण्टा अगावै आयोगको अन्तर्वार्ता तथा सिफारिस शाखामा अनिवार्य उपस्थित हुनुपर्नेछ। अन्तर्वार्ताको दिन सार्वजनिक विदा पर्न गएमा पनि उक्त कार्यक्रम यथावत् सञ्चालन हुनेछ।

सूचना नं. ११६९/०८१-८२

सेवा, समूह, उपसमूहः- शिक्षा, शिक्षा प्रशासन **पदः**- उपसचिव वा सो सरह **श्रेणी/तहः**- रा.प.द्वितीय
लिखित परीक्षा सञ्चालन मितिः- २०८१।१०।६ र ७ **नतिजा प्रकाशन गर्ने कार्यालयः**- लोक सेवा आयोग, केन्द्रीय कार्यालय।
लिखित नतिजा प्रकाशन मितिः- २०८२।१।३

विज्ञापन नं. (०७७-७८)	किसिम	माग पद संख्या	लि.प.मा सम्मिलित संख्या	अन्तर्वार्ताको लागि छनौट भएको संख्या
१७२१५	आ.प्र.	७	९१	१०

ब.क.नं.	रोल नं.	नाम, थर	ब.क.नं.	रोल नं.	नाम, थर	ब.क.नं.	रोल नं.	नाम, थर
१	८७०२०७	जीवन न्यौपाने	२	८७००१३	देवीराम आचार्य	३	८७०११२	धर्मप्रसाद तिवारी
४	८७०१३८	नवीनकुमार खड्का	५	८७०००३	प्रकाशकुमार खरेल	६	८७०१७४	मधुप्रसाद घिमिरे
७	८७००८२	माधवप्रसाद पोखेल	८	८७००२३	रजनी धिमाल	९	८७०१२२	रमा खतिवडा
१०	८७०११०	श्यामप्रसाद आचार्य						

अन्तर्वार्ता हुने मिति, समय र स्थानः लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी।

ब.क.नं.	अन्तर्वार्ता मिति	अन्तर्वार्ता समय	ब.क.नं.	अन्तर्वार्ता मिति	अन्तर्वार्ता समय
१-५	२०८२।१।३१ गते	दिनको ११:०० बजे	६-१०	२०८२।१।३१ गते	दिनको २:०० बजे

सूचना नं. ११७०/०८१-८२

सेवा, समूह, उपसमूहः- शिक्षा, शिक्षा प्रशासन **पदः**- उपसचिव वा सो सरह **श्रेणी/तहः**- रा.प.द्वितीय
लिखित परीक्षा सञ्चालन मितिः- २०८१।१०।६ र ७ **नतिजा प्रकाशन गर्ने कार्यालयः**- लोक सेवा आयोग, केन्द्रीय कार्यालय।
लिखित नतिजा प्रकाशन मितिः- २०८२।१।३

विज्ञापन नं. (०७७-७८)	किसिम	माग पद संख्या	लि.प.मा सम्मिलित संख्या	अन्तर्वार्ताको लागि छनौट भएको संख्या
१७२१६	खुला	२	९१	१४
१७२१७	आ.ज.	१		४

ब.क.नं.	रोल नं.	नाम, थर	छनौट भएको समूह	ब.क.नं.	रोल नं.	नाम, थर	छनौट भएको समूह
१	८७००३३	ईश्वरकुमार श्रेष्ठ	आ.ज.	२	८७०००२	गोपालनारायण श्रेष्ठ	आ.ज.
३	८७०१९९	जितेन्द्रप्रसाद ओझा	खुला	४	८७०२०७	जीवन न्यौपाने	खुला
५	८७०१५४	दीपक माझी	आ.ज.	६	८७००१३	देवीराम आचार्य	खुला
७	८७०११२	धर्मप्रसाद तिवारी	खुला	८	८७०१३८	नवीनकुमार खड्का	खुला
९	८७०००३	प्रकाशकुमार खरेल	खुला	१०	८७०१४०	प्रतापसिंह धामी	खुला
११	८७०१७४	मधुप्रसाद घिमिरे	खुला	१२	८७००८२	माधवप्रसाद पोखेल	खुला
१३	८७००२३	रजनी धिमाल	खुला	१४	८७०१२२	रमा खतिवडा	खुला
१५	८७०१४८	राजेन्द्रप्रसाद भट्ट	खुला	१६	८७०१३७	विश्वास रोका मगर	खुला, आ.ज.
१७	८७०११०	श्यामप्रसाद आचार्य	खुला				

अन्तर्वार्ता हुने मिति, समय र स्थानः लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी।

ब.क.नं.	अन्तर्वार्ता मिति	अन्तर्वार्ता समय	ब.क.नं.	अन्तर्वार्ता मिति	अन्तर्वार्ता समय	ब.क.नं.	अन्तर्वार्ता मिति	अन्तर्वार्ता समय
१-६	२०८२।२।१ गते	दिनको ११:०० बजे	७-१२	२०८२।२।२ गते	दिनको ११:०० बजे	१३-१७	२०८२।२।२ गते	दिनको २:०० बजे

सिफारिस सम्बन्धी सूचनाहरु

लोक सेवा आयोगबाट प्रकाशित देहाय बमोजिमको विज्ञापनको सिफारिस सम्बन्धी सूचना आयोगको वेवसाइटका साथै सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँस गरिएको र आयोगको मिति २०८२/१/१० को सूचनापत्र (Bulletin) मा समेत प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	विज्ञापन नं.	किसिम	सेवा, समूह, उपसमूह	श्रेणी/तह	पद
लोक सेवा आयोग, केन्द्रीय कार्यालय					
१.	१६६६३/०८१-८२	आ.प्र.	राष्ट्रिय मानव अधिकार	अधिकृत प्रथम	सहसचिव वा सो सरह
२.	१७१६३-१७१६४/०८१-८२	आ.प्र. र खुला	विविध	रा.प. प्रथम	सूचना प्रविधि विज्ञ
३.	१७१६५/०८१-८२	आ.प्र.	शिक्षा	रा.प. प्रथम	सहसचिव वा सो सरह

www.psc.gov.np



तस्बिर : सुजन वज्राचार्य

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टर सङ्खुवासभाको अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकनका क्रममा ।

वडामै पचास करोडको योजना

इनरुवा समाचारदाता
इनरुवा, वैशाख ९ गते

सुनसरीको इनरुवा नगरपालिकाको वडा नम्बर ४ मा ५० करोड रुपियाँको लागतमा विभिन्न विकास योजना सञ्चालन भइरहेका छन् । नगरका अन्य वडामध्ये सबैभन्दा बढी बजेटको योजना यो वडामा सञ्चालन भएको नगरपालिकाले जनाएको छ ।

एसियाली विकास बैङ्क, सङ्घीय, प्रदेश र स्थानीयसहित गरेर वडामा ५० करोड रुपियाँको विकास योजनाको काम सुरु भएको वडाध्यक्ष बौवालाल मेहताले जानकारी दिनुभयो । जहिले बाढीको बेला चर्चामा रहने कुरुवा खोलामा पुल, चार किलोमिटर कालोपत्रे सडक, हनुमानचोक दक्षिण दुवैतर्फ नालासहितको एक किलोमिटर कालोपत्रे सडक, पुरानो वडा नम्बर ४ मा कालोपत्रे, आफ्नै वडा कार्यालय भवन निर्माणसहितको विभिन्न योजना गरी ५० करोड रुपियाँको विकास योजनाको काम सुरु भएको वडाध्यक्ष मेहताले जानकारी दिनुभयो ।

उहाँले काममा केही स्थानीयको अवरोधले समस्या भएकाले सुन्दर वडा बनाउनका लागि आएको ५० करोडको विकास योजनाको काममा सहयोग गर्न सबै वडावासीलाई आग्रह गर्नुभएको छ ।

सुनसरीका १२ स्थानीय तहका १२४ वडामध्ये यो वर्ष इनरुवा नगरपालिकाको ४ नम्बर वडामा सबैभन्दा बढी विकास योजनाको काम सञ्चालन भएको मेहताको दाबी रहेको छ । सामुदायिक भवनबाट सेवा दिइरहेको वडा कार्यालयले दुई महिनाभित्रै नयाँ भवनबाट सेवा सुचारु गर्ने उद्देश्यले काम भइरहेको मेहताले जानकारी दिनुभयो ।

आफन्तको जिम्मा लगाइयो शव

ताप्लेजुङ समाचारदाता
ताप्लेजुङ, वैशाख ९ गते

ताप्लेजुङको पाथीभरा सडकखण्डमा लत्रिएको विद्युत्को तारबाट करेन्ट प्रवाह भई सवारीसाधनमा भएको आगलागीको घटनामा परी मृत्यु भएका चार जनाको शव आफन्तलाई जिम्मा लगाइएको छ । प्रहरीका अनुसार मृतकका शव जिल्ला अस्पताल ताप्लेजुङमा पोस्टमार्टम गरी आफन्तलाई जिम्मा लगाइएको हो ।

ताप्लेजुङका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक रवि रावलका अनुसार मृतकमध्ये तीन जनाको शव सोमबार साँझ नै र एक जनाको मङ्गलबार बिहान पोस्टमार्टम सकेर आफन्तको जिम्मा लगाइएको हो ।

ललितपुर महानगरपालिका–१० का १६ वर्षीय आध्या आचार्य, झापाको भद्रपुर नगरपालिका–१५ का पौडेल दम्पती ७० वर्षीय विनोद पौडेल र ६९ वर्षीय सरिता पौडेलको शव सोमबार साँझ आफन्तलाई बुझाएको प्रनाउ रावलले जानकारी दिनुभयो ।

रावलका अनुसार सवारीचालक ताप्लेजुङको फुङ्लिङ नगरपालिका–१०, फुरुम्बुका ४२ वर्षीय दुर्गा भट्टराईको शव भने पोस्टमार्टमपछि मङ्गलबार नै आफन्तको जिम्मा लगाइएको हो । पाथीभरा दर्शनमा आएका तीर्थयात्री सवार मे १ ज ३०११ नम्बरको बोलेरो जिपमा लत्रिएको विद्युतीय तारले छोएर करेन्ट प्रवाह भई आगलागी भएको थियो ।

सोमबार बिहान ५ बजेको समयमा सुकेटार–पाथीभरा सडक अन्तर्गत सेवारोचोकखण्डमा भएको सो दुर्घटनामा चार जनाको जलेर घटनास्थलमै मृत्यु भएको थियो । दुर्घटनामा परी ललितपुर महानगरपालिका–१० की ४५ वर्षीया सविना आचार्य र १० वर्षीय बालक सविनाको छोरा भविमय आचार्य घाइते हुनुभएको छ । चालक भट्टराईबाहेक मृत्यु हुने र घाइते दुई जना एकै परिवारका हुनुहुन्छ ।

महिलाको मृत्यु

बिर्तामोड (गोरखापत्र), वैशाख ९ गते । झापाको बिर्तामोडमा सुधार केन्द्रमा लडेर महिलाको मृत्यु भएको छ । सोमबार राति बिर्तामोड नगरपालिका–५, किराँत चोकस्थित क्षितिज महिला विकास समाज सुधार केन्द्रको शौचालयमा लडेर इलाम नगरपालिका–४ बरबोटे बस्ने ५० वर्षीय जीवनकला काफ्लेको मृत्यु भएको हो ।

शौचालय जाने क्रममा लडेर बेहोस भएकी काफ्लेलाई सुधार केन्द्रकी संस्थापक तिलरूपा कटुवालले मनमोहन अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारका लागि बिएन्डसी अस्पताल पुऱ्याउना साथ डाक्टरले परीक्षण गर्दा मृत्यु भइसकेको थियो । कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुरमा पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी पोस्ट आफ्नै भवनमा

ओखलढुङ्गा समाचारदाता
ओखलढुङ्गा, वैशाख ९ गते

ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका–६ को जन्तरखानी ठडेमा स्थापना भएको प्रहरी पोस्टको नौ वर्षपछि आफ्नै भवन बनेको छ । २०७३ सालदेखि प्रहरी पोस्ट स्थानीयको निजी घरबाट सञ्चालन भइरहेको थियो ।

सिद्धिचरण नगरपालिकाले १३ लाख ५० हजार रुपियाँ विनियोजन गरेपछि प्रहरी पोस्टको आफ्नै भवन निर्माण गरिएको हो । नगरप्रमुख तेजेन्द्र खनालको प्रमुख आतिथ्यमा उक्त भवनको उद्घाटन गरिएको छ । प्रहरीको आफ्नै कार्यालय भवन भएपछि सेवा प्रवाह र व्यवस्थापनमा सहज हुने आशा गरिएको प्रमुख खनालले बताउनुभयो ।

अहोरात्र नागरिकको सेवामा खटिने प्रहरीलाई नवनिर्मित भवनले धेरै सहज हुने प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीले बताउनुभयो । सेवा प्रवाहसँगै प्रहरी जनशक्तिलाई समेत कार्यसम्पादन गर्न सहज भएको ओखलढुङ्गाका प्रहरी प्रमुख एवं नायब उपरीक्षक कृष्ण खड्काले बताउनुभयो ।

नौ वर्षअघि स्थानीय सुरक्षालाई ध्यानमा राखेर पोस्ट स्थापना गरिएको थियो । जग्गा व्यवस्थापन गरेर ढुङ्गा, माटोको गारो, जस्ताको छानो भएको एकतले चारकोठे भवन निर्माण गरिएको छ । भवनमा कार्यालय, ब्यारेक, शौचालयलगायतका आवश्यक संरचना निर्माण गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक विजय कार्कीले जानकारी दिनुभयो ।

विद्यार्थीलाई निःशुल्क कम्प्युटर तालिम

वराहक्षेत्र समाचारदाता
वराहक्षेत्र, वैशाख ९ गते

एसइई दिएर बसेका विद्यार्थीलाई निःशुल्क कम्प्युटर तालिम र ब्रिजकोर्स गराउन थालिएको छ । सुनसरीको वराहक्षेत्र–१० नं वडा कार्यालयले एक सयभन्दा बढी विद्यार्थीलाई तालिम दिन थालेको हो ।

उच्च माध्यमिक शिक्षा पढ्नका लागि वडा क्षेत्रभित्र रहेका विद्यार्थीलाई आवश्यक पर्ने कम्प्युटर र ब्रिजकोर्स तालिम दिन थालिएको वडा नम्बर १० का वडाध्यक्ष तेजबहादुर गुरुङले बताउनुभयो । श्रीप्रकाश माध्यमिक विद्यालयमा कम्प्युटर र ब्रिजकोर्स तालिम गराउँदै आइएको छ । पहिलो पटक एसइई दिएर बसेका विद्यार्थीलाई गाउँमै वडा कार्यालयले ब्रिजकोर्सको कक्षा र कम्प्युटर तालिम दिन थालेको बताइएको छ ।

विद्यार्थीको क्षमता अभिवृद्धि गर्ने र समयानुकूल सिपमूलक कम्प्युटर ज्ञान प्रदान गर्न वडाले तीनमहिने कम्प्युटर तालिमका साथै ब्रिजकोर्सको कक्षा सुरु गरेको वडाध्यक्ष गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "एक सामुदायिक र तीन निजी विद्यालयबाट एसइई दिएर बसेका विद्यार्थीलाई कम्प्युटर तालिममा सहभागी गराइएको छ ।"

प्रकाश माध्यमिक विद्यालयसहित वडा क्षेत्रभित्र रहेका तीन वटा निजी विद्यालयबाट एसइई दिएका विद्यार्थी कम्प्युटर र ब्रिजकोर्सको कक्षामा सहभागी हुँदै आएका छन् । वडा क्षेत्रका विद्यार्थीलाई प्राविधिक क्षेत्रमा दक्ष बनाउँदै उनीहरूको क्षमता विकासमा तालिमले सहयोग पुऱ्याउने स्थानीय अभिभावक तथा शिक्षक देवीबहादुर कटुवाल बताउनुहुन्छ । एसइईपछिको नतिजा नआउन्जेलसम्मको खाली समयलाई सदुपयोग गरी विद्यार्थीको क्षमता अभिवृद्धि गर्न तालिमले सहयोग पुग्ने बताइएको छ ।

खानेपानीविहीन सिमपानी गाउँ

कविराज घिमिरे
हिले, वैशाख ९ गते

धनकुटाको महालक्ष्मी नगरपालिका–६ स्थित बाँसपानी गाउँका हुकुम बस्नेतको घर वरिपरिको कृषियोग्य जमिन सबै बाँझै छ । घरआँगन पानीका ड्रमले भरिएको छ । गोठ ठुलो छ तर गोठमा केही बाख्रा, एक गाई र एक भैँसीबाहेक अरू चौपाया छैनन् । उहाँको मात्र होइन, करिब ८० घरपरिवारको बसोवास रहेको बाँसपानी गाउँका सबै घरधुरीको अवस्था यस्तै छ ।

यो सबैका कारण हो बाँसपानीमा खानेपानीको अभाव । सुक्खाग्रस्त यो स्थानमा पानीको निक्कै दुःख छ । घर वरिपरिका ड्रममा पानी परेका बखत भरेर राखिने गरिएको छ । घरधन्दा र वस्तुभाउलाई खुवाउन यही पानी प्रयोग गरिन्छ । यति नगरे पानी लिन अरुण तथा माङ्माया खोला जानुपर्ने बाध्यता रहेको बस्नेत बताउनुहुन्छ ।

"बर्खा त जसोतसो चल्छ तर हिउँदलाई पानी यसरी जोहो गरिएन भने करिब तीन घण्टा अरुण र माङ्माया खोला धाउनुपर्ने हुन्छ," बस्नेतले भन्नुभयो । खानेपानीकै कारण यो स्थानमा वस्तुभाउ पाल्नेले हिउँदमा कि वस्तुभाउ बिक्री गर्नु पर्छ कि नदी आसपास गोठ सार्नु पर्छ । घर आसपासको कृषियोग्य जमिनमा व्यावसायिक खेती त टाढाको कुरा भयो, सामान्य तरकारी उत्पादन गर्ने अवस्थासमेत हुँदैन ।

"भनेको बेला पानी खान त पाइन्नँ खेती र पशुपालन कसरी गर्नु ?," स्थानीय जयलक्ष्मी बस्नेत भन्नुहुन्छ । २०४० सालमा गाउँमा खानेपानी ल्याएको बृहत् खानेपानी आयोजनासमेत निक्कै पुरानो भएको छ । यो वितरण प्रणालीमार्फत प्रत्येक घरमा दिन बिराएर पचासदेखि डेढ सय लिटरसम्म पानी आउने गरेको छ । यति थोरै पानी भए पनि स्थानीयले जसोतसो दैनिकी त चलाइरहेका छन् तर सो आयोजना पुरानो भएका कारण कति बेला कहाँ बिग्रिन्छ भन्ने टुङ्गो हुँदैन । धाराबाट पानी आउने भन्दा नआउने क्रम बढी हुने गरेको स्थानीय गणेश भण्डारी गुनासो गर्नुहुन्छ ।

गाउँमा २०७२ सालसम्म प्रशस्त पानी खुवाएका कुवा पूर्ण रूपमा सुकिसकेका छन् । यी कुवामा पानी आउँदा र बृहत् खानेपानीबाट थोरै पानी आउँदा दैनिक कार्य, केही वस्तुभाउ र अलिअलि सागसब्जीका लागि पानी पुग्ने गरेको स्थानीयको भनाइ छ । गाउँमा करिब ८० परिवारले प्रयोग गर्ने तीन वटा कुवा सुकेपछि समस्या बढेर गएको हो । २०७२ सालको भूकम्पपछि कुवा सुकेको स्थानीय दिलमाया बस्नेतले बताउनुभयो ।

यस्तै समस्या वडा नम्बर ६ को खनीयाखर्क, गुठ आसपास तथा वडा नम्बर ५ र ७ का धेरै स्थानमा पनि छ । यी सबै क्षेत्रमा करिब पन्ध्र सय घरपरिवारको बसोवास छ । यी क्षेत्रलाई लक्षित गरी सङ्घीय सरकारको नौ करोड ५२ लाख रुपियाँको लागतमा तीन वर्षअघिबाट बृहत् लिफ्टिङ खानेपानी आयोजना सुरु गरिएको थियो । आर्थिक वर्ष २०७८/७९ मा सुरु भएको काम दुई वर्षमा सम्पन्न हुनुपर्ने थियो तर दुई पटक म्याद थप हुँदासमेत स्थानीयको घरमा खानेपानी पुग्न सकेको छैन ।

यो स्थानका बासिन्दालाई पानी खुवाउन बृहत् लिफ्टिङ खानेपानी आयोजनालाई समयमै काम सम्पन्न गर्न दबाब दिइरहेको महालक्ष्मी नगरपालिकाका प्रमुख धुवराज राय बताउनुहुन्छ । लिफ्टिङ आयोजनाको विकल्पका लागि लेगुवा लक्ष्मीखोला खानेपानी आयोजनाको समेत अध्ययन भइरहेको छ । महालक्ष्मी सुक्खाग्रस्त क्षेत्र हो । यहाँ पानीको समस्या धेरै छ । भएका मूलसमेत सुकेर गएका छन् ।

"लिफ्ट खानेपानी आयोजना निर्माणका क्रममा छ, समयमै काम सक्न पटक पटक ताकिता गरिरहेका छौं । लिफ्ट दिगो होला, नहोला, योबाहेकको विकल्प लेगुवालक्ष्मी खोलाको पानी ल्याएर खुवाउन सकिन्छ कि भनेर काम सुरु गरेका छौं," नगरप्रमुख रायले बताउनुभयो ।

बृहत् लिफ्टिङ खानेपानी आयोजनाको काम अहिले भने ९० प्रतिशत सम्पन्न भइसकेको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय धनकुटाले जनाएको छ । १० वटा ट्याङ्की निर्माण, ३८ किलोमिटर पाइप बिछ्याउने र प्रशोधन प्रणालीको काम भइसकेको छ । त्यस्तै शाखा लाइन विस्तारको कामसमेत भइसकेको आयोजना प्रमुख भोलाप्रसाद थापाले जानकारी दिनुभयो । यो आर्थिक वर्षको अन्त्यसम्ममा सम्पूर्ण काम सकेर स्थानीयलाई पानी खुवाउने उहाँको भनाइ छ ।

आयोजना सम्पन्न भएपछि प्रतिसेकेन्ड आठ लिटरका दरले मुख्य ट्याङ्कीमा पानी जम्मा भई सहायक ट्याङ्कीमा पठाएर वितरण गरिने छ । यो योजनाबाट खनियाखर्क, सीमपानीलगायतका स्थानसहित महालक्ष्मीका ५, ६ र ७ वडाका एक हजार ७६६ घरधुरी लाभान्वित हुने छन् । लामो समयसम्म पानीको समस्या भोगेका स्थानीय यो आयोजना सम्पन्न भएपछि पानीको समस्या हट्नेमा ढुक्क छन् ।

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय, चितवन

नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेशनबिच भएको B to B सम्झौता अनुसार चितवन जिल्लाको राप्ती न.पा. १ लोथर स्थित निगमको जग्गामा अत्याधुनिक ग्रीनफिल्ड टर्मिनल तथा अमलेखगञ्ज-लोथर पाइपलाइन विस्तार गर्न पहिलो चरणमा जग्गा अधिग्रहण गर्ने सूचना

प्रथम पटक प्रकाशित: २०८२।०१।१०

नेपाल सरकार र भारत सरकार बिच भएको G to G सम्झौता तथा नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेशन बिच भएको B to B सम्झौता अनुसार चितवन जिल्लाको राप्ती न.पा. १ लोथर स्थित निगमको जग्गामा अत्याधुनिक ग्रीनफिल्ड टर्मिनल तथा अमलेखगञ्ज-लोथर पाइपलाइप लाइन विस्तार गर्न नेपाल आयल निगमलाई आवश्यक पर्ने तपशिलमा उल्लेखित जग्गाहरु स्थायी रुपले अधिग्रहण गर्नुपर्ने भएकोले जग्गा प्राप्ती ऐन २०३४ को दफा ९,१० र ११ बमोजिम आफैं वा अख्तियारप्राप्त वारेस मार्फत मुआब्जा दाबी गर्न, आफ्नो हकदैया भोगचलन र जग्गाको विवरण छुट भएमा वा फरक परेमा सो सम्बन्धी आफ्नो निस्सा प्रमाण (ज.ध. प्रमाण पुर्जा, तिरो तिरेको रसिद, नागरिकताको प्रतिलिपी) सहित रु. १० को टिकट टाँसी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र जिल्ला प्रशासन कार्यालय, चितवनमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. सं.	जिल्ला, गा.वि.स.	वडानं./नक्सा सीट नं.	कित्ता नं.	विवरण	जग्गाधनीको हकहिस्सा	जग्गाको क्षेत्रफल	जग्गाधनीको नाम	जग्गा धनीको बाबु/पतिको नामथर	जग्गा धनीको ससुरा/बाजेको नामथर	तर्फ	कैफियत
१	चितवन, पिप्ले	६	३६८	आवादी	संयुक्त	०-३-३-०	सानु बाबु कडेल, राधिका देवि कडेल	कृष्णमित्र कडेल	दयाराम	पुरा	
२			५५७	आवादी	एकलौटी	०-९-५-०	रेणु गौतम पाठक	बटुक राज गौतम/ देव राज पाठक	प्रमानन्द पाठक	पुरा	
३			५४९	आवादी	एकलौटी	०-३-५-०	रेणु गौतम पाठक	बटुक राज गौतम/ देव राज पाठक	प्रमानन्द पाठक	पुरा	
४			५५३	आवादी	एकलौटी	०-९-११-०	रेणु गौतम पाठक	बटुक राज गौतम/ देव राज पाठक	प्रमानन्द पाठक	पुरा	
५			५५०	आवादी	एकलौटी	०-१-१५-०	लखेश्वर महादेव परेवाश्वरी धार्मिक तथा आध्यात्मिक संस्था	-	-	पुरा	
६	चितवन, पिप्ले	६	५५४	आवादी	एकलौटी	०-१-१५-०	लखेश्वर महादेव परेवाश्वरी धार्मिक तथा आध्यात्मिक संस्था	-	-	पुरा	
७			५४६	आवादी	एकलौटी	०-०-१०-०	लखेश्वर महादेव परेवाश्वरी धार्मिक तथा आध्यात्मिक संस्था	-	-	पुरा	
८			७१०	आवादी	एकलौटी	०-०-३.५-०	सुर्य बहादुर खड्का	तोयो बहादुर	कृष्ण बहादुर	पुरा	
९			७०५	आवादी	एकलौटी	०-०-११-०	सुर्य बहादुर खड्का	तोयो बहादुर	कृष्ण बहादुर	पुरा	
१०			७०२	आवादी	एकलौटी	०-०-२-०	सुर्य बहादुर खड्का	तोयो बहादुर	कृष्ण बहादुर	पुरा	
११			७०७	आवादी	एकलौटी	०-१-५-०	दिपा खड्का	शिव कुमार खड्का	सुर्य बहादुर	पुरा	
१२			५०१	आवादी	एकलौटी	०-२-०-०	सुर्य बहादुर खड्का	तोयो बहादुर	कृष्ण बहादुर	पुरा	
१३			५२०	आवादी	एकलौटी	०-३-१८-०	विजया पाठक	हरिप्रसाद पाठक/ चन्द कान्त डल्लाकोटी	जयनारायण पाठक/ रोज राज डल्लाकोटी	पुरा	
१४	चितवन, पिप्ले	६	८५	आवादी	एकलौटी	०-२-१२-०	भवनाथ सापकोटा	भयनाथ सापकोटा	चन्द्रकान्त सापकोटा	पुरा	
१५			३२७	आवादी	एकलौटी	०-३-०-०	टीका देवी सापकोटा	भवनाथ सापकोटा	मायानाथ	पुरा	
१६			२५९	आवादी	एकलौटी	०-०-२-०	उमा कुमारी पाठक	तिर्थराज पाठक	प्रमानन्द	पुरा	
१७			५६६	आवादी	एकलौटी	०-६-१३.५-०	एनिका राई	दिलबहादुर राई	इच्छा बहादुर राई	पुरा	
१८			५४४	आवादी	एकलौटी	०-०-११-०	सरोज उप्रेती	हरि प्रसाद उप्रेती	पदम राज उप्रेती	पुरा	
१९			५०८	आवादी	एकलौटी	०-०-९-०	सरोज उप्रेती	हरि प्रसाद उप्रेती	पदम राज उप्रेती	पुरा	
२०			४८४	आवादी	एकलौटी	०-४-४-०	कन्सेप्ट डेभलपर्स प्रा.लि. (द.नं. ४५७६/१५८८)			पुरा	
२१			४९४	आवादी	एकलौटी	०-३-१७-०-०	कन्सेप्ट डेभलपर्स प्रा.लि. (द.नं. ४५७६/१५८८)			पुरा	
२२			५०७	आवादी	एकलौटी	०-१-४-०	कन्सेप्ट डेभलपर्स प्रा.लि. (द.नं. ४५७६/१५८८)			पुरा	

गोरखापत्र
gorkhapatraonline.com

अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

छापावाल सुन	:	१९७९०० ▲
चाँदी	:	१९७० ▲

सेयर बजार

नेप्से इन्डेक्स	:	२६८८.३२ (-९.९६) ▼
कारोबार रकम	:	८,३२१,२८२,१८८ ▼
कारोबार भएका सेयर	:	२२,५५५,७१३
कारोबार सङ्ख्या	:	७१,६९४
कारोबार भएका कम्पनी	:	३१९

काउलीमा उनन्सय प्रतिशतभन्दा बढी विषादी !

सल्यान समाचारदाता
सल्यान, वैशाख ९ गते

सल्यानदेखि सुर्खेत ल्याइएको काउलीमा अत्यधिक मात्रामा विषादी पाइएको छ। अत्यधिक विषादी पाइएपछि ८७० किलो काउली नष्ट गरिएको छ। उपभोगका लागि अयोग्य रहेको भन्दै कृषि विभागको केन्द्रीय कृषि प्रयोगशाला अन्तर्गत रहेको विषादी अन्वेषण द्रुत विश्लेषण प्रयोगशाला एकाइ सुर्खेतले सोमबार काउली नष्ट गरेको हो।

प्रयोगशालाका नायब प्राविधिक धनसिंह धामीले सल्यानबाट ल्याइएको काउलीमा ९९.३४ प्रतिशत अर्गानोफस्फेट समूहको विषादी पाइएको बताउनुभयो।

उहाँका अनुसार सामान्यतया तरकारीमा कार्बामेट वा अर्गानोफस्फेट समूहको विषादी ३५ प्रतिशतभन्दा कम भए मात्र खानयोग्य मानिन्छ। विषादीको ३५/४५ प्रतिशतबिचको मात्रामा केही दिन क्वारेन्टाइनमा राखेर परीक्षण गर्न सकिन्छ तर ४५ प्रतिशतभन्दा बढी भएमा त्यसलाई विसर्जन गर्नुपर्ने प्राविधिक मापदण्ड छ।



तस्बिर : प्रतीक इच्छुक शर्मा
सल्यानबाट ल्याइएको काउलीमा अत्यधिक विषादी पाइएपछि नष्ट गरिँदै।

कपुरकोट गाउँपालिका–६, छायानाथ लिउरेखोला क्षेत्रका किसानबाट उत्पादन गरिएको काउली व्यापारी प्रवल शाहीमार्फत सुर्खेतका व्यापारी रतन महतरालाई पठाइएको थियो। उक्त काउली वीरेन्द्रगरस्थित तरकारी मन्डीमा बेच्न राखिएको थियो। परीक्षणमा अत्यधिक मात्रा विषादी देखिएपछि सोमबार नै नगरपालिकाका जनप्रतिनिधिको रोहबरमा नष्ट गरिएको छ। सोही दिन परीक्षण गरिएको फर्सी, लौका, केराउ, बन्दा, पालुङ्गो, धनियाँ, केरा र तितेकरेलालगायतका तरकारी तथा फलफूल मने उपभोग गर्नयोग्य भेटिएको प्रयोगशालाले जनाएको छ।

यसैबिच कपुरकोट गाउँपालिकाका अध्यक्ष दुर्गाबहादुर पुनले जिल्लामा विषादी परीक्षण प्रयोगशाला नहुनु ठुलो समस्या भएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले किसानलाई विषादी प्रयोग नगर्न आग्रह गर्दै आएका छौं तर प्रयोगशाला नहुँदा तरकारी खानयोग्य छ कि छैन भनेर सुनिश्चित गर्न सकिएको छैन। प्रदेश सरकारले स्थानीय तहमा प्रयोगशाला सञ्चालनमा ल्याइदिएको भए परीक्षण गरेर मात्रै तरकारी पठाउन सकिन्थ्यो।"

घिरौंला, सिमी र गोलभेंडामा बढी विषादी

गोरखापत्र समाचारदाता
काठमाडौं, वैशाख ९ गते

देशकै ठुलो तरकारी बजार कालीमाटीमा पछिल्ला दिनमा भित्रिएका ताजा तथा हरिया तरकारीमा विषादीको मात्रा अधिक प्रयोग भएको भेटिएको छ। कालीमाटीमा रहेको विषादी अवशेष द्रुत विश्लेषण एकाइले सो बजारमा भित्रिएका ताजा तथा हरिया तरकारीको नमुना परीक्षण गर्दा विषादीको मात्रा अधिक प्रयोग भएको देखिएको हो।

कालीमाटी फलफूल तथा तरकारी बजार समितिका अनुसार मङ्गलबार विभिन्न ठाउँबाट आएका १५ प्रकारका तरकारीको नमुना परीक्षण गर्दा धादिङबाट आएको घिरौंला अर्गानोफस्फेट नामको विषादीको रोकावट दर ५३.९३५ प्रतिशत प्रयोग भएको पाइएको छ। समितिका अनुसार बिक्री गर्न बाँकी रहेको घिरौंला बजार समितिले कालीमाटी प्रहरीको रोहबरमा नष्ट गरेको छ। मङ्गलबार नै धादिङबाटै आएको घिउसिमीमा पनि अर्गानोफस्फेट नामको विषादीको रोकावट दर ३९.६९ प्रतिशत प्रयोग भएको पाइएको छ। उक्त घिउसिमी केही दिन पर्खेर पुनः परीक्षण गरेर खानयोग्य भएमा मात्रै उपभोग गर्न मिल्ने भन्दै बिक्रीमा रोक लगाएको समितिका निर्देशक विनय श्रेष्ठले जानकारी दिनुभयो।

यस्तै सोमबार पनि भारतबाट आएको गोलभेंडामा पनि अर्गानोफस्फेट विषादीको रोकावट दर ४२.९९५ प्रतिशत पाइएपछि केही पर्खेर पुनः परीक्षणपछि मात्रै ठिक भएमा उपभोग गर्न सकिने भनेर बिक्रीमा रोक लगाइएको थियो। त्यसै गरी आइतबार धादिङबाट आएको घिरौंलामा अर्गानोफस्फेट ३९.२१४ प्रतिशत भेटिएपछि बिक्रीमा रोक लगाइएको थियो।

समितिले वैशाख १ गतेदेखि ९ गतेसम्म १४५ वटा तरकारीका नमुनाको परीक्षण गरेकोमा एउटा खान नहुने विषादी मात्रा प्रयोग भएको र तीन वटा केही दिन पर्खेर पुनः परीक्षणपछि ठिक भएमा मात्रै खान हुने जनाएको छ।

यस्तो विषादी ३५ प्रतिशतभन्दा कम उपभोगयोग्य ३५ देखि ४५ प्रतिशतसम्म केही दिन राखेर खान मिल्ने र ४५ प्रतिशतभन्दा बढी खान अयोग्य मानिन्छ। सरकारी स्वामित्वको देशकै सबैभन्दा ठुलो तरकारी बजार कालीमाटी फलफूल बजारमा नियमित रूपमा हुने परीक्षणका क्रममा पछिल्लो समयमा सबैभन्दा बढी घिरौंला, सिमी र गोलभेंडालगायतका तरकारीमा विषादीको मात्रा पाइएको छ। केन्द्रीय कृषि प्रयोगशालाका प्रमुख डा. शान्ता कार्कीले विषादी छर्केपछि पर्खनुपर्ने अनिवार्य निश्चित समय नपर्खेर बारीबाट सोझै बजारमा लगिएकाले परीक्षणमा विषादीको अवशेष भेटिएको जानकारी दिनुभयो।

सुनको मूल्य प्रतितोला एक लाख अन्ठानब्बे हजार

गोरखापत्र समाचारदाता
काठमाडौं, वैशाख ९ गते

स्थानीय बजारमा सुनको मूल्य एकै दिन तोलामा छ हजार नौ सय रुपियाँले बढेर नयाँ रेकर्ड कायम गरेको छ। सोमबार प्रतितोला एक लाख ९१ हजार रुपियाँमा कारोबार भएको सुनको मूल्य मङ्गलबार बढेर एक लाख ९७ हजार नौ सय रुपियाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा त्यसको प्रभाव स्थानीय बजारमा पर्न गएको हो।

मङ्गलबार अन्तर्राष्ट्रिय बजारमा प्रतिऔंस सुनको मूल्य तीन हजार ३८५ अमेरिकी डलर पुगेको छ। अघिल्लो दिनको तुलनामा सुनको मूल्य प्रतिऔंस ११४ डलर वृद्धि भएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केन्द्रीय बैङ्क (फेडरल रिजर्भ) लाई ब्याजदर घटाउन भनेको र बैङ्कले ब्याजदर नघटाउने भनेपछि सुनको मूल्य एक्कासि बढ्न गएको अन्तर्राष्ट्रिय सञ्चार माध्यम सिएनबिसीले जनाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर नीति र अन्तर्राष्ट्रिय भूराजनीतिक कारणले पछिल्लो समय सुनको मूल्य निरन्तर बढ्दै थियो।

सुनचाँदी व्यवसायी तेजरत्न शाक्यले केन्द्रीय बैङ्कलाई हस्तक्षेप गर्ने आशयले अभिव्यक्ति दिएका कारणले गर्दा सुनको मूल्य बढ्दै गएको जानकारी दिनुभयो। सुनको मूल्य तोलामा दुई लाखनजिक पुग्दा उपभोक्ता र व्यवसायी दुवैलाई असर परेको छ। मूल्य निरन्तर बढ्दै गएपछि बजारमा माग कम हुँदा कारोबारमा उल्लेख्य गिरावट आएको छ।

वैकल्पिक वित्त कोष स्थापना गर्ने विधेयक दर्ता

राष्ट्रिय समाचार समिति
काठमाडौं, वैशाख ९ गते



पूर्वाधार क्षेत्रमा लगानी परिचालन गर्न रु. एक खर्ब बराबरको अधिकृत पुँजी र रु. २५ अर्बको चुक्ता पुँजी रहने गरी वैकल्पिक विकास वित्त कोष स्थापना गर्न विधेयक संसद्मा दर्ता भएको छ।

मुलुकको समग्र आर्थिक समुन्नति र विकासका लागि आवश्यक स्रोत व्यवस्था गरी उच्च प्रतिफलयुक्त दिगो पूर्वाधारलगायतका क्षेत्रको विकास गर्न अर्थ मन्त्रालयले वैकल्पिक विकास वित्त परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक–२०८२ गत शुक्रबार संसद्मा दर्ता गरेको हो।

पूर्वाधार परियोजनाको पहिचान, प्राथमिकीकरण र लगानीका लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोत खोज्न कानुनी व्यवस्थाका लागि यो विधेयक ल्याइएको जनाइएको छ। स्वदेशी तथा वैदेशिक लगानीलगायतका वित्तीय उपकरणको यथोचित प्रयोग, संस्थागत संरचना, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी विषयलाई समेट्ने गरी वैकल्पिक विकास वित्तसम्बन्धी कानुन आवश्यक रहेको विधेयकमा उल्लेख छ।

"समग्र आर्थिक विकासका लागि स्रोतको प्रबन्ध गर्न ऋणपत्र, स्वपुँजी कोष र अन्य वित्तीय उपकरणमार्फत वैकल्पिक विकास वित्त परिचालन गर्नका लागि आवश्यक भएको हुँदा यो विधेयकलाई सरकारी विधेयकका रूपमा सङ्घीय संसद्मा पेस गरिएको हो," विधेयक ल्याउनुको उद्देश्य र कारण खुलाउँदै अर्थ मन्त्रालयले भनेको छ।

नेपालमा लगानीको आवश्यकता र सम्भावना सम्बन्धमा भएका विभिन्न अध्ययनले आगामी दशकमा एक सय खर्ब रुपियाँभन्दा बढी लगानी आवश्यक पर्ने देखिएको छ। नेपालको पूर्वाधार क्षेत्रमा हाल वार्षिक दुई खर्ब रुपियाँदेखि तीन खर्ब मात्र लगानी भइरहेको अवस्था छ। यही लगानीको आवश्यकता र स्रोतको उपलब्धताका बिच रहेको कमी परिपूर्ति गर्न लगानीका नवीन स्रोत र उपायको आवश्यकता रहेका कारण वैकल्पिक वित्तका स्रोत खोज्न यो विधेयक ल्याइएको हो।

"वैकल्पिक विकास वित्तका स्रोतका माध्यमबाट रोजगारी प्रवर्धन, दिगो आर्थिक विकास र पूर्वाधार परियोजनामा दीर्घकालीन लगानी सुनिश्चित गर्न वर्तमान वित्तीय स्रोतको अभाव पूर्ति गर्दै राष्ट्रिय प्राथमिकताका परियोजनामा स्रोत जुटाउन कानुन आवश्यक छ," विधेयकमा भनिएको छ।

वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी कोष एक स्वायत्त संस्थाका रूपमा स्थापना हुने छ। कोषमा नेपाल सरकारको ५१ प्रतिशत सेयर लगानी गर्ने प्रस्ताव गरिएको छ। "चुक्ता पुँजी २५ अर्ब रुपियाँको ५१ प्रतिशतले हुने रकम अर्थात् १२ अर्ब ७५ करोड रुपियाँ सरकारले लगानी गर्नुपर्ने हुन्छ," विधेयकमा भनिएको छ, "यसको प्रभावकारी प्रयोग भई संस्था सबल एवं सक्षम भएपछि सरकारको सेयर अनुपात क्रमशः घटाउँदै जाने नीति लिनु उपयुक्त हुन्छ।"

विधेयक अनुसार उच्च आर्थिक प्रतिफल दिने, रोजगारीको थप अवसर सिर्जना गर्ने वा मुलुकको आर्थिक विकास गर्न सहयोग पुऱ्याउने आयोजनामा वैकल्पिक विकास वित्त परिचालन हुने छ। त्यस्तो लगानी जुटाउनका लागि सम्भावित स्रोतबारे पनि विधेयकमा उल्लेख छ।

सूचना प्रविधि पार्क, विशेष पर्यटन पूर्वाधार, विशेष खेलकुद पूर्वाधार जस्ता संरचना, सहरी पूर्वाधार, डिजिटल पूर्वाधार, केबुलकार, रज्जु मार्ग, पोडवे जस्ता पूर्वाधार निर्माण र सञ्चालनका लागि समेत यो वैकल्पिक विकास वित्त कोषमार्फत लगानी गर्न सकिने जनाइएको छ।

नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर।

बीमकको अद्यावधिक सूची
(सूचना प्रकाशन मिति : २०८२/०१/१०)

यस प्राधिकरणबाट इजाजत प्राप्त बीमकहरूको मिति २०८१ साल चैत्र मसान्त सम्मको अद्यावधिक विवरण तपसिल बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि बीमा ऐन २०७९ को दफा ३५ को प्रयोजनका लागि प्रकाशित गरिएको छ।

जीवन बीमा कम्पनीहरू

क्र.सं.	नाम	ठेगाना	दर्ता मिति	चुक्ता पुँजी
१	श्री राष्ट्रिय जीवन बीमा कं. लि.	रामशाह पथ	२०२५/०९/०१	१८,१०,२०,०००।–
२	श्री नेशनल लाईफ इन्स्योरेन्स कं. लि	लाजिम्पाट	२०४४/०९/२३	५,२१,२१,३३,०८२।–
३	श्री नेपाल लाइफ इन्स्योरेन्स कं. लि.	कमलादी	२०५८/०१/०५	८,२०,७९,६६,५५४।–
४	श्री मेट लाइफ (एलिको)	पुल्चोक	२०५८/०४/१८	विदेशी बीमकको शाखा/ एसाइन्ड क्यापिटल
५	श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.	पुतलीसडक	२०५८/०४/२३	२,६५,३२,००,०००।–
६	श्री एशियन लाइफ इन्स्योरेन्स कं. लि.	मैतीदेवी	२०६४/११/१५	३,३९,९८,३६,३०७।–
७	श्री सूर्यज्योति लाइफ इन्स्योरेन्स कं. लि.	ज्ञानेश्वर	२०६४/१२/०७	५,०१,१९,४७,७९७।–
८	श्री हिमालयन लाइफ इन्स्योरेन्स लि.	हात्तीसार	२०६५/०१/२४	८,०२,०३,८४,०००।–
९	श्री आइएमई लाइफ इन्स्योरेन्स कं. लि.	लैनचौर	२०७४/०३/२०	५,००,००,००,०००।–
१०	श्री सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि.	पुतलीसडक	२०७४/०४/१८	३,९६,१६,००,०००।–
११	श्री रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.	ज्ञानेश्वर	२०७४/०४/१८	४,६४,००,००,०००।–
१२	श्री सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.	नक्साल	२०७४/०५/०७	४,९५,३०,६५,२२४।–
१३	श्री सिटिजन लाइफ इन्स्योरेन्स कं. लि.	थापाथली	२०७४/०५/०७	३,९३,७५,००,०००।–
१४	श्री प्रभुमहालक्ष्मी लाइफ इन्स्योरेन्स कं. लि.	कमलादी	२०७४/०५/०७	४,७२,५६,००,०००।–

निर्जीवन बीमा कम्पनीहरू

क्र.सं.	नाम	ठेगाना	दर्ता मिति	चुक्ता पुँजी
१	श्री नेपाल इन्स्योरेन्स कं. लि.	कमलादी	२००४/०६/०८	१,६४,४२,४१,९४०।–
२	दि ओरियण्टल इन्स्योरेन्स कं. लि.	डिल्लीबजार	२०२४/०५/३०	विदेशी बीमकको शाखा/ एसाइन्ड क्यापिटल
३	श्री नेशनल इन्स्योरेन्स कं.लि	थापाथली	२०३०/०९/१७	विदेशी बीमकको शाखा/ एसाइन्ड क्यापिटल
४	श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लि.	बबरमहल	२०५०/०४/०६	२,५०,०१,५७,४००।–
५	श्री यूनाईटेड अजोड इन्स्योरेन्स कं. लि.	सुन्धारा	२०५०/०७/०६	२,१०,००,००,०००।–
६	श्री सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.	बबरमहल	२०५१/०१/०८	२,८०,६५,४९,९००।–
७	श्री नेको इन्स्योरेन्स लि.	ज्ञानेश्वर	२०५३/०२/१७	२,०१,२३,६१,०००।–
८	श्री सगरमाथा लुम्बिनी इन्स्योरेन्स कं. लि.	नक्साल	२०५३/०३/१२	२,६२,२६,१३,५५०।–
९	श्री प्रभु इन्स्योरेन्स लि.	तीनकुने	२०५३/०४/०४	१,३७,६१,२२,०००।–
१०	श्री आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लि.	नक्साल	२०५७/१०/१०	३,०२,९३,३४,६३९।–
११	श्री शिखर इन्स्योरेन्स कं. लि.	थापाथली	२०६१/०७/२६	२,९२,३०,९९,०००।–
१२	श्री एनएलजी इन्स्योरेन्स कं. लि.	पानीपोखरी	२०६२/०६/२३	१,४५,९२,७५,७९१।–
१३	श्री राष्ट्रिय बीमा कं. लि.	रामशाह पथ	२०७१/०३/२७	२६,६६,३९,०००।–
१४	श्री सानिमा जिआइसी इन्स्योरेन्स लि.	टंगाल	२०७४/१०/२४	२,००,००,००,०००।–

पुनर्बीमा कम्पनीहरू

क्र.सं.	नाम	ठेगाना	दर्ता मिति	चुक्ता पुँजी
१	श्री नेपाल पुनर्बीमा कं. लि.	थापाथाली	२०७१/०९/०४	१३,४२,२१,८७,०७८।–
२	श्री हिमालयन रि इन्स्योरेन्स कं. लि.	महाराजगञ्ज	२०७८/०३/३१	१०,४०,००,००,०००।–

लघुबीमा कम्पनीहरू

क्र.सं.	नाम	ठेगाना	दर्ता मिति	चुक्ता पुँजी
१	श्री नेपाल माइक्रो इन्स्योरेन्स क.लि.	भरतपुर, चितवन	२०७९/१२/२७	५२,५०,००,०००।–
२	श्री गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स.लि	विराटनगर, मोरङ	२०७९/१२/२७	५२,५०,००,०००।–
३	श्री प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.	धनगढी, कैलाली	२०७९/१२/२८	५२,५०,००,०००।–
४	श्री क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.	वीरेन्द्रनगर, सुर्खेत	२०७९/१२/२८	५२,५०,००,०००।–
५	श्री लिवर्टि माइक्रो लाइफ इन्स्योरेन्स कं.लि.	पोखरा, कास्की	२०८०/०५/०१	५२,५०,००,०००।–
६	श्री स्टार माइक्रो इन्स्योरेन्स कं. लि.	जनकपुर,धनुषा	२०८०/०५/०१	५२,५०,००,०००।–
७	श्री ट्रष्ट माइक्रो इन्स्योरेन्स कं. लि.	बुटवल, रुपन्देही	२०८०/०७/१५	५२,५०,००,०००।–

कानून महाशाखा
नेपाल बीमा प्राधिकरण

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल
(प्रहरी महानिरीक्षकको सचिवालय, कानून शाखा)

हाजिर हुन आउने बारेको सूचना

सूचना प्रकाशित मिति :- २०८२।०१।१० गते।

तपाईंदेहाय विवरणका प्रहरी कर्मचारीहरू देहायको मितिदेखि आफूखुशी कार्यालयमा गैर हाजिर रहेको र खोजतलास गर्दा/गराउँदा तथा प्रहरी नियमावली, २०७१ को नियम ११५ को देहाय (२) बमोजिम प्रकृया पूरा गरी सूचना टाँस भइसक्दा समेत कार्यालयको सम्पर्कमा नआउनु भएकोले हाजिर हुन आउनेबारे यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक सात (७) दिनभित्र आफू गैर हाजिर रहनुको कारण खोली सन्तोषजनक स्पष्टीकरण जबाफ सहित यस कार्यालय वा सूचना जारी गर्ने कार्यालयमा हाजिर हुन आउनुहोला, अन्यथा तपाईंहरू उपर प्रहरी नियमावली, २०७१ को नियम ११३ को उपनियम (१) को खण्ड (च) को कसुरमा ऐ. नियमावलीको नियम १०९ को देहाय (ख) (१) बमोजिम सेवाबाट हटाउने कारबाही भई जाने हुँदा प्रहरी नियमावली, २०७१ को अनुसूची १४ को भाग ४ को प्रयोजनार्थ यसै सामूहिक सूचनाद्वारा तपाईंहरूलाई सफाइको मौका प्रदान गरिएको व्यहोरा जानकारी गराइएको छ।

निम्नः-

सि.नं.	दर्जा	नाम, थर	दरबन्दी	गैर हाजिर मिति	स्थायी वतन	बाबुको नाम	सूचना जारी गर्ने कार्यालय
१.	प्र.स.ह.	श्याम बहादुर कुमाल	इलाका प्रहरी कार्यालय, भीमफेदी मकवानपुर	२०८१।१२।०२	जि. चितवन, भरतपुर म.न.पा.-११	राम बहादुर कुमाल	बागमती प्र.प्र.का. हेटौँडा।
२.	प्र.ज.	तेजबिर खत्री	काठमाडौँ उपत्यका सशस्त्र प्रहरी गण, गुल्म नं. १, महाराजगञ्ज	२०८१।१०।२०	जि. सुर्खेत, सिम्ता गा.पा.-२	भिम बहादुर खत्री	ने.प्र.प्र.का. कानून शाखा।
३.	प्र.ज.	मनोज बस्नेत	रा.प्र.प्र.प्र. महाराजगञ्ज	२०८१।१२।०१	जि. सुनसरी, धरान उप म.न.पा.-१७	हर्क बहादुर बस्नेत	रा.प्र.प्र.प्र. महाराजगञ्ज।
४.	प्र.ज.	अनिल बानिया	नेपाल प्रहरी पहरा गण गुल्म नं. ४, सामाखुशी	२०८१।११।१८	जि. म्याग्दी, साविक पुलाचौर- ७, हाल बेनी न.पा.-४	भोज बहादुर बानिया	का.उ.प्र.का, रानीपोखरी।
५.	प्र.ज.	हेमन्त सिंह महरा	नेपाल प्रहरी अनाश्रीत गुल्म नं.१ कार्य शाखा काठमाडौँ	२०८१।०९।२७	जि. दार्चुला, मार्मा गा.पा.-१	विस्ने महर	का.उ.प्र.का, रानीपोखरी।
६.	प्र.ज.	नारद बिष्ट	नेपाल प्रहरी विशेष सुरक्षा गण दुहबी, सुनसरी	२०८१।११।१५	साविक जि. धनकुटा, महालक्ष्मी न.पा.-१, हाल जि. मोरङ, कानेपोखरी गा.पा.-२	तुल बहादुर बिष्ट	कोशी प्र.प्र.का. विराटनगर।
७.	प्र.ज.	यलम्बर राई	नेपाल प्रहरी विशेष सुरक्षा गण दुहबी, सुनसरी	२०८१।११।२४	जि. संखुवासभा, सिलिचोङ गा.पा.-१	भक्त बहादुर राई	कोशी प्र.प्र.का. विराटनगर।
८.	प्र.ज.	गंगाराज लावती	प्रहरी चौकी, थुकिम्बा, ताप्लेजुङ	२०८१।११।११	साविक जि. पाँचथर, मिक्लाजुङ गा.पा.-५, हाल जि. सुनसरी, धरान उप.म.न.पा.-१७	विरेन्द्र कुमार लावती	कोशी प्र.प्र.का. विराटनगर।
९.	प्र.ज.	कृष्ण साह कानु	सशस्त्र प्रहरी सेनामुख, सप्तरी	२०८१।११।२०	जि. पर्सा, सखुवा प्रसौनी गा.पा.-७	अजय साह कानु	मधेश प्र.प्र.का. जनकपुर।
१०.	प्र.ज.	विपना तामाङ	इलाका प्रहरी कार्यालय, रामगोपालपुर महोत्तरी	२०८१।११।१२	जि. मोरङ, पथरी शनिश्चरे न.पा.-१०	नर बहादुर तामाङ	मधेश प्र.प्र.का. जनकपुर।
११.	प्र.ज.	धिरेन्द्र बोहरा	प्रहरी चौकी कुभिण्डे, सिन्धुपाल्चोक	२०८१।११।०६	जि. बैतडी, डिलासैनी गा.पा.-३	बिस्ने बोहरा	बागमती प्र.प्र.का. हेटौँडा।
१२.	प्रा.प्र.ज.	मनिशा बन्जारा	बागमती प्रदेश विपद् व्यवस्थापन गुल्म हेटौँडा, डग ह्याण्डलर	२०८१।११।०१	जि. रौतहट, चन्द्रपुर न.पा.-१२	राम प्रसाद बन्जारा	बागमती प्र.प्र.का. हेटौँडा।
१३.	प्र.ज.	अजय क्षेत्री	गण्डकी प्रदेश प्रहरी गण, पोखरा	२०८१।१२।०३	जि. नवलपरासी (पश्चिम), बर्दघाट न.पा.-४	लिल बहादुर क्षेत्री	गण्डकी प्र.प्र.का. पोखरा।
१४.	प्र.ज.	निम बहादुर शाही	इलाका प्रहरी कार्यालय, खैरहनी चितवन महिला तथा बालबालिका सेवा केन्द्र	२०८१।११।२१	जि. जाजरकोट, साविक मजकोट-६, हाल जुनिचाँदे गा.पा.-२	अंगत बहादुर शाही	कर्णाली प्र.प्र.का. सुर्खेत।
१५.	प्र.ज.	इश्वर पार्की	राष्ट्र बैंक मोड, बालुवाटार (CRV) काठमाडौँ	२०८१।१२।०३	जि. डोटी, दिपायल सिलगढी न.पा.-७	खगेन्द्र पार्की	सुदूरपश्चिम प्र.प्र.का. धनगढी।
१६.	प्र.का.स.	नरेन्द्र मेवाहाङ	इलाका प्रहरी कार्यालय, महोत्तरी, महोत्तरी	२०८१।११।१६	जि. संखुवासभा, साविक याफु-१, हाल सिलीचोङ गा.पा.-५	सेर बहादुर राई	मधेश प्र.प्र.का. जनकपुर।

तीन लाख राजस्व छल्न खोज्दा सत्तरी लाख जरिबाना

वीरगन्ज समाचारदाता
वीरगन्ज, वैशाख ९ गते

मुलुककै प्रमुख नाका वीरगन्ज भन्सार कार्यालय भएरै ठुलो परिमाणमा राजस्व छलीका सामग्री भित्रिइरहेको आरोप बेला बेलामा लाग्ने गरेकोमा पछिल्लो घटनाले त्यो आरोपलाई सत्यतातर्फ डोऱ्याएको छ।

वीरगन्ज एकीकृत जाँच चौकी (आइसिपी) भन्सार कार्यालयमा जाँच पास भएर निस्किन लागेको गाडीलाई नमुना रूपमा पुनः चेकजाँच गर्दा १४० बोरा अर्थात् चार हजार दुई सय किलोग्राम जिरा बढी पाएकाले मुख्य नाका भएरै राजस्व छलीका सामग्री भित्रिइरहेको पुष्टि गरेको छ।

प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार दैनिक जाँचपास भएका गाडीमध्ये केहीलाई नमुना आधारमा पुनः परीक्षण गर्दा यस्तो गडबडी भेटिएको हो।

भन्सारले आयातनिर्यात प्रक्रिया छिटो बनाउन हरियो, पँहेलो र रातो लेन प्रणाली अपनाउँदै आएको छ तर व्यापारीले परिमाण लुकाउने प्रवृत्ति बढेपछि भन्सार प्रशासनले पुनः परीक्षणलाई कडाइसाथ अघि बढाएको प्रमुख भन्सार प्रशासक लामिछानेले बताउनुभयो।

वैशाख ३ गते पँहेला लेनबाट वीरगन्जको आरएन इन्टरप्राइजेजले भारतबाट जिरा आयात गर्दा दुई वटा भन्सार प्रज्ञापनपत्र पेस गरेकोमा एउटा प्रज्ञापनपत्रमा उल्लेख गरिएको तीन सय बोरा अर्थात् नौ हजार किलो जिराको परिमाण सही देखिए पनि अर्कोमा ५६० बोराको घोषणा भए पनि जाँचका क्रममा सात सय बोरा जिरा फेला परेको सूचना अधिकारी अमित तिवारीले जानकारी दिनुभयो।

आरएन इन्टरप्राइजेज फर्मले झन्डै तीन लाख रुपियाँ बराबरको भन्सार शुल्क बचाउन उक्त परिमाण लुकाई भन्सार राजस्व छल्ने प्रयास गरेको देखिन्छ। यसरी परिमाण लुकाएको प्रमाणित भएपछि भन्सार कार्यालयले भन्सार ऐनको दफा ५७ बमोजिम ७० लाख रुपियाँभन्दा बढी जरिबाना गरेको प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले बताउनुभयो।

आरएन इन्टरप्राइजेज फर्मले झन्डै तीन लाख रुपियाँ भन्सार शुल्क छली गर्न खोज्दा समातिएपछि ७० लाख रुपियाँभन्दा बढी जरिबाना तिर्नु परेको हो।

पुँजीगत बजेट खर्च बढाउन पहल

मकवानपुर समाचारदाता
मकवानपुर, वैशाख ९ गते

बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१/८२ को बजेट खर्च कमजोर देखिएपछि प्रदेश सरकारका सचिवहरूले बजेट खर्च बढाउन चासो देखाएका छन्। प्रदेश सरकारको चालु आवको नौ महिना बित्दा पुँजीगत बजेट खर्च निराशाजनक पाइएपछि प्रदेशका सचिवले पुँजीगत खर्च बढाउन चासो देखाएका हुन्।

प्रदेशका प्रमुख सचिव र मन्त्रालयका सचिवहरूको बैठकले प्रदेश सरकारको पुँजीगत खर्च ज्यादै न्यून रहेको ठहर गर्दै पुँजीगत खर्च बढाउन आवश्यक कार्य गर्ने निर्णय गरेको छ। चालु आवका लागि विनियोजित कुल ६४ अर्ब ५४ करोड चार लाख ४१ हजार रुपियाँ बजेटमध्ये प्रदेश सरकारका मन्त्रालय, कार्यालय र आयोगले गत साउनदेखि गत चैत महिनासम्ममा ३२.५१ प्रतिशत अर्थात् २० अर्ब ९८ करोड ६६ लाख १४ हजार रुपियाँ खर्च गरेका छन्।

नौ महिनाको अवधिमा पुँजीगत खर्च अझ निराशाजनक छ। चालु आवको तीन महिना बाँकी हुँदा पुँजीगततर्फ विनियोजन भएको बजेटको २८.२४ प्रतिशत मात्र खर्च भएको छ। प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको चैतसम्मको आयव्ययको विवरणमा उल्लेख गरेको छ।

पुँजीगततर्फ ३७ अर्ब नौ करोड १२ लाख ४९ हजार रुपियाँ विनियोजन भएकोमा यस अवधिमा १० अर्ब ४९ करोड सात लाख ११ हजार रुपियाँ खर्च भएको छ। प्रदेशका सचिवको बैठकले चालु आवको तीन महिना बाँकी हुँदा प्रदेश सरकारको पुँजीगत खर्च ज्यादै न्यून रहेको बताएका छन्। पुँजीगत खर्च बढाउनेतर्फ विषयगत मन्त्रालय/निकायले तदारुकतासाथ प्रचलित कानुनको अधीनमा रही आवश्यक कार्य गर्ने/गराउने निर्णय गरेको हो।

बैठकले चालु आवमा मुख्यमन्त्री र विषयगत मन्त्रालयका मन्त्री तथा विषयगत मन्त्रालयका मन्त्री, प्रदेश सचिवबिच कार्यसम्पादन करार भएको थियो।

एनसेल डाटा सेन्टर र क्लाउड सेवाप्रदायकका रूपमा सूचीकृत

गोरखापत्र समाचारदाता
काठमाडौं, वैशाख ९ गते



एनसेल डाटा सेन्टर र क्लाउड सेवाप्रदायकका रूपमा सूचीकृत भएको छ। सूचना प्रविधि विभागले आइतबार एनसेललाई डाटा सेन्टर सेवाप्रदायक र क्लाउड सेवाप्रदायकका रूपमा सूचीकृत गरेको हो। यससँगै एनसेल डाटा सेन्टर र क्लाउड सेवाप्रदायकका रूपमा सूचीकृत हुने पहिलो कम्पनी बनेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभागले डाटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०८१ मा भएको कानुनी व्यवस्थाबमोजिम एनसेल सूचीकृत गरेको हो।

विभागले कम्पनीको प्रत्यक्ष निरीक्षण तथा कम्पनीबाट पेस भएको निवेदन तथा कागजातको अध्ययनका आधारमा कम्पनीले तोकेको सञ्चालन मापदण्ड तथा सुरक्षा अनुसरण गरेको देखिएकाले कम्पनीलाई सूचीकृत गरेको हो।

निर्देशिका अनुसार सञ्चालनमा रहेका डाटा सेन्टर र क्लाउड सेवाप्रदायकले छ महिनाभित्रै विभागमा सूचीकृत भइसक्नुपर्ने प्रावधान रहेको थियो। एनसेलले सो अवधिभन्दा पहिला नै आफूलाई सूचीकृत गराएको विज्ञप्तिमा जनाइएको छ।

यो निर्देशिका २०८१ माघ १५ मा सञ्चार तथा सूचनामन्त्री पृथ्वीसुब्बा गुरुङको मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएपछि कार्यान्वयनमा आएको थियो। निर्देशिकाले सेवाप्रदायकका लागि सुरक्षा, गोपनीयता र पूर्वाधारलगायतका महत्त्वपूर्ण क्षेत्रमा नियम निर्धारण गरेको छ।डाटासेन्टर र क्लाउड सेवा सञ्चालनका लागि छुट्टाछुट्टै सूचीकृत हुनुपर्ने निर्देशिकाको व्यवस्थाबमोजिम एनसेलले दुवै सेवाका लागि छुट्टाछुट्टै सूचीकरण गराएको छ। एनसेलको ललितपुर, नक्खुमा बैङ्क, सरकारी निकाय र ठुला व्यावसायिक संस्थाले प्रयोग गर्न मिल्ने अत्याधुनिक टियर थ्री डाटा सेन्टर सञ्चालनमा रहेको छ। एनसेलले पोखरा र हेटौंडामा गरी दुई डिजास्टर रिकभरी डाटा सेन्टर सञ्चालन गर्दै आएको छ।

सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

CCTV Surveillance System खरिद तथा जडान सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना।

प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१०

यस सूर्यविनायक नगरपालिकाको कार्यालय अन्तर्गतका विभिन्न स्थानमा सी.सी. क्यामेरा जडान गर्न विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गरी जडान गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्म तथा बिक्रेताहरूबाट तपसिल बमोजिमको विद्युतीय बोलपत्र PPMO eGP प्रणली www.bolpatra.gov.np/egp मार्फत पेश गर्न यो सूचना आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारी नगरपालिकाको Website: suryabinayakmun.gov.np वा सूचना प्रविधि शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

तपसिल :

सि. नं.	बोलपत्र नं.	विवरण	बैंक जमानत रकम रु.	बैंक जमानतको म्याद	बोलपत्र दस्तुर रकम रु. (फिर्ता नहुने)
१	SBM/CCTV/०१/०८१/०८२	CCTV Surveillance System	२,५०,०००।-	१२० दिन	३,०००।-

प्रमुख प्रशासकीय अधिकृत

Ishworpur Municipality
Office of Municipal Executive
Ishworpur, Sarlahi, Madhesh Province, Nepal
Invitation for Online Bids
First Date of publication: 2082/01/10 (23 April 2025)

1. Ishworpur Municipality, Office of Municipal Executive, Ishworpur Sarlahi invites electronic bids from eligible bidders under National Competitive Bidding.
2. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp for applying and can visit https://ishworpurmun.gov.np/ for detailed Notice regarding this bid.
3. The details of project are as following:

S. N.	Contract No.	Description of Work	Bid Security Amount (Nrs.)	Bid Validity Period	Bid Document Cost (Nrs.)	Last Date and Time of Bid Submission	Estimated Cost (With VAT and PS)
1.	NCB/10/081/082	Water Supply for Irrigation Project at Ishworpur 01, 08 and 13	2,00,000.00	90 Days	3,000.00	23 May 2025, 12:00 Noon	97,78,377.12

4. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.
5. Bidders are advised to submit the documents required for the submission of bid compulsorily as asked in bid document in proper formats. Failure to do so may result in rejection of the bid.

Chief Administrative Officer

Government of Nepal (GoN)
Ministry of Home Affairs
Invitation for Electronic Bids (E-Bidding)
Date of Publication: 2082-01-10

The Ministry of Home Affairs, Singhadurbar, Kathmandu invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for listed item.

IFB No.	Particulars	Bid Security Amount	Documentation Fee
MoHA/G/NCB/081-082/07	Supply and Delivery of Printers and Scanners	NRs. 52,000.00	NRs.3000.00

For More Information visit: www.moha.gov.np

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर
सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान सम्बन्धी सूचनाहरू
(सूचना प्रकाशित मिति : २०८२/०१/१०

१. **जनकपुर वितरण केन्द्र** (Email: janakpur@nea.org.np, फोन नं. ०४१-५९०४९४)

S.No.	Tender/SQ No.	Description of Works
1	NEA/JDC/2081/082-SQ-04	Installation of Transformer at Various Places Under Janakpur Dc.
2	NEA/JDC/2081/082-SQ-05	Reinforcement of LT Line at Various Places Under Janakpur Dc.

२. **वीरगञ्ज वितरण केन्द्र** (Email: birgunj@nea.org.np, फोन नं. ०५१-५२१०५०)

S.No.	Tender/SQ No.	Description of Works
1	NEA/BDC-2081/082-T-03(Re) (E-bidding only)	33 Kv and 11 Kv Line Construction & Rehabilitation Work.
2	NEA/BDC-2081/082-T-04(Re) (E-bidding only)	33 Kv and 11 Kv Line Construction & Rehabilitation Work.
3	NEA/BDC-2081/082-T-05(Re) (E-bidding only)	33 Kv and 11 Kv Line Construction & Rehabilitation Work.

For Details, Please visit : http://www.bolpatra.gov.np.

Chandragiri Municipality
Office of The Municipal Executive
Balambu, Kathmandu
Bagmati Province, Nepal
Invitation for Bids
First Publication: 2082/01/10 (23rd April, 2025)
Opening Date: 2082/02/09 (23rd May, 2025)

1. Chandragiri Municipality, office of the Municipal Executive invites electronic bids from eligible bidders for the construction work (described on the table) in Chandragiri Municipality under National Competitive Bidding procedures.
2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.
3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only.
4. Bidders are required to follow the electronic bid submission procedure

Information of bank account
i. Name of the Bank: NIC Asia Bank Kalanki, Kathmandu
ii. Name of Office: Chandragiri Nagarpalika Office
iii. Rajaswa Khata No: 0102050506867009
iv. Dharauti Khata no: 10CA050686752402

Contract no./ID	Description of Goods to Supply	Total Estimated Amount (WithVAT) Nrs.	Bid Security Amount (Nrs.)	Bid validity period	Bid Document Fee (Nrs.)
CM/NCB/GOODS/08/2081/82	Supply and Delivery of Laptop and Printers for Chandragiri Municipality, Balambu, Kathmandu	41,93,204.00	1,00,000.00	90/120 days	3,000.00
CM/NCB/GOODS/09/2081/82	Supply and Delivery of Smart Board and Smart TV to Chandragiri Municipality, Balambu, Kathmandu.	86,78,400.00	1,90,000.00	90/120 days	3,000.00

Chief Administrative Officer

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सुरक्षण मुद्रण केन्द्र
सिंहदरबार, काठमाडौं।
आपूर्तिकर्ता/सेवा प्रदायक सूचीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१०)

सुरक्षण मुद्रण केन्द्रलाई आ.व. २०८१/८२ का लागि आवश्यक पर्ने विभिन्न प्रकारका मालसामान, उपकरण, सफ्टवेयर, परामर्श सेवा तथा अन्य सेवाहरु आपूर्ति प्रदान गर्न इच्छुक, योग्य तथा अनुभवी फर्म/कम्पनी/संस्था/सेवा प्रदायकहरुलाई सूचीकरण गर्ने प्रयोजनका लागि निवेदन आव्हान गरिन्छ। सूचीकरणका लागि आवश्यक क्षेत्रहरु, पेश गर्नुपर्ने कागजातहरु, प्रक्रिया र अन्य विस्तृत जानकारीका लागि सुरक्षण मुद्रण केन्द्रको आधिकारिक वेबसाइट www.spc.gov.np हेर्नुहुन वा केन्द्रको प्रशासन/खरिद शाखामा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सम्पर्क:
सुरक्षण मुद्रण केन्द्र, सिंहदरबार, काठमाडौं।
फोन नं.: ०१-४२००६४४, ०१-४२००६४५
ईमेल ठेगाना: info@spc.gov.np

NEA, Generation Directorate
Durbarmarg, Kathmandu, Nepal
First Notice Publication Date : 2082/01/10
INVITATION FOR NATIONAL COMPETITIVE BIDDING

S.N.	Name of Power Plant	IFB No. (E-bid only)	IFB Name/Job Descriptions
1	Upper Trishuli 3A Hydropower Station, Salletar, Rasuwa	UT3AHPS-2081/082-MST-07 (RE)	Supply, Delivery, Installation, Testing and Commissioning of Flushing Gate Hoisting System (Complete Assembly) at UT3A HPS.
2	Upper Trishuli 3A Hydropower Station, Salletar, Rasuwa	UT3AHEP-2081/082-MST-01	Engineering, Design, Supply, Delivery, Installation, Testing and Commissioning of Hydro Cyclone Seperator at UT3AHEP
		UT3AHEP-2081/082-MST-02	Supply, Delivery, Installation, Testing and Commissioning of sediment Concentration Sensor and Level Sensor at UT3AHEP
3	Marsyangdi Hydropower Station, Aabukhaireni, Tanahu	NEA-MHPS-2081/82-MT-03 (Re)	Supply, Delivery, Installation, Testing and Commissioning of Pump Motor set for Cooling Water System at MHPS
4	Middle Marsyangdi Hydropower Station, Siundibar, Lamjung	MMHPS-2081/82-CT-06	Civil Repair And Maintenance Works For Staff Quarter Buildings
5	Kulekhani First Hydropower Station, Dhorsing, Makawanpur	NEA-KL1-2081/082-CSQ-02-Re	River Training Works at Bhisimkhel Khola, Bhisimkhel, Ward No-10
6	Sunkoshi Hydropower Station, Lamosanghu, Sindhupalchowk	NEA-SHPS-2081/82-MT-04	Supply, Delivery, Installation, Testing and Commissioning of Various Pumps, Compressor and Welding Equipments at SHPS
		NEA-SHPS-2081/82-ET-04	Supply and Delivey of Different Relays at SHPS
		NEA-SHPS-2081/82-ET-05	Supply and Delivery of Various Electrical Spare and Consumables at SHPS

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
ने.वि.प्रा., आर्थिक प्रशासन विनियमावली २०६८ (संशोधन सहित) को विनियम १५६ तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनका लागि

क्र. सं.	कार्यालय	बोलपत्र नं.	छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल अङ्क ने.रु. मू.अ.कर सहित
१	गण्डक जलविद्युत केन्द, सुर जपुरा, नवलपरासी	NEA-GHPS-2081/082-MST-08	Pathiwara Suppliers, Battisputali, Kathmandu.	३४,१२,५४३।५०
२	मर्स्याङदी जलविद्युत केन्द्र, आँबुखैरेनी, तनहुँ	NEA-MHPS-2081/82-MT-04	M/s Machhapuchhre Metal & Machinery Works (P.) Ltd., Pokhara Industrial Estate, Pokhara, Nepal	३६,९०,९६१।३८
		NEA-MHPS-2081/82-CT-03	M/s ACME Rehab Technologies and Construction Pvt. Ltd., Lalitpur-1	३५,९९,३३२।५०

Invitation for Bids
Pashupati Area Development Trust
Invitation of Bids for the: **Construction of Pathway from Tilganga to Dhrubasthali (Shivapuri Ashram)**
Identification No: PADT/NCB/Works/2081-082/T8
Date of publication:. **23rd April, 2025 (2082/01/10)**

1. Pashupati Area Development Trust invites towards the works for eligible payments under the Contract for **Construction of Pathway from Tilganga to Dhrubasthali (Shivapuri Ashram).**(IFB No:PADT/NCB/Works/2081-082/T8). Bidding is open to all eligible Bidders.
2. Pashupati Area Development Trust invites online bids **under e-procurement system** from eligible bidders for the procurement **Construction of Pathway from Tilganga to Dhrubasthali (Shivapuri Ashram).** Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pashupati Area Development Trust, Kathmandu, Nepal or may visit, PPMO website at www.bolpatra.gov.np/egp.The total estimated amount is Nrs. **1,27,24,277.76** with (Vat, Contingency and P.Sum).
3. Bidding document is available online and can be downloaded from **e-GP** system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document of **NRs. 3,000/-** in the following specified bank: Name of the bank : Nepal Investment Mega Bank Ltd. ,Durbar Marg Branch, Marg Kathmandu.Name of the Office : Pashupati Area Development Trust, Office Account no.: **01901030023199**
4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp. only on or before **23rd May, 2025, 12:00 Hrs.** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP system operating Guideline 2073 and User manuals issued by PPMO which are available in e-GP system.
5. Online bids shall be opened in the presence of Bidders representatives who choose to attend on **23rd May, 2025, 13:00 Hrs.** at the office of Pashupati Area Development Trust, Kathmandu Nepal. Online bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to **NRs. 3,20,000/-** which shall be valid for minimum 30 days beyond the bid validity period. The scanned copy of bid security and bid purchasing voucher should be uploaded in the e-GP system during bid submission.
6. Pre-bid meeting shall not be held.
7. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

अल्फा महिला टिम च्याम्पियन



काठमाडौँ (गोरखापत्र), वैशाख ९ गते । नेपालमा पहिलो पटक आयोजना गरिएको कुकिवन कपमा दाङको अल्फा तेक्वान्दोले सम्फनलायक प्रदर्शन गरेको छ । नेपाल तेक्वान्दो सङ्घ तथा दक्षिण कोरियास्थित विश्व तेक्वान्दोको मुख्यालय कुकिवनको संयुक्त आयोजनामा सातदोबाटोस्थित तेक्वान्दो एकेडेमी हलमा भएको प्रतियोगितामा नेपालमा पहिलो पटक सहभागी भएको हो ।

ग्रुप पुम्से, फ्री स्टाइल किक, पन्च यन्ड नाइफ हेन्ड ब्रेकिङ, एरोबिक, ग्रुप फाइट जस्ता नयाँ विधासमेत समावेश गरिएको प्रतियोगितामा अल्फाले चार स्वर्ण, तीन रजत र सात कांस्य पदक जितेको छ। अल्फाका अञ्जना विष्ट, अदिति सुनार र प्रकृति लामाले ग्रुप फाइटमा, वर्षा जिएमले साइड ब्रेकिङ, प्रीति चन्दले हाइजम्प ब्रेकिङमा र समीर तामाङले सिङ्गल पुम्सेमा स्वर्ण पदक जित्नुभयो। ग्रुप फाइटमा जस्मिन चौधरी, कमल खड्का र किशोर रोका, आयुष न्यौपाने, शुभम केसी र अस्मिता बुढाले ग्रुप पुम्सेमा र सुमित लामाले साइड किक ब्रेकिङमा कांस्य पदक हासिल गर्नुभयो ।

दामु शर्माले सिनियर पुम्सेमा तथा नाइफ हेन्ड ब्रेकिङमा गरी दुई कांस्य, किरन घलेले साइड किक ब्रेकिङ, अपिल केसीले हाइजम्प ब्रेकिङ, विमल योगीले ग्रुप पुम्से तथा सङ्गीत थापा, आबेग सुनार र शुभम केसीले ग्रुप फाइटमा र जेनी थापाले हाइजम्प ब्रेकिङमा कांस्य पदक हात पार्नुभयो । यसै गरी महिला टिम फाइटतर्फ अल्फा तेक्वान्दो डोजाङ टिम च्याम्पिन बन्दै ट्रफीसमेत प्राप्त गरेको छ ।

दक्षिण एसियाली युथ टेबलटेनिसको तयारी



गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

अखिल नेपाल टेबलटेनिस सङ्घको आयोजनामा दक्षिण एसियाली युथ टेबलटेनिस प्रतियोगिता बिहीबारदेखि हुने भएको छ ।

प्रतियोगितामा नेपालसहित छ राष्ट्रका ८५ खेलाडीको सहभागिता रहने मङ्गलबार आयोजित पत्रकार सम्मेलनमा सङ्घका महासचिव कुबेरप्रकाश सिंहले जानकारी दिनुभयो। प्रतियोगितामा भुटानबाहेक सबै दक्षिण एसियाली राष्ट्रको सहभागिता रहने छ ।

यु-१९ र यु-१५ उमेर समूहमा टिम इभेन्ट, सिङ्गल्स, डबल्स र मिक्स डबल्समा गरी जम्मा १४ स्वर्णका लागि प्रतिस्पर्धा हुने छ । प्रतियोगिता उज्बेकिस्तानमा हुने एसियाली जुनियर टेबलटेनिसको छनोटका रूपमा समेत रहेको टेबलटेनिसका मुख्य प्रशिक्षक मोहनदास वासुकलाले जानकारी दिनुभयो।

मुख्य प्रशिक्षक वासुकलाका अनुसार यु-१९ को टिम स्पर्धामा पहिलो र दोस्रो हुने टोली उज्बेकिस्तानमा हुने एसियाली जुनियर टेबलटेनिसका लागि स्वतः छनोट हुने छ । यो उपलब्धि हासिल गर्न नसक्ने राष्ट्रको हकमा प्रत्येक राष्ट्रलाई यु-१५ उमेरसमूहमा समान एक/एक पुरुष/महिला खेलाडीलाई वाइल्ड कार्डमार्फत सहभागिताका लागि कोटा प्रदान गरिने छ।

सो प्रतियोगिताका लागि नेपाली खेलाडीहरू छनोट प्रतियोगितामार्फत चयन गरिएको हो। नेपालबाट नेपाल टेबलटेनिस सङ्घले आयोजना गरेको दुईदिने छनोट प्रतियोगिताबाट यु-१९ टिम अन्तर्गत पुरुषतर्फ प्रवेश बस्नेत, गनन्जय दाहाल, हिमाल विष्ट र रुविन महर्जन (वैकल्पिक) तथा महिलामा इभाना थापा, बिका राई, योन्जी पौडेल र दिया देउवा (वैकल्पिक) हुनुहुन्छ । यसै गरी यु-१५ उमेर समूहमा पुरुषमा प्रजिल भट्टराई, ज्यस्नु महर्जन, आर्यन शाही र रिजन शाक्य (वैकल्पिक) तथा महिलामा शुभश्री श्रेष्ठ, प्रजिना महर्जन, सुरम्या शाक्य र सिर्या शाक्य (वैकल्पिक) रहनुभएको छ।

प्रशिक्षक वासुकलाले मिक्स डबल्स र डबल्समा नेपाल उपाधि दावेदार हो, भन्नुभयो। अन्य इभेन्टमा भारत बलियो छ। यद्यपि नेपाल खेलाडीले जितकै लागि खेल्ने प्रशिक्षक वासुकलाले भन्नुभयो।

सङ्घका अध्यक्ष वृजेन्द्रबहादुर हमालले प्रतियोगिता सञ्चालन गर्न सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिँदै आभार प्रकट गर्नुभयो । एसियाली टेबलटेनिस युनियनको वार्षिक क्यालेन्डर अनुसार हुन लागेको चारदिने प्रतियोगिताका खेलहरू लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रको हलमा हुने छ ।

फुटबलका हस्ती कार्लोस नेपालमा



फाइल तस्बिर : एपी

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

नेपाल सुपर लिग (एनएसएल) को निमन्त्रणामा ब्राजिलका चर्चित फुटबल खेलाडी रोबर्टो कार्लोस मङ्गलबार बिहान नेपाल आइपुग्नुभएको छ।

एनएसएल आयोजकले कार्लोसलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेको थियो । कार्लोसले नेपाल आउँदा खुसी लागेको उल्लेख गर्दै नेपालको संस्कृतिसँग परिचित हुने मौका पाएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले नेपालमा रहेका ब्राजिलियन फुटबल समर्थकलाई धन्यवादसमेत दिनुभयो । कार्लोसले बुधबार दशरथ रङ्गशालामा हुने पोखरा र धनगढीबिच हुने दोस्रो क्वालिफायरको खेल हेर्न जाने तालिका छ । सन् २००२ मा ब्राजिलले विश्वकप फुटबल प्रतियोगिताको उपाधि जित्दा कार्लोस प्रमुख खेलाडी हुनुहुन्थ्यो । ब्राजिलले सन् १९९८ मा विश्वकप फुटबलको फाइनल खेल्दा पनि कार्लोस टोलीको मुख्य खेलाडीका रूपमा रहनुभएको थियो ।

उहाँले स्पेनिस क्लब रियल म्याड्रिडबाट लामो समय क्लब फुटबल खेल्नुभएको थियो । ५१ वर्षीय कार्लोसले ब्राजिलका लागि सन् १९९२ देखि २००६ सम्म १२५ खेलमा ११ अन्तर्राष्ट्रिय गोल गर्नुभएको छ । उहाँले रियल म्याड्रिड जस्तो विश्वकै चर्चित क्लबबाट खेल्न पाउनु ठुलो कुरा रहेको बताउँदै मेहनतले नै आफू यहाँसम्म पुग्न सफल भएको बताउनुभयो । नेपालमा रहेका फुटबल खेलाडीलाई सन्देश दिँदै मेहनत र परिश्रमले मात्र उपलब्धि हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

जुडो टोली थाइल्यान्ड प्रस्थान

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

एसियाली जुडो च्याम्पियनसिपमा सहभागी हुन छ खेलाडीसहित ११ सदस्यीय नेपाली टोली मङ्गलबार थाइल्यान्डको राजधानी बैङ्ककमा प्रस्थान गरेको छ । अप्रिल २५ देखि २८ तारिखसम्म हुने प्रतियोगितामा समान तीन/तीन पुरुष/महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । पुरुष ६० किलोमुनि विकास विक, ६६ केजीमुनि विशेष विक र ९० केजीमुनि विपिन तामाङले प्रतिस्पर्धा गर्नुहुने छ । घरेलु प्रतियोगितामा विकास नेपाल प्रहरी, विशेष एपिएफ र विपिन नेपाल आर्मीबाट खेल्नुहुने छ । महिला ५२ केजीमुनि देवकीमाया श्रेष्ठ, ५७ केजीमुनि मनिता श्रेष्ठ प्रधान र ७० केजीमुनि रञ्जना खड्का सहभागी हुनुहुने छ । देवकी बन्दी सहायता नियोग (पाम), मनिता प्रहरी र रञ्जना एपिएफका खेलाडी हुनुहुन्छ । ओलम्पिकसमेत खेलिसक्नुभएकी मनिता पनि पामकै उत्पादन हुनुहुन्छ ।

अफिसियलमा नेपाल जुडो सङ्घका महासचिव प्रकाशचन्द्र पाण्डे, प्रशिक्षकमा मोहन सुनुवार र सुनिता मगर तथा व्यवस्थापकमा तुलबहादुर थापामगर रहनुभएको छ । आइटीका रूपमा सुप्रसिद्ध ताम्राकार पनि टोलीसँगै थाइल्यान्ड जानुभएको छ ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले मङ्गलबार एक कार्यक्रमबिच बिदाइ गर्नुभयो । कार्यक्रममा मोबिजिल्लाले प्रायोजन गरेको ट्र्याकसुट, एयर पोड र डिस्काउन्ट भौचर पनि प्रदान गरिएको थियो। प्रतियोगितामा हुने जुडो युनियन अफ एसियाको वार्षिक साधारण सभामा सहभागी हुन जुडो सङ्घका अध्यक्ष दीपकहर्ष वज्राचार्य सोमबार थाइल्यान्ड प्रस्थान गरिसक्नुभएको छ ।

कोर क्याम्पमा तीन क्रिकेटर थप

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

नेपाल क्रिकेट सङ्घ (क्यान) ले आइसिसी क्रिकेट विश्वकप लिग-२ शृङ्खलाको तयारीका लागि 'कोर क्याम्प' सञ्चालन गर्ने भएको छ । आगामी जुनमा स्कटल्यान्डमा विश्वकप लिग-२ को तयारी अनुरूप आगामी अप्रिल २६ देखि मे ३ सम्म मूलपानीका दुवै क्रिकेट मैदानमा क्याम्प हुने छ ।

पहिलो चरणमा ४९ सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरिएको थियो । यद्यपि क्यानले यु-१९ का तीन खेलाडी नरेन भट्ट, युवराज खत्री र सन्तोष यादवलाई थपेर ५२ खेलाडीको कोर क्याम्प बनाएको छ । यी खेलाडीबिच अभ्यास खेल सञ्चालन गरिने छ, जसबाट अन्तिम टोली छनोट गरिने बताइएको छ। अभ्यास खेल प्रमुख प्रशिक्षक स्टुअर्ट लकी निगरानीमा रहने छ ।

निलो टिम : रोहितकुमार पौडेल (कप्तान), गुल्सनकुमार झा, करण केसी, प्रज्वल थापा, सन्दीप जोरा, कुशलमल्लदेव खनाल, अनिलकुमार साह, साकिब हक, सूर्य तामाङ, दीपेशप्रसाद कँडेल, युवराज खत्री ।

हरियो टिम : आसिफ शेख (कप्तान), सोमपाल कामी, ईशान पाण्डे, अर्जुन कुमाल, आकाश त्रिपाठी, सागर ढकाल, दिलीप नाथ , विवेककुमार यादव, पवन सर्राफ, रिजन ढकाल, शेर मल्ल, रसिद खान, सन्तोष यादव ।

रातो टिम : सन्दीप लामिछाने (कप्तान), आरिफ शेख, भीम सार्की, प्रतिश जिसी, अर्जुन साउद, तृतराज दास, शुभ कंसाकार, साहब आलम, बसिर अहमद, लोकेश बम, नन्दन यादव, आकाश चन्द, नरेन भट्ट ।

पहँलो टिम : दीपेन्द्रसिंह ऐरी (कप्तान), कुशल भुर्तेल, ललितनारायण राजवंशी, विनोद भण्डारी, मायन यादव, सुजन थापालिया, अर्जुन घर्ती (विकेटकिपर), किरण ठगुन्ना, अविनाश बोहोरा, रूपेशकुमार सिंह, कमलसिंह ऐरी, विशाल पटेल, दीपेन्द्र रावत ।

कला/साहित्य

नयाँघरेलाई सम्मान

काठमाडौँ (गोरखापत्र), वैशाख ९ गते। नियात्राकार युवराज नयाँघरेलाई थाइल्यान्डको राजधानी बैङ्ककमा सम्मानित गरिएको छ । थाई नेपाली सङ्घ, बैङ्कक शाखाले आयोजना गरेको कार्यक्रममा साहित्यका विविध विधामाथि अन्तरसंवादसमेत भएको थियो।

समारोहमा अशोक घिमिरे, दीपा राना, तिलक पोखेल, रित निरौला गुरागाईं, कोमल भट्टराई, राज पौड्याल, गङ्गा बस्नेत, भारती अधिकारी, विना ढकाल, करुणा भुजेल, लोकेन्द्र ओलीलगायतले आफ्ना रचना र विचार प्रस्तुत गर्नुभएको थियो । नियात्राकार नयाँघरेले स्थानीय अनुभूति र विषयलाई सम्मान गरी लेखिएको साहित्य लोकप्रिय र स्वीकार्य हुने बताउनुभयो ।

काव्योत्सव सम्पन्न

काठमाडौँ (गोरखापत्र), वैशाख ९ गते । सुनकोशी वाङ्मय प्रतिष्ठानको आयोजनामा ठमेल काव्योत्सव सम्पन्न भएको छ । चिःबहाल परिवार, ठमेलको सहआयोजनामा सम्पन्न काव्योत्सवमा काठमाडौँ महानगरपालिका-२६ का वडाध्यक्ष रुयामराज तिवारीले आफ्नो वडाभित्र हुने साहित्यिक कर्ममा आफ्नो सहयोग रहने बताउनुभयो । उहाँले कविको कलम नकारात्मक कुराविरुद्ध समाजलाई व्यवस्थित गर्नेतर्फ चल्ने कुरामा आफू आशावादी भएको बताउनुभयो ।

गीतकार राजेन्द्र शलभले कविता सुनाउँदै आयोजक संस्थालाई धन्यवाद व्यक्त गर्नुभयो । लोकगायक मच्छेश्वर सापकोटाले लोकगीत गाउँदै विकृति र विसङ्गतिविरुद्ध आवाज उठाउन जरुरी भएको बताउनुभयो । कार्यक्रममा स्नेह सायमिले चिःबहालका बारेमा आफ्ना कुरा राख्दै कविता सुनाउनुभयो । साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन' ले प्रतिष्ठानले स्थापनाको सुरुमै घेरे साहित्यिक गतिविधि सञ्चालन गरेकोमा खुसी व्यक्त गर्नुभयो ।

प्रासिया जुनियर स्कुल प्रिन्सेस

काठमाडौँ (गोरखापत्र), वैशाख ९ गते । प्रासिया पङ्गेनीले जुनियर स्कुल प्रिन्सेस २०२५ को अवार्ड जित्नुभएको छ । काठमाडौँस्थित राष्ट्रिय नाचघरमा सिजन मिडियाले आयोजना गरेको 'जुनियर स्कुल प्रिन्सेस २०२५' मा सहभागी ४५ जना प्रतियोगीलाई पछि पार्दै पङ्गेनीले अवार्ड हात पार्नुभएको हो ।

त्यसै गरी उहाँले 'मस्ट मिस पपुलर' अवार्डसमेत प्राप्त गर्नुभयो । प्रतियोगिताको निर्णायक मण्डलमा वरिष्ठ नृत्य निर्देशक राजेन्द्र राई, कलाकार तथा निर्देशक आराध्यलक्ष्मी खड्गी, मोडल तथा जुम्बा प्रशिक्षक सोनाम केसी, मिसेस ब्युटी क्विन नेपालकी विजेता लसता शाक्य र एसइई प्रिन्सेस विजेता प्राप्ति श्रेष्ठ रहनुभएको थियो ।

आशा गरिएका पाँच चलचित्र



गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

नयाँ वर्षको पहिलो साता नेपाली चलचित्रले हलहरूमा आशालाग्दो व्यापार गरेका छन्। अहिले हलमा प्रदर्शनरत नेपाली चलचित्र 'पीताम्बर', 'अन्जिला' ले राम्रो व्यापार गरिरहेका छन्। 'कर्मा' भारतीय चलचित्र 'केशरी च्याप्टर २' र 'जाट' ले भने उल्लेखनीय व्यापार गर्न नसकेको हल सञ्चालकको भनाइ छ। यद्यपि वैशाखको दोस्रो साताबाट नेपाली चलचित्रले पुनः राम्रो गति लिने आशा चलचित्रकर्मीले लिएका छन्। वैशाख दोस्रो सातादेखि चलचित्र 'भूठान', 'खेल', 'झिल्को', 'उनको स्वेटर' र 'जार' प्रदर्शन हुँदै छन्। पाँच वटा चलचित्रका कथा फरक विषयमा केन्द्रित छन्। यी पाँचै चलचित्रले दर्शकलाई हलसम्म तान्ने अपेक्षा चलचित्रकर्मीको छ।

भूठान

अभिनेता हरिवंश आचार्यको मुख्य भूमिका रहेको यस चलचित्रबाट आशा गरिएको छ। चलचित्रमा अभिनेता आचार्य भुटानी आप्रवासीको भूमिकामा देखिनुभएको छ । भुटानदेखि भारत, नेपाल हुँदै अहिले अमेरिकामा बसोबास गरिरहेका भुटानीको दैनिकी र देशप्रेमको कथामा आधारित चलचित्र वैशाख १२ गतेबाट प्रदर्शन हुँदै छ । चलचित्रमा दयाहाङ राई, पूजा चन्द लामा, ऋचा घिमिरे, जोयश पाण्डे, अदिति प्याकुरेल, हलिउड अभिनेता ब्रुस डर्नलगायत कलाकारको अभिनय रहेको छ । चलचित्रका लेखक तथा निर्देशक विनोद पौडेल हुनुहुन्छ।

खेल

भूठानसँगै वैशाख १२ गते चलचित्र 'खेल' प्रदर्शन हुँदै छ। चलचित्र हरर, थ्रिलर र सस्पेन्स विधामा बनेको निर्माण पक्षले जनाएको छ। अनुराग प्रधान र आस्था श्रेष्ठ निर्देशित चलचित्र अध्ययनका लागि काठमाडौँको होस्टेलमा बसेका चार साथीको कथामा आधारित छ।

चलचित्रमा चार साथीको विगतका घटना वरिपरि घुमेको कथालाई देखाइएको छ। चलचित्रमा सुरक्षा पन्त, मोनिका थापा, हेना नगरकोटी, निकिता आचार्य, समापिका गौतम, मिथिला शर्मा, सरिता गिरी, भोलाराज सापकोटा, किरण श्रेष्ठलगायत कलाकारको अभिनय छ।

झिल्को

यादवकुमार भट्टराई निर्देशित चलचित्र 'झिल्को' मोबाइलको प्रयोगले बालबालिकामा परेको असरको विषयवस्तुमा आधारित छ । वैशाख १९ गतेदेखि प्रदर्शनमा आउन लागेको चलचित्रमा अहिलेका पुस्तामा बढ्दो डिजिटल निर्भरता र त्यसले पार्ने मनोवैज्ञानिक, सामाजिक तथा पारिवारिक प्रभावलाई प्रस्तुत गरिएको छ ।

चलचित्रको कथा तथा पटकथा निर्देशक भट्टराईसहित अरुणदेव जोशी र देवव्रतले लेख्नुभएको हो । चलचित्रमा आयुषी ढकाल, सुनील पोखरेल, वर्षा शिवाकोटी, विशाल पोखरेल, भोलाराज सापकोटा, जेभिन श्रेष्ठ, जेभिस श्रेष्ठलगायत कलाकारको अभिनय छ।

उनको स्वेटर

सामाजिक कथामा आधारित चलचित्र 'उनको स्वेटर' मा प्रेम, स्मृति र सम्बन्धमा आउने उतारचढावलाई प्रस्तुत गरिएको छ । अभिनेता विपिन कार्की र अभिनेतृ मिरुना मगरको मुख्य भूमिका रहेको चलचित्र वैशाख २६ गतेबाट प्रदर्शन हुँदै छ।

चलचित्रका अन्य कलाकारमा विल्सनविक्रम राई, एलेक्स पारस, परीक्षा लिम्बू, सुनील पोखरेल, माओत्से गुरुङ, सुरज तमुलगायत रहनुभएको छ । नवीन चौहानको लेखन र निर्देशनमा बनेको चलचित्र आर्टमाण्डुले निर्माण गरेको हो । चलचित्रको 'काफ्ले', 'मखमली' र 'फूल' बोलको गीत अहिले घेरै नै चर्चामा छ।

जार

साहित्यकार इन्द्रबहादुर राईको कथामा आधारित चलचित्र 'जार' उहाँको कृति 'विपना कतिपय' सङ्ग्रहमा सङ्कलित छ। कृतिमा रुद्रमान, हर्षजित र ठुली गरी तीन पात्रको कथा रहेको छ। जस अनुसार चलचित्रमा सौगात मल्ल रुद्रमान, अनुपविक्रम शाही हर्षजित र गीताञ्जली थापा ठुलीको भूमिकामा देखिनुभएको छ । भागेर अर्को विवाह गरेकी स्त्रीको दोस्रो श्रीमान्लाई पहिलो श्रीमान्ले जार भन्ने प्रचलन छ । यही जार संस्कृतिमा आधारित चलचित्र फेरी टेल पिक्चर्सले निर्माण गरेको हो । वैशाख २६ मा प्रदर्शन हुने चलचित्रका लेखक तथा निर्देशक फुर्वाछिरिङ लामा हुनुहुन्छ।

'पाउलो' चीनको अवार्डमा छनोट

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

नेपाली लघुचलचित्र 'पाउलो' (दी सुज) चीनको स्मलरिग अवार्डको छनोटमा परेको छ । विश्वभरबाट आएका तीन हजार ७९१ चलचित्रमध्ये ९८ चलचित्रबाट २० वटा चलचित्र छनोटमा परेका थिए। चीनको सेन्जेन सहरमा आगामी मे २३ देखि २५ सम्म आयोजना हुने अवार्डमा 'पाउलो' प्रदर्शन हुने भएको चलचित्रका निर्देशक मोहन अभिलाषीले जानकारी दिनुभयो।

लघुचलचित्रमा रेनुका कार्कीको कास्टिङ निर्देशन, करन साउदको सहायक निर्देशन, नारायण जिसीको छायाङ्कन र अनिलकुमार महर्जनको सम्पादन रहेको छ। लघुचलचित्र पशुपति परिसरमा बस्ने परिवारविहीन एक सडक बालकको कथा हो। जसमा सुरुदेखि अन्त्यसम्म मुख्य पात्र जुत्तालाई बनाइएको छ । ऐना आर्ट्सको प्रस्तुतिमा निर्माण भएको पाउलोको लेखन निर्देशक अभिलाषीले गर्नुभएको छ । लघुचलचित्रमा प्रशान्त हुमागाईं, सुवास सिलवाल, मोहन श्रेष्ठ, उद्धव दङ्गाल, नरेन भट्टराई, निश्चल कार्की, सम्पन्न दाहाल, लिजेश थापा, सन्देश थापा, नारायणराज चौलागाईंको अभिनय रहेको छ।

'महाभोज' को टिजर सार्वजनिक

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

चलचित्र 'महाभोज' को टिजर सार्वजनिक गरिएको छ । सामाजिक यथार्थ झल्किने टिजरमा पैसाले निम्त्याएका पारिवारिक र सामाजिक द्वन्द्वलाई प्राथमिकता दिइएको छ। गणतन्त्र दिवसका अवसरमा प्रदर्शन हुने चलचित्रको निर्देशन दिनेश राउतले गर्नुभएको छ। चलचित्रले नेपाली समाजमा विद्यमान वर्ग सङ्घर्षलाई मूल विषय बनाएको छ। चलचित्रमा आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, गौमाया गुरुङ, मलिका महत, वसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाललगायतका कलाकारको अभिनय देख्न पाइने छ । क्लक वर्क क्रिएसन र पिक्चर फ्रेमको संयुक्त व्यानरमा निर्माण भएको चलचित्रको निर्माता हिमाल कडरिया हुनुहुन्छ।

स्रष्टा सम्मानित

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

साहित्यकार पारिजातको ८८ औँ जन्मजयन्तीका अवसरमा नइ एकेडेमी अस्ट्रेलिया शाखाले सिड्नीमा साहित्यिक तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरी विभिन्न विधाका स्रष्टालाई सम्मानित गरेको छ।

कार्यक्रममा 'नइ परिजात अवार्ड, साहित्यतर्फ रामप्रसाद कोइराला तथा पत्रकारितातर्फ निरु त्रिपाठी र सीता रसाइलीलाई सम्मान प्रदान गरिएको थियो। यसै गरी १२-२४ वर्षका पाँच जनालाई 'नइ वर्ष युवा पुरस्कार २०२५' बाट सम्मानित गरियो । पुरस्कृत हुनेमा साहित्यतर्फ मोक्षदा अम्गाईं (नेपाल), गीत/सङ्गीततर्फ सन्देश पौडेल(नेपाल) नृत्यतर्फ गौरीमा रायमाझी र सिमोन सिर्पाली (अस्ट्रेलिया), खेलकुदतर्फ मिया पुन (अस्ट्रेलिया) रहनुभएको छ।

कार्यक्रममा नइ प्रकाशनकी अध्यक्ष इन्दिरा प्रसाईले भर्चुअल माध्यमबाट सम्बोधन गर्दै प्रवासमा नेपाली कलासंस्कृति जोगाउन एकेडेमीले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो । यसै गरी अन्तर्राष्ट्रिय जेसिजका पूर्वउपाध्यक्ष अनुपमान सैँजू, एन्जा अध्यक्ष कृष्ण तिवारीले प्रवासमा नेपाली भाषा, कला संस्कृतिको जगेर्नामा एकेडेमीले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो। एकेडेमीको अस्ट्रेलिया शाखाकी अध्यक्ष सीमा रोशीले एन्जाका नवनिर्वाचित अध्यक्ष तिवारीलाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो।

नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८२ साल वैशाख १० गते (अप्रिल २३, २०२५) बुधबारको विनिमय दर

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ	१०० को	रु १६०।००	रु १६०।९५

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
अमेरिकी डलर	१ को रु.	१३६।०१	१३६।६१
युरो	१ को रु.	१५६।२३	१५६।९२
पाउन्ड स्टर्लिङ	१ को रु.	१८१।९१	१८२।७२
स्विस फ्रैङ्क	१ को रु.	१६७।५८	१६८।३२
अस्ट्रेलियन डलर	१ को रु.	८७।०५	८७।४३
क्यानेडियन डलर	१ को रु.	९८।३१	९८।७४
सिङ्गापुर डलर	१ को रु.	१०४।००	१०४।४६
जापानी येन	१० को रु.	९।७०	९।७४
चिनियाँ युआन	१ को रु.	१८।६०	१८।६८
साउदी अरब रियाल	१ को रु.	३६।२६	३६।४२
कतारी रियाल	१ को रु.	३७।३१	३७।४७
थाई भाट	१ को रु.	४।०९	४।११
संयुक्त अरब इमिरेट दिराम	१ को रु.	३७।०३	३७।१९
मलेसियन रिङ्गिट	१ को रु.	३०।९७	३१।११
दक्षिण कोरियन वन	१०० को रु.	९।५४	९।५९
स्विडिस क्रोनर	१ को रु.	१४।२८	१४।३५
डेनिस क्रोनर	१ को रु.	२०।९३	२१।०२
हङ्कङ डलर	१ को रु.	१७।५३	१७।६१
कुवेती दिनार	१ को रु.	४४४।८६	४४६।८२
बहराइन दिनार	१ को रु.	३६०।८९	३६२।४८
ओमानी रियाल	१ को रु.	३५३।२३	३५४।७९

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
* वाणिज्य बैङ्कहरूले तोकने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्ककको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।



विराटनगर संस्करण | विचार | आर्थिक विकासका लागि व्यापार | फुटबलका हस्ती कार्लोस नेपालमा १६

वर्ष १२४ | अङ्क ३४५ | २०८२ साल वैशाख १० गते बुधबार | वैशाख कृष्ण दशमी | नेपाल संवत् ११४५ चौलागा १० | 2025 April 23 Wednesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

विजय यात्रामा एमाले : ओली



तस्बिर : सागर बस्नेत

प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलगायत शीर्ष नेता नेपाल कम्युनिस्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागी हुनुहुँदै ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आफूसँग असहमति नभई स्वास्थ्यका कारण राजीनामा दिएको स्पष्ट पार्नुभएको छ ।

नेपाल कम्युनिस्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले मन्त्री भट्टराईको राजीनामालाई प्रधानमन्त्रीको असहयोग र उपेक्षाका कारण भनेर बाहिर गरिएको चर्चा सत्य नभएको र उहाँको स्वास्थ्यका कारण राजीनामा दिनुभएको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले आफूले भट्टराईलाई मन्त्री बनाएको, काम सिकाइराखेको र जिम्मेवारी प्रदान गरिरहेको उल्लेख गर्नुभयो । उहाँले ठुलो मन्त्रालय भएको र अहिले स्वास्थ्य ठिक नभएर राजीनामा दिनुभएको र त्यसमा अन्य प्रचारबाजी गर्नुको कुनै अर्थ नभएको स्पष्ट पार्नुभयो । उहाँले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्वास्थ्य परीक्षणका लागि बेङ्कक गएको सन्दर्भलाई पनि सरकार ढल्छ

> एमाले अस्तित्वका निम्ति लडाइँमा नभई विजय यात्रामा रहेको छ र मिसन २०८४ बाट निर्णायक राष्ट्रिय शक्तिमा रूपान्तरण भएर आउने छ ।

भन्नेखालका हल्लासँग जोड्न खोजिएको टिप्पणी गर्दै एमाले र कांग्रेससँगको सहमतिबमोजिम १५ महिनापछि आफूले सभापति देउवालाई प्रधानमन्त्री हस्तान्तरण गर्ने दोहोऱ्याउनुभयो ।

प्रधानमन्त्री ओलीले हालै आफ्नो थाइल्यान्ड भ्रमणक्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग लामो र 'बहुत राम्रो कुराकानी भएको' अवगत गराउँदै नेपालको कुनै पनि मुलुकसँग शत्रुता नरहेको र सबैसँग मित्रता रहेको स्पष्ट गर्नुभयो । उहाँले आफ्नो उमेर र स्वास्थ्यबारे कसैले चिन्ता लिनु नपर्ने बताउनुभयो । उहाँले आफू अहिले बूढो नभएको र अस्वस्थ नरहेको पनि उल्लेख गर्नुभयो ।

"कतिपयलाई मेरो उमेर र स्वास्थ्यको चिन्ता छ । अहिले म बिरामी छैन । अबको २०/२५ वर्षपछि बूढो हुन्छु । मलाई मेरो उमेर र स्वास्थ्यका कुरा गर्नु पर्दैन । केपी ओलीबिनाको एमाले कसैले कल्पना गरेको छ भने त्यो पूरा हुँदैन," उहाँले भन्नुभयो ।

एमाले अस्तित्वका निम्ति लडाइँमा नभई विजय यात्रामा रहेको जनाउँदै मिसन २०८४ बाट निर्णायक राष्ट्रिय शक्तिमा रूपान्तरण भएर आउने उहाँले घोषणा गर्नुभयो । गणतन्त्रलाई नमुनाका रूपमा स्थापित गर्दै विकास र सुशासन तथा 'समृद्ध नेपाल सुखी नेपाली' को महान् उद्देश्यप्रति नेतृत्वको दृढता र सक्रियताले पार्टी र आन्दोलनलाई कमजोर हुन नदिने पुष्टि भइसकेको उहाँले बताउनुभयो ।

राणा शासन, पञ्चायत र निरङ्कुश राजतन्त्रसँग जुध्नुका साथै सबै प्रकारका हमला हुँदा प्रमुख शक्तिका रूपमा स्थापित भएको पार्टी एमाले भएकाले कुनै पनि प्रकारको द्विविधा मनमा नलिन र आत्मविश्वास लिन पार्टीपङ्क्तिलाई प्रधानमन्त्री ओलीले अनुरोध गर्नुभयो । उहाँले समाज बिगार्ने, राष्ट्रलाई नोक्सान गर्ने शक्तिले कम्युनिस्ट आन्दोलन ध्वस्त बनाउन षड्यन्त्रकारीबाट परिचालित भएर दुईतिहाइको अवस्थामा पुगेको पार्टीलाई विभाजन गराए पनि आफूहरूले आन्दोलनलाई पुनर्गठित बनाउँदै जनताको सबैभन्दा लोकप्रिय पार्टीमा स्थापित गराएको बताउनुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो, "२०७५ मा आइपुग्दासम्म हामीले कम्युनिस्ट पार्टीलाई झन्डै दुईतिहाइको शक्तिका रूपमा उभ्याएका थियौं । नेपालको इतिहासमा यति मजबुत शक्ति यसरी जनताबाट अनुमोदित भएर देखिएको थिएन तर केही ईर्ष्यालु व्यक्ति, केही परिचालित कठपुतली, असहिष्णु र डाहा गर्नेले कम्युनिस्ट पार्टीलाई एकताबद्ध हुन दिएनन् । उनीहरूले अर्को प्रकारको नीति अख्तियार गरेर अन्ततः पार्टी फुटाए ।"

उहाँले सरकार विकास र सुशासनको बाटोमा अगाडि बढेको बताउँदै बिग्रिएको स्थितिलाई सपार्न सजिलो नभएको र तर सुधार्ने प्रयास गरिरहेको बताउनुभयो । जनतालाई बलियो बनाउन सरकारलाई बलियो बनाउन चाहेको बताउँदै उहाँले आगामी नयाँ बजेट, नीति कार्यक्रम त्यस रूपमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । जनताले लडेर ल्याएको लोकतान्त्रिक गणतन्त्र र संविधान नमान्नेलाई एक्काइसौँ शताब्दीमा श्रीपेच लगाउने र जनतालाई हुकुमी शासन दिने राजा चाहिएको उहाँको भनाइ थियो । "जनताले ल्याएको लोकतन्त्र नमान्ने, संविधान नमान्ने, संवैधानिक राजतन्त्र खोज्ने ?" राजतन्त्रको भुलभुलैमा नभुल्न अनुरोध गर्दै उहाँले भन्नुभयो, "नयाँ शक्ति भन्नेको तमासा पनि देखिइसकियो ।"

» बाँकी पृष्ठ २ मा

नेपाल–भारत अन्तरदेशीय प्रसारण लाइन बन्ने



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत् र आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा सम्झौतापत्र आदान-प्रदान गरिँदै ।

गोपालचन्द्र सुवेदी
काठमाडौँ, वैशाख ९ गते

नेपाल र भारतबिच विद्युत् आदानप्रदानका लागि अत्यावश्यक रहँदै आएका दुई प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनाका लागि मङ्गलबार हस्ताक्षर भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत् र आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कम्पनी लिमिटेडबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

ऊर्जामन्त्री खड्काको निमन्त्रणामा दुईदिने भ्रमणका लागि खट्टरसहितको प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउनुभएको छ । सम्झौतापत्रमा नेपाल विद्युत् प्राधिकरणका निर्देशक कमल आचार्य र पावर ग्रिड लिमिटेड भारतका निर्देशक डा. यतिन्द्र द्विवेदीले संयुक्त हस्ताक्षर गर्नुभयो ।

गत माघ ३० गते भारतको नयाँदिल्लीमा सम्पन्न नेपाल–भारत सचिवस्तरीय संयुक्त निर्देशक समितिको १२ औँ बैठकमा ४०० केभीको इनरुवा–न्यु पूर्णिया र दोदोधरा–बरेली प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनासम्बन्धी काम गर्ने सहमति भएको थियो । सोही सहमति अनुसार दुई प्रसारण लाइन निर्माण गर्न नेपालतर्फ स्थापना हुने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ स्थापना हुने कम्पनीमा भारतको ५१ प्रतिशत सेयर स्वामित्व रहने व्यवस्था गरिएको छ । बाँकी ४९ प्रतिशत अर्को देशको रहने छ ।

इनरुवा–न्यु पूर्णियाको लम्बाइ नेपालतर्फ करिब २५ किलोमिटर र भारततर्फ १०० किलोमिटर छ भने दोदोधरा–बरेली प्रसारण लाइनको नेपालतर्फ करिब ३५ किलोमिटर र भारततर्फ १५० किलोमिटर रहेको छ । कार्यक्रममा ऊर्जामन्त्री खड्काले दुई देशको ऊर्जा विकासमा यो सम्झौता महत्त्वपूर्ण भएको बताउनुभयो । उहाँले यी दुई प्रसारण लाइन केवल संरचना नभई आपसी विश्वास र दिगो विकासतर्फको साझा यात्रा भएको टिप्पणी गर्नुभयो ।

मन्त्री खड्काले अरुण–३, लोअर अरुण, अरुण–४, फुकट कर्णाली, अपर कर्णाली, एसआर–६ र पश्चिम सेतीजस्ता ठुला जलविद्युत् परियोजनामा भारतको निरन्तर सहयोगप्रति आभार प्रकट गर्नुभयो । कार्यक्रममा भारतका विद्युत्मन्त्री खट्टरले दुई देशबिच ऊर्जा क्षेत्रमा भएको प्रगति भारत र नेपालको गहिरिँदो सम्बन्धको द्योतक भएको उल्लेख गर्नुभयो । उहाँले सन् २०२२ मा नेपाल–भारतबिच जारी गरिएको संयुक्त दृष्टिकोणपत्रको स्मरण गर्दै तीन प्रमुख आधार संयुक्त उत्पादन, सीमापार पूर्वाधार र विद्युत् व्यापारमा उल्लेखनीय प्रगति भएको बताउनुभयो ।

विद्युतमन्त्री खट्टरले गोरखपुर–बुटवल प्रसारण लाइन निर्माण सुरु भएसँगै नयाँ परियोजनाले द्विपक्षीय ऊर्जा सुरक्षालाई थप बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो । नेपाली विद्युत् भारतीय प्रसारण लाइन हुँदै बङ्गलादेश निर्यात हुनु ऐतिहासिक उपलब्धि भएको उहाँको भनाइ थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले नेपालमा जलविद्युत् क्षेत्रको प्रचुर सम्भावना भएको बताउनुभयो ।

यसअघि मङ्गलबार दिउँसो ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरले अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकन गर्नुभएको हाम्रा समाचारदाता सुजन बज्राचार्यले जानकारी दिनुभएको छ ।

कक्षा १२ को परीक्षा वैशाख २१ गतेसम्म स्थगित

परीक्षा स्थगित भएसँगै परीक्षार्थी तथा अभिभावकमा मानसिक तनाव थपिएको छ भने उच्च शिक्षाको वार्षिक तालिका पनि प्रभावित हुने देखिएको छ ।

सूर्यप्रसाद पाण्डे
काठमाडौँ, वैशाख ९ गते

राष्ट्रिय परीक्षा बोर्डले वैशाख ११ गतेदेखि सञ्चालन गर्ने भनेको कक्षा १२ को वार्षिक परीक्षा स्थगित गरेको छ । विद्यालयका शिक्षक कर्मचारीको असहयोगका कारण बोर्डले परीक्षा स्थगित गर्ने निर्णय गरेको हो ।

राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माका अनुसार अब परीक्षा वैशाख २१ गते आइतबारदेखि सञ्चालन हुने छ । शिक्षा ऐन माग गर्दै आन्दोलनमा रहेका सामुदायिक विद्यालयका शिक्षकले परीक्षालाई असहयोग गर्ने बताएपछि बोर्डले मङ्गलबार बिहान बैठक बसेर कर्मचारी परिचालन गरेर भए पनि परीक्षा तोकिएकै मितिमा सञ्चालन गर्ने निर्णय गरेको थियो तर बोर्डका अध्यक्षलगायतका पदाधिकारीले परीक्षा सञ्चालनसम्बन्धमा मङ्गलबार साँझै प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफल गरेको थियो । छलफलक्रममा प्रधानमन्त्री ओलीले अवस्था प्रतिकूल रहेकाले केही दिनका लागि परीक्षा स्थगित गर्न निर्देशन दिनुभएको थियो । सोही निर्देशनपछि बोर्डले औपचारिक रूपमा परीक्षा सार्ने निर्णय गरेको हो ।

परीक्षा स्थगित भएसँगै परीक्षार्थी तथा अभिभावकमा मानसिक तनाव थपिएको छ भने उच्च शिक्षाको वार्षिक तालिका पनि प्रभावित हुने देखिएको छ । बोर्डका परीक्षा नियन्त्रक शर्माका अनुसार परीक्षामा मुलुकभरबाट साढे पाँच लाख परीक्षार्थी सहभागी हुँदै छन् । परीक्षाका लागि स्वदेशमा एक हजार ५९० वटा तथा जापानमा एउटा केन्द्र तोकिएको छ । एउटा केन्द्रमा केन्द्राध्यक्षसहित कम्तीमा दस जना कर्मचारी आवश्यक पर्छ । सुरक्षाकर्मीसहित ५१ हजार कर्मचारी परिचालन गर्नुपर्ने हुन्छ तर विद्यालयका शिक्षक तथा कर्मचारीको असहयोग रहने भएका कारण सरकार परीक्षा सञ्चालनबाट पछि हटेको हो ।

कक्षा १२ मा १४२ वटा विषयको परीक्षा हुन्छ । प्रश्नपत्र हरेक दिन परीक्षा सुरु हुनुअघि केन्द्रमा ओटिपीसहित इमेलबाट पठाउने बोर्डले तयारी गरेको थियो । उक्त इमेल पाँच मिनेटमा डाउनलोड गरेर सुरक्षाकर्मीको रोहबरमा छाप्नुपर्ने छ ।

परीक्षा स्थगित हुँदा दूरगामी असर पर्ने देखिएको छ । समयमै परीक्षा नभएपछि नतिजा प्रकाशनमा ढिलाइ हुने छ । नतिजा प्रकाशन विलम्ब हुँदा विदेशी विश्वविद्यालयले स्नातक तहमा अध्ययनका लागि नेपाली विद्यार्थीलाई प्रदान गर्दै आएको छात्रवृत्ति कोटामा भर्ना हुन समस्या पर्ने छ ।

परीक्षा नियन्त्रक शर्माले भन्नुभयो, "स्वदेशी विश्वविद्यालयलाई स्नातकको भर्ना केही दिन वा महिनै ढिलो खुलाउन अनुरोध गर्न सकिएला तर विदेशी विश्वविद्यालयले हाम्रा लागि मात्रै भनेर विद्यार्थी भर्ना स्थगित गर्दैनन् । यसको गम्भीर असर नेपाली विद्यार्थीमा पर्ने छ ।" वर्षभरि पढाएको विद्यार्थीको मूल्याङ्कन पनि आफैँ गरिदिन परीक्षा नियन्त्रक शर्माले आन्दोलनरत शिक्षकलाई अनुरोध गर्नुभयो । शिक्षक आन्दोलनअघि नै परीक्षाको तालिका सार्वजनिक गरिएको हुनाले पनि शिक्षकले कक्षा १२ को परीक्षालाई सघाउनुपर्ने परीक्षा नियन्त्रक शर्माको भनाइ छ । विद्यालय शिक्षा ऐन ल्याउनुपर्ने तथा त्यसमा आफूहरूको पेसागत अधिकार सुनिश्चित हुनुपर्ने माग गर्दै विद्यालय शिक्षक तथा कर्मचारी चैत २० गतेदेखि काठमाडौँकेन्द्रित आन्दोलनमा छन् ।

साइकल लेनसहित सौराहा सडक

शालिग्राम नेपाल
चितवन, वैशाख ९ गते

चितवनको पर्यटकीय नगरी सौराहा क्षेत्रको सौन्दर्यीकरणका लागि आकर्षक सडक निर्माण गरिएको छ । रत्ननगरको टाँडीबाट दक्षिण लागेपछि चित्रसारी पुलदेखि सौराहाको मुख्य क्षेत्र जोड्ने सडक र राप्ती नदीकिनारबाट पूर्वतर्फ बछ्यौली जाने दुई सडकलाई सौन्दर्यीकरण गरिएको हो ।

सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरमातहतमा दुई खण्डमा अलग अलग निर्माण कम्पनीले सडक निर्माण गरेका छन् । साइकल लेन, फरकिलो फुटपाथ, कालोपत्रेसहितको सडक निर्माण भएको सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरका प्रमुख झपटबहादुर थापाले जानकारी दिनुभयो । करिब तीन किलोमिटर लम्बाइको सडक निर्माणपछि सौराहाको मुहारै फेरिएको पर्यटन व्यवसायीले बताएका छन् । क्षेत्रीय होटल सङ्घ सौराहाका महासचिव महेश खनालले भन्नुभयो, "अहिले निर्माण भएको सडकले यहाँ आउने पर्यटकलाई मात्र नभएर सौराहाको मुहारमा नयाँ रौनक थपेको छ । चित्रसारी पुलको दायाँबायाँ रेलिङ निर्माण, वन्यजन्तुको आकृतिसँगै आकर्षक सडकबत्ती, प्रवेशद्वार, साइकल लेनसहितको सडक र फुटपाथले यहाँको सौन्दर्य वृद्धि भएको छ ।"

चित्रसारी पुलदेखि सौराहाको प्रवेश बिन्दुसम्म एक किलोमिटरका लागि तीन करोड १७ लाख ५४ हजार ७२४ रुपियाँ बजेट खर्च भएको सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरका इन्जिनियर सुदन खतिवडाले जानकारी दिनुभयो । यहाँ दुङ्गा बिछ्याएर फुटपाथ निर्माण गरिएको छ । योसँगै साइकल चलाउनका लागि अलग्गै लेन निर्माण भइसकेको छ । दुवैतर्फ सडकमा आकर्षक पुटपाथ निर्माण गरिएको उहाँले बताउनुभयो । यसका लागि भरतपुरको शिवम् निर्माण कम्पनीले ठेक्का पाएको थियो ।

त्यस्तै गरी सौराहाको अन्तिम बिन्दु राप्ती नदीकिनारदेखि पश्चिम प्रकृति संरक्षण कोष हुँदै बछ्यौलीसम्मको करिब दुई किलोमिटर सडक पनि निर्माण भइसकेको छ । यो सडक पर्यटकमैत्री खुला फुटपाथ, साइकल लेन र फराकिलो सडकलाई रङ्गरोगन गरिएको छ । लोहनी एन्ड सन्स भरतपुरले निर्माण गरेको यो सडकको लागत १६ करोड ४८ लाख ४८ हजार ८२८ रुपियाँ रहेको इन्जिनियर खतिवडाले जानकारी दिनुभयो ।

सडक निर्माणले यहाँको सौन्दर्यमा मात्रै होइन, साइकल चढेर सौराहा क्षेत्र घुम्नका लागि पर्यटकलाई धेरै सजिलो भएको क्षेत्रीय होटल सङ्घ सौराहाका पूर्वअध्यक्ष दीपक भट्टराईले बताउनुभयो । भट्टराईले भन्नुभयो, "सौराहा हाम्रो मात्र होइन, यो स्वदेशी र विदेशी पर्यटकको केन्द्र पनि हो । यहाँ आउने पर्यटकलाई आनन्द हुने गतिविधि र उहाँहरूले चाहेको सुविधा पाउने अवस्था निर्माण हुनु आवश्यक छ, ।" विगतमा भन्दा अहिले सौराहाको रौनकै फेरिएको छ । यहाँ आउने जोकोहीले नयाँ अनुभव प्राप्त गर्न सक्ने स्थानीयको भनाइ छ ।

राप्ती नदीकिनारमा निर्माण गरिएको डिजिटल बोर्डले यहाँको सूचना दिने गर्छ । कुन स्थानमा के छ भनेर राप्तीकिनारको डिजिटल बोर्डमार्फत जानकारी पाउन सकिने भट्टराईले भन्नुभयो । राप्तीकिनारमा बाँध निर्माण गरेर त्यहींबाट सूर्यास्त, नदीमा खेल्दै गरेका घडियाल गोही, चरा, पुरानो पदमपुरको फाँटलगायत हेर्न सकिने सहज व्यवस्था मिलाइएको छ । सौराहाका आकर्षक सडकको विक्रम संवत् २०७९ माघ २८ गते निर्माण सम्झौता भएको थियो । निर्माण कम्पनीले २०८१ भित्रै निर्माण सम्पन्न गरेको हो ।



तस्बिर : शालिग्राम नेपाल

सौराहामा निर्माण पूरा भएको साइकल लेनसहितको आकर्षक सडक ।

> सडकले यहाँ आउने पर्यटकलाई मात्र नभएर सौराहाको मुहारमा नयाँ रौनक थपेको छ । चित्रसारी पुलको दायाँबायाँ रेलिङ निर्माण, वन्यजन्तुको आकृतिसँगै आकर्षक सडकबत्ती, प्रवेशद्वार, साइकल लेनसहितको सडक र फुटपाथले यहाँको सौन्दर्य वृद्धि भएको छ ।

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।



कोहलपुर संस्करण | विचार | आर्थिक विकासका लागि व्यापार | फुटबलका हस्ती कार्लोस नेपालमा १६

वर्ष १२४ | अङ्क ३४५ | २०८२ साल वैशाख १० गते बुधबार | वैशाख कृष्ण दशमी | नेपाल संवत् ११४५ चौलागा १० | 2025 April 23 Wednesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

विजय यात्रामा एमाले : ओली



तस्बिर : सागर बस्नेत

प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलगायत शीर्ष नेता नेपाल कम्युनिस्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागी हुनुहुँदै ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, वैशाख ९ गते

प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आफूसँग असहमति नभई स्वास्थ्यका कारण राजीनामा दिएको स्पष्ट पार्नुभएको छ ।

नेपाल कम्युनिस्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले मन्त्री भट्टराईको राजीनामालाई प्रधानमन्त्रीको असहयोग र उपेक्षाका कारण भनेर बाहिर गरिएको चर्चा सत्य नभएको र उहाँको स्वास्थ्यका कारण राजीनामा दिनुभएको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले आफूले भट्टराईलाई मन्त्री बनाएको, काम सिकाइराखेको र जिम्मेवारी प्रदान गरिरहेको उल्लेख गर्नुभयो । उहाँले ठुलो मन्त्रालय भएको र अहिले स्वास्थ्य ठिक नभएर राजीनामा दिनुभएको र त्यसमा अन्य प्रचारबाजी गर्नुको कुनै अर्थ नभएको स्पष्ट पार्नुभयो । उहाँले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्वास्थ्य परीक्षणका लागि बेङ्कक गएको सन्दर्भलाई पनि सरकार ढल्छ

> एमाले अस्तित्वका निम्ति लडाइँमा नभई विजय यात्रामा रहेको छ र मिसन २०८४ बाट निर्णायक राष्ट्रिय शक्तिमा रूपान्तरण भएर आउने छ ।

भन्नेखालका हल्लासँग जोड्न खोजिएको टिप्पणी गर्दै एमाले र कांग्रेससँगको सहमतिबमोजिम १५ महिनापछि आफूले सभापति देउवालाई प्रधानमन्त्री हस्तान्तरण गर्ने दोहोऱ्याउनुभयो ।

प्रधानमन्त्री ओलीले हालै आफ्नो थाइल्यान्ड भ्रमणक्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग लामो र 'बहुत राम्रो कुराकानी भएको' अवगत गराउँदै नेपालको कुनै पनि मुलुकसँग शत्रुता नरहेको र सबैसँग मित्रता रहेको स्पष्ट गर्नुभयो । उहाँले आफ्नो उमेर र स्वास्थ्यबारे कसैले चिन्ता लिनु नपर्ने बताउनुभयो । उहाँले आफू अहिले बूढो नभएको र अस्वस्थ नरहेको पनि उल्लेख गर्नुभयो ।

"कतिपयलाई मेरो उमेर र स्वास्थ्यको चिन्ता छ । अहिले म बिरामी छैन । अबको २०/२५ वर्षपछि बूढो हुन्छु । मलाई मेरो उमेर र स्वास्थ्यका कुरा गर्नु पर्दैन । केपी ओलीबिनाको एमाले कसैले कल्पना गरेको छ भने त्यो पूरा हुँदैन," उहाँले भन्नुभयो ।

एमाले अस्तित्वका निम्ति लडाइँमा नभई विजय यात्रामा रहेको जनाउँदै मिसन २०८४ बाट निर्णायक राष्ट्रिय शक्तिमा रूपान्तरण भएर आउने उहाँले घोषणा गर्नुभयो । गणतन्त्रलाई नमुनाका रूपमा स्थापित गर्दै विकास र सुशासन तथा 'समृद्ध नेपाल सुखी नेपाली' को महान् उद्देश्यप्रति नेतृत्वको दृढता र सक्रियताले पार्टी र आन्दोलनलाई कमजोर हुन नदिने पुष्टि भइसकेको उहाँले बताउनुभयो ।

राणा शासन, पञ्चायत र निरङ्कुश राजतन्त्रसँग जुध्नुका साथै सबै प्रकारका हमला हुँदा प्रमुख शक्तिका रूपमा स्थापित भएको पार्टी एमाले भएकाले कुनै पनि प्रकारको द्विविधा मनमा नलिन र आत्मविश्वास लिन पार्टीपङ्क्तिलाई प्रधानमन्त्री ओलीले अनुरोध गर्नुभयो । उहाँले समाज बिगार्ने, राष्ट्रलाई नोक्सान गर्ने शक्तिले कम्युनिस्ट आन्दोलन ध्वस्त बनाउन षड्यन्त्रकारीबाट परिचालित भएर दुईतिहाइको अवस्थामा पुगेको पार्टीलाई विभाजन गराए पनि आफूहरूले आन्दोलनलाई पुनर्गठित बनाउँदै जनताको सबैभन्दा लोकप्रिय पार्टीमा स्थापित गराएको बताउनुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो, "२०७५ मा आइपुग्दासम्म हामीले कम्युनिस्ट पार्टीलाई झन्डै दुईतिहाइको शक्तिका रूपमा उभ्याएका थियौं । नेपालको इतिहासमा यति मजबुत शक्ति यसरी जनताबाट अनुमोदित भएर देखिएको थिएन तर केही ईर्ष्यालु व्यक्ति, केही परिचालित कठपुतली, असहिष्णु र डाहा गर्नेले कम्युनिस्ट पार्टीलाई एकताबद्ध हुन दिएनन् । उनीहरूले अर्को प्रकारको नीति अख्तियार गरेर अन्ततः पार्टी फुटाए ।"

उहाँले सरकार विकास र सुशासनको बाटोमा अगाडि बढेको बताउँदै बिग्रिएको स्थितिलाई सपार्न सजिलो नभएको र तर सुधार्ने प्रयास गरिरहेको बताउनुभयो । जनतालाई बलियो बनाउन सरकारलाई बलियो बनाउन चाहेको बताउँदै उहाँले आगामी नयाँ बजेट, नीति कार्यक्रम त्यस रूपमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । जनताले लडेर ल्याएको लोकतान्त्रिक गणतन्त्र र संविधान नमान्नेलाई एक्काइसौँ शताब्दीमा श्रीपेच लगाउने र जनतालाई हुकुमी शासन दिने राजा चाहिएको उहाँको भनाइ थियो । "जनताले ल्याएको लोकतन्त्र नमान्ने, संविधान नमान्ने, संवैधानिक राजतन्त्र खोज्ने ?" राजतन्त्रको भुलभुलैमा नभुल्न अनुरोध गर्दै उहाँले भन्नुभयो, "नयाँ शक्ति भन्नेको तमासा पनि देखिइसकियो ।"

» बाँकी पृष्ठ २ मा

नेपाल–भारत अन्तरदेशीय प्रसारण लाइन बन्ने



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत् र आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा सम्झौतापत्र आदान-प्रदान गरिँदै ।

गोपालचन्द्र सुवेदी
काठमाडौँ, वैशाख ९ गते

नेपाल र भारतबिच विद्युत् आदानप्रदानका लागि अत्यावश्यक रहँदै आएका दुई प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनाका लागि मङ्गलबार हस्ताक्षर भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत् र आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कम्पनी लिमिटेडबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

ऊर्जामन्त्री खड्काको निमन्त्रणामा दुईदिने भ्रमणका लागि खट्टरसहितको प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउनुभएको छ । सम्झौतापत्रमा नेपाल विद्युत् प्राधिकरणका निर्देशक कमल आचार्य र पावर ग्रिड लिमिटेड भारतका निर्देशक डा. यतिन्द्र द्विवेदीले संयुक्त हस्ताक्षर गर्नुभयो ।

गत माघ ३० गते भारतको नयाँदिल्लीमा सम्पन्न नेपाल–भारत सचिवस्तरीय संयुक्त निर्देशक समितिको १२ औँ बैठकमा ४०० केभीको इनरुवा–न्यु पूर्णिया र दोदोधरा–बरेली प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनासम्बन्धी काम गर्ने सहमति भएको थियो । सोही सहमति अनुसार दुई प्रसारण लाइन निर्माण गर्न नेपालतर्फ स्थापना हुने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ स्थापना हुने कम्पनीमा भारतको ५१ प्रतिशत सेयर स्वामित्व रहने व्यवस्था गरिएको छ । बाँकी ४९ प्रतिशत अर्को देशको रहने छ ।

इनरुवा–न्यु पूर्णियाको लम्बाइ नेपालतर्फ करिब २५ किलोमिटर र भारततर्फ १०० किलोमिटर छ भने दोदोधरा–बरेली प्रसारण लाइनको नेपालतर्फ करिब ३५ किलोमिटर र भारततर्फ १५० किलोमिटर रहेको छ । कार्यक्रममा ऊर्जामन्त्री खड्काले दुई देशको ऊर्जा विकासमा यो सम्झौता महत्त्वपूर्ण भएको बताउनुभयो । उहाँले यी दुई प्रसारण लाइन केवल संरचना नभई आपसी विश्वास र दिगो विकासतर्फको साझा यात्रा भएको टिप्पणी गर्नुभयो ।

मन्त्री खड्काले अरुण–३, लोअर अरुण, अरुण–४, फुकट कर्णाली, अपर कर्णाली, एसआर–६ र पश्चिम सेतीजस्ता ठुला जलविद्युत् परियोजनामा भारतको निरन्तर सहयोगप्रति आभार प्रकट गर्नुभयो । कार्यक्रममा भारतका विद्युत्मन्त्री खट्टरले दुई देशबिच ऊर्जा क्षेत्रमा भएको प्रगति भारत र नेपालको गहिरिँदो सम्बन्धको द्योतक भएको उल्लेख गर्नुभयो । उहाँले सन् २०२२ मा नेपाल–भारतबिच जारी गरिएको संयुक्त दृष्टिकोणपत्रको स्मरण गर्दै तीन प्रमुख आधार संयुक्त उत्पादन, सीमापार पूर्वाधार र विद्युत् व्यापारमा उल्लेखनीय प्रगति भएको बताउनुभयो ।

विद्युतमन्त्री खट्टरले गोरखपुर–बुटवल प्रसारण लाइन निर्माण सुरु भएसँगै नयाँ परियोजनाले द्विपक्षीय ऊर्जा सुरक्षालाई थप बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो । नेपाली विद्युत् भारतीय प्रसारण लाइन हुँदै बङ्गलादेश निर्यात हुनु ऐतिहासिक उपलब्धि भएको उहाँको भनाइ थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले नेपालमा जलविद्युत् क्षेत्रको प्रचुर सम्भावना भएको बताउनुभयो ।

यसअघि मङ्गलबार दिउँसो ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरले अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकन गर्नुभएको हाम्रा समाचारदाता सुजन बज्राचार्यले जानकारी दिनुभएको छ ।

कक्षा १२ को परीक्षा वैशाख २१ गतेसम्म स्थगित

परीक्षा स्थगित भएसँगै परीक्षार्थी तथा अभिभावकमा मानसिक तनाव थपिएको छ भने उच्च शिक्षाको वार्षिक तालिका पनि प्रभावित हुने देखिएको छ ।

सूर्यप्रसाद पाण्डे
काठमाडौँ, वैशाख ९ गते

राष्ट्रिय परीक्षा बोर्डले वैशाख ११ गतेदेखि सञ्चालन गर्ने भनेको कक्षा १२ को वार्षिक परीक्षा स्थगित गरेको छ । विद्यालयका शिक्षक कर्मचारीको असहयोगका कारण बोर्डले परीक्षा स्थगित गर्ने निर्णय गरेको हो ।

राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माका अनुसार अब परीक्षा वैशाख २१ गते आइतबारदेखि सञ्चालन हुने छ । शिक्षा ऐन माग गर्दै आन्दोलनमा रहेका सामुदायिक विद्यालयका शिक्षकले परीक्षालाई असहयोग गर्ने बताएपछि बोर्डले मङ्गलबार बिहान बैठक बसेर कर्मचारी परिचालन गरेर भए पनि परीक्षा तोकिएकै मितिमा सञ्चालन गर्ने निर्णय गरेको थियो तर बोर्डका अध्यक्षलगायतका पदाधिकारीले परीक्षा सञ्चालनसम्बन्धमा मङ्गलबार साँझै प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफल गरेको थियो । छलफलक्रममा प्रधानमन्त्री ओलीले अवस्था प्रतिकूल रहेकाले केही दिनका लागि परीक्षा स्थगित गर्न निर्देशन दिनुभएको थियो । सोही निर्देशनपछि बोर्डले औपचारिक रूपमा परीक्षा सार्ने निर्णय गरेको हो ।

परीक्षा स्थगित भएसँगै परीक्षार्थी तथा अभिभावकमा मानसिक तनाव थपिएको छ भने उच्च शिक्षाको वार्षिक तालिका पनि प्रभावित हुने देखिएको छ । बोर्डका परीक्षा नियन्त्रक शर्माका अनुसार परीक्षामा मुलुकभरबाट साढे पाँच लाख परीक्षार्थी सहभागी हुँदै छन् । परीक्षाका लागि स्वदेशमा एक हजार ५९० वटा तथा जापानमा एउटा केन्द्र तोकिएको छ । एउटा केन्द्रमा केन्द्राध्यक्षसहित कम्तीमा दस जना कर्मचारी आवश्यक पर्छ । सुरक्षाकर्मीसहित ५१ हजार कर्मचारी परिचालन गर्नुपर्ने हुन्छ तर विद्यालयका शिक्षक तथा कर्मचारीको असहयोग रहने भएका कारण सरकार परीक्षा सञ्चालनबाट पछि हटेको हो ।

कक्षा १२ मा १४२ वटा विषयको परीक्षा हुन्छ । प्रश्नपत्र हरेक दिन परीक्षा सुरु हुनुअघि केन्द्रमा ओटिपीसहित इमेलबाट पठाउने बोर्डले तयारी गरेको थियो । उक्त इमेल पाँच मिनेटमा डाउनलोड गरेर सुरक्षाकर्मीको रोहबरमा छाप्नुपर्ने छ ।

परीक्षा स्थगित हुँदा दूरगामी असर पर्ने देखिएको छ । समयमै परीक्षा नभएपछि नतिजा प्रकाशनमा ढिलाइ हुने छ । नतिजा प्रकाशन विलम्ब हुँदा विदेशी विश्वविद्यालयले स्नातक तहमा अध्ययनका लागि नेपाली विद्यार्थीलाई प्रदान गर्दै आएको छात्रवृत्ति कोटामा भर्ना हुन समस्या पर्ने छ ।

परीक्षा नियन्त्रक शर्माले भन्नुभयो, "स्वदेशी विश्वविद्यालयलाई स्नातकको भर्ना केही दिन वा महिनै ढिलो खुलाउन अनुरोध गर्न सकिएला तर विदेशी विश्वविद्यालयले हाम्रा लागि मात्रै भनेर विद्यार्थी भर्ना स्थगित गर्दैनन् । यसको गम्भीर असर नेपाली विद्यार्थीमा पर्ने छ ।" वर्षभरि पढाएको विद्यार्थीको मूल्याङ्कन पनि आफैँ गरिदिन परीक्षा नियन्त्रक शर्माले आन्दोलनरत शिक्षकलाई अनुरोध गर्नुभयो । शिक्षक आन्दोलनअघि नै परीक्षाको तालिका सार्वजनिक गरिएको हुनाले पनि शिक्षकले कक्षा १२ को परीक्षालाई सघाउनुपर्ने परीक्षा नियन्त्रक शर्माको भनाइ छ । विद्यालय शिक्षा ऐन ल्याउनुपर्ने तथा त्यसमा आफूहरूको पेसागत अधिकार सुनिश्चित हुनुपर्ने माग गर्दै विद्यालय शिक्षक तथा कर्मचारी चैत २० गतेदेखि काठमाडौँकेन्द्रित आन्दोलनमा छन् ।

साइकल लेनसहित सौराहा सडक

शालिग्राम नेपाल
चितवन, वैशाख ९ गते

चितवनको पर्यटकीय नगरी सौराहा क्षेत्रको सौन्दर्यीकरणका लागि आकर्षक सडक निर्माण गरिएको छ । रत्ननगरको टाँडीबाट दक्षिण लाग्नेपछि चित्रसारी पुलदेखि सौराहाको मुख्य क्षेत्र जोड्ने सडक र राप्ती नदीकिनारबाट पूर्वतर्फ बछ्यौली जाने दुई सडकलाई सौन्दर्यीकरण गरिएको हो ।

सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरमातहतमा दुई खण्डमा अलग अलग निर्माण कम्पनीले सडक निर्माण गरेका छन् । साइकल लेन, फरकिलो फुटपाथ, कालोपत्रेसहितको सडक निर्माण भएको सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरका प्रमुख झपटबहादुर थापाले जानकारी दिनुभयो । करिब तीन किलोमिटर लम्बाइको सडक निर्माणपछि सौराहाको मुहारै फेरिएको पर्यटन व्यवसायीले बताएका छन् । क्षेत्रीय होटल सङ्घ सौराहाका महासचिव महेश खनालले भन्नुभयो, "अहिले निर्माण भएको सडकले यहाँ आउने पर्यटकलाई मात्र नभएर सौराहाको मुहारमा नयाँ रौनक थपेको छ । चित्रसारी पुलको दायाँबायाँ रेलिङ निर्माण, वन्यजन्तुको आकृतिसँगै आकर्षक सडकबत्ती, प्रवेशद्वार, साइकल लेनसहितको सडक र फुटपाथले यहाँको सौन्दर्य वृद्धि भएको छ ।"

चित्रसारी पुलदेखि सौराहाको प्रवेश बिन्दुसम्म एक किलोमिटरका लागि तीन करोड १७ लाख ५४ हजार ७२४ रुपियाँ बजेट खर्च भएको सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरका इन्जिनियर सुदन खतिवडाले जानकारी दिनुभयो । यहाँ दुङ्गा बिछ्याएर फुटपाथ निर्माण गरिएको छ । योसँगै साइकल चलाउनका लागि अलग्गै लेन निर्माण भइसकेको छ । दुवैतर्फ सडकमा आकर्षक पुटपाथ निर्माण गरिएको उहाँले बताउनुभयो । यसका लागि भरतपुरको शिवम् निर्माण कम्पनीले ठेक्का पाएको थियो ।

त्यस्तै गरी सौराहाको अन्तिम बिन्दु राप्ती नदीकिनारदेखि पश्चिम प्रकृति संरक्षण कोष हुँदै बछ्यौलीसम्मको करिब दुई किलोमिटर सडक पनि निर्माण भइसकेको छ । यो सडक पर्यटकमैत्री खुला फुटपाथ, साइकल लेन र फराकिलो सडकलाई रङ्गरोगन गरिएको छ । लोहनी एन्ड सन्स भरतपुरले निर्माण गरेको यो सडकको लागत १६ करोड ४८ लाख ४८ हजार ८२८ रुपियाँ रहेको इन्जिनियर खतिवडाले जानकारी दिनुभयो ।

सडक निर्माणले यहाँको सौन्दर्यमा मात्रै होइन, साइकल चढेर सौराहा क्षेत्र घुम्नका लागि पर्यटकलाई धेरै सजिलो भएको क्षेत्रीय होटल सङ्घ सौराहाका पूर्वअध्यक्ष दीपक भट्टराईले बताउनुभयो । भट्टराईले भन्नुभयो, "सौराहा हाम्रो मात्र होइन, यो स्वदेशी र विदेशी पर्यटकको केन्द्र पनि हो । यहाँ आउने पर्यटकलाई आनन्द हुने गतिविधि र उहाँहरूले चाहेको सुविधा पाउने अवस्था निर्माण हुनु आवश्यक छ, ।" विगतमा भन्दा अहिले सौराहाको रौनकै फेरिएको छ । यहाँ आउने जोकोहीले नयाँ अनुभव प्राप्त गर्न सक्ने स्थानीयको भनाइ छ ।

राप्ती नदीकिनारमा निर्माण गरिएको डिजिटल बोर्डले यहाँको सूचना दिने गर्छ । कुन स्थानमा के छ भनेर राप्तीकिनारको डिजिटल बोर्डमार्फत जानकारी पाउन सकिने भट्टराईले भन्नुभयो । राप्तीकिनारमा बाँध निर्माण गरेर त्यहींबाट सूर्यास्त, नदीमा खेल्दै गरेका घडियाल गोही, चरा, पुरानो पदमपुरको फाँटलगायत हेर्न सकिने सहज व्यवस्था मिलाइएको छ । सौराहाका आकर्षक सडकको विक्रम संवत् २०७९ माघ २८ गते निर्माण सम्झौता भएको थियो । निर्माण कम्पनीले २०८१ भित्रै निर्माण सम्पन्न गरेको हो ।



तस्बिर : शालिग्राम नेपाल

सौराहामा निर्माण पूरा भएको साइकल लेनसहितको आकर्षक सडक ।

सडकले यहाँ आउने पर्यटकलाई मात्र नभएर सौराहाको मुहारमा नयाँ रौनक थपेको छ । चित्रसारी पुलको दायाँबायाँ रेलिङ निर्माण, वन्यजन्तुको आकृतिसँगै आकर्षक सडकबत्ती, प्रवेशद्वार, साइकल लेनसहितको सडक र फुटपाथले यहाँको सौन्दर्य वृद्धि भएको छ ।